# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गौतम बुद्धको जन्मस्थल नेपाल विश्वमानचित्रमा एक सानो शान्तिप्रिय देशको रुपमा विश्वसामु परिचित छ । विश्वसामु नेपाल र नेपालीको गौरव भनेको नै नेपालको प्राकृतिक मनोरम सुन्दरता हो । प्राकृतिक सुन्दर नगरी पोखरा विश्वमा नै प्राकृतिक उपहारको रुपमा परिचित छ भने अर्को तिर उत्तरी नेपालको सेताम्य हिमश्रृंखलाहरुको प्राकृतिक सुन्दरताले भरिपूर्ण विश्वलाई नै आकर्षक गरिरहेको छ । यही हिम सृङ्खलाहरु मध्येका विश्वका सर्वोच्च शिखर सगरमाथा नेपाल र नेपालीहरुको पहिचानको प्रतीकको रुपमा विश्वमा परिचित छ । यसका अलावा प्राकृतिक मनमोहक ताल-तलैया, झर्ना, छहरा नदिनाला, खोला, पहरा, पहाडै ढाक्ने गरी फुल्ने राष्ट्रिय फूल लाली गुराँस नेपाल र नेपालीहरुको अमूल्य प्राकृतिक उपहारहरु हुन् ।

प्राकृतिक विविधताले भरिपूर्ण नेपाल मुख्यतया हिमाल, पहाड, तराई गरी तीन भागमा विभाजित छ । जसरी नेपाल प्राकृतिक विविधताले सम्पन्न छ । त्यसैगरी यो देश विविध जातजाति भाषाभाषी धर्म संस्कृतिले पनि भरिपूर्ण रहेको पाइन्छ । यी विविध जातजातिहरु मध्येका किरात राई जाति पनि आफ्नै मौलिक संस्कृति भएको एक जाति हुन् ।

कुनै पनि समुदाय वा जातिको धर्म, संस्कार सामाजिक रहन सहन परम्परा, भाषा संस्कृति, ऐतिहासिक पक्ष आदिको उल्लेख गर्नु भन्दा अगाडि सो समुदाय वा जातिको ऐतिहासिक पक्षको जानकारी लिन अपरिहार्य देखिन्छ । यो शोधपत्र किरात

राईहरुको परम्परागत संस्कारभित्र पर्ने महान् चाड 'साकेवा' को विषयमा सम्बन्धित रहेको छ ।

किरात राई जातिहरुको विभिन्न चाडहरुमध्ये 'साकेवा चाड' लाई पवित्र चाडको रुपमा लिइन्छ । यो वर्षको दुईपटक उधौली (दोङदावा) र उभौली (दोङवाङा) नामले मनाउने गरिन्छ । प्रकृति प्रेमी किरातहरुले आफ्नो संस्कार अनुसार अन्नबाली लगाउने बेलालाई उभौली अर्थात् बैशाखे पूर्णिमा र अन्नबाली भित्र्याउने समय अर्थात् मंसिरे पूर्णिमालाई उधौली भन्ने गर्दछन् । मूलतः उभौली, उधौली 'साकेवा पूजा' आफ्नो पूर्खाहरुको मृत आत्माहरुलाई खुसी पार्न र प्रकृतिलाई खुशी पार्न यस पूजामा सर्वप्रथम पानीको मुहानलाई पुजिन्छ त्यस पश्चात् चूल्होलाई पुजिन्छ र चुल्हो पुजिसकेपछि प्रकृति देवी देवतालाई निश्चित देवीथानमा गएर नाक्छोङ्ग (धामी) बाट प्रकृति देवी पुज्ने गरिन्छ । प्रकृति भन्नाले भूमि, आकाश, खोलानाला, तालतलैया, वायु, जीब जीवाङ्ग साथै बोटविरुवाहरुलाई जनाउँछन् ।

पितृ भन्नाले किरातराईहरुको धर्म संस्कार अनुसार अकालमै मृत्यु नभएर विधि विधान अनुसार वा उमेर पूरा भएर मृत्यु भएकालाई पितृ भनिन्छ । किरातहरुको पवित्र 'साकेवा चाड' लाई अर्को शब्दमा भन्नुपर्दा प्रकृतिक पुजन मानिन्छ । धर्ती हामी सबैको 'जननी' मानिन्छ । जे जति क्रिया प्रतिक्रिया हुन्छ यही धर्ती माथि नै हुने गर्दछ । यसै भूमिमा प्रदत्त अन्न जलबाट हाम्रो जीवन निर्वाह भइरहेको छ । 'साकेवा चाड' मा नाच नाचेर सहकालकी देवी प्रसन्न भएर प्रशस्त अन्नबाली उत्पादन भई अनिकाल हटाउँछिन् भन्ने विश्वास छ । शिलीमाहाङ्गपा (साकेवा नाँचको नेतृत्व गर्ने मुख्य पुरुष) र शिलीमाहाङ्गमा (साकेवानाचको नेतृत्व गर्ने मुख्य महिला) को नेतृत्वमा काँधमा ढोल, शिरमा मयुरको प्वाँख, हातमा झ्याम्टा, चमार र स्याउली लिएर विभिन्न प्रकृतिका शिलीहरुमा नाच्ने गरिन्छ । उधौली र उभौली पूजा गर्नुको उद्देश्य नै प्रकृति देवी खुशी भइरहन् र प्रकृति देवी दाहिनो होउन् भनेर वरदान/शक्ति माग्नु नै हो । साकेवा राई समुदायभित्रका बान्तवाको अतिरिक्त चाम्लिङ्ग, थुलुङ्ग, कुलुङ आदिले पनि

धुमधामका साथ मनाउने गर्दछन् । मुलुक बाहिर र मुलुक भरी छरिएर रहेका किरात राईंहरुको महत्वपूर्ण चाड भएता पनि प्रस्तुत शोधकार्य भोजपुर जिल्लाको दिल्पा नागी गा.वि.स. मा बसोबास गर्ने किरात राई बान्तवा समुदायलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ ।

## १.२ समस्याको कथन

नेपालको आदिवासीहरु मध्येका किरात राई जाति प्रमुख आदिवासी हुन् । आफ्नो उत्पत्तिकालदेखि नै धर्म संस्कृति र परम्परामा विश्वास राख्ने यो जातिले आज पनि आफ्नो संस्कृतिलाई जोगाइ राख्न विभिन्न चाडवाडहरु मनाउँदै आइरहेको पाइन्छ । कुनै पनि जातिको अस्तित्व उसको धर्म, संस्कार, रीतिरिवाज, परम्परामा अडेको हुन्छ । यी विभिन्न संस्कारहरुले नै पृथक जातिय पहिचान झल्काइरहेको हुन्छ । नेपाल विश्वमा नै बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक मुलुक भएकोले प्रत्येक जात जातिहरुको मौलिक, सांस्कृतिक गरिमा कायम रहेको देशको रुपमा परिचित छ ।

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हाल यस समुदायमा परम्परागत धार्मिक, साँस्कृतिक मूल्य मान्यतामा केही कमी आएको महशुस गरी यस समुदायभित्र परिवर्तित परिवेशसँग सांस्कृतिक विचलनहरु पनि देखा पर्न थालेका छन् । साकेवा चाडको ऐतिहासिक, सांस्कृतिक र जिविकोपार्जनसँग सम्बन्धित तथा सामाजिक सद्भाव, सामाजिक एकता गर्ने जस्ता पक्षको पनि अध्ययन भएको पाइँदैन । त्यसकारण यस शीर्षक अन्तर्गत यी पक्षहरुको अध्ययन अनुसन्धान गर्न आवश्यक महशुस गरी अध्ययन अनुसन्धान गरिएको छ ।

किरात पूर्खाहरुले मानव विकासक्रमको पहिलो चरणमा आफूलाई प्राकृतिक वातावरणसँग समायोजन गराउने क्रममा जे जस्ता क्रियाकलापहरु सञ्चालन गरेका थिए, तिनै क्रियाकलापहरु मध्येका जीवन उपयोगी पक्षहरुलाई निरन्तरता दिनेक्रमको एक उपजको रुपमा 'साकेवा चाड' को उत्पत्ति भएको मानिन्छ । किरात इतिहास जति पुरानो छ, 'साकेवा चाड' पनि त्यति नै पुरानो मानिन्छ । 'साकेवा चाड' को विषयमा

किरात लेखकहरुले विभिन्न समयमा प्रकाशित गरेका पुस्तक, पत्रपत्रिका, लोककथा आदिमा यसको उत्पत्तिको विषयमा लेखहरु लेखेका छन् जसमा साकेवाको बारेमा स्पष्टता जानकारी तथा तिथीमितिहरु पाउन सकिँदैन् । त्यसैले यस सम्बन्धी थप अध्ययन अनुसन्धान गर्नु आवश्यक छ र साकेवाको बारेमा सत्य तथ्य जानकारी आम किरात राई समुदायहरुमा ल्याउन त्यतिकै महत्वपूर्ण छ ।

किरात राई समुदायहरुले मनाउँदै आइरहेको 'साकेवा चाड' केवल एउटा चाड या मनोरञ्जन दिने चाड मात्र होइन यो त आम किरात राई समुदायहरुको पिता, पूर्खाहरुले परापूर्वकालबाट अँगाल्दै आइरहेको पेशा, कार्य, रीतिरिवाज, परम्परा आदिका प्रतिविम्ब हुन् । कुनै पनि समाज, संस्कृति रीतिरिवाजको विगत तथा वर्तमान हुन्छ र त्यसको भविष्य पनि । त्यसैले 'साकेवा चाड' ले पनि प्राचीन किरात पूर्खाहरुले अँगाल्दै आएका विभिन्न चालचलन, रीतिरिवाज, धर्म संस्कार आदिलाई वर्तमानका किरात राई जनसमुदायहरु समक्ष निरन्तर जोड्ने पुलको रुपमा काम गरिरहेको छ भने भविष्यका भावी पिढीहरुलाई पनि वर्तमान किरात समुदायहरुको धर्म, संस्कार रीतिरिवाज, परम्परा आदिलाई निरन्तर रुपमा हस्तान्तरण गर्ने कार्यमा यसले सहयोग गर्दछ । यिनै पक्षहरुले गर्दा 'साकेवा चाड' को थप अध्ययन गरी वस्तुस्थिति तथा यथार्थ पक्ष झल्काउनु प्रस्तुत शोधकार्यको ध्येय हो ।

मानव विकासक्रम सरलबाट जटिल, अपूर्णताबाट पूर्णता अनिश्चितताबाट निश्चितता एक रुपताबाट, बहुरुपता जस्ता प्रक्रियामा निरन्तर रुपान्तरण भइरहन्छ । त्यस्तै किरात राई समुदायहरु पनि मानव विकास क्रमको विभिन्न चरणहरु पार गर्दै वर्तमान अवस्थामा आइपुगेका छन् । वर्तमान अवस्थामा किरात राई समुदायहरुले अँगाल्दै आइरहेका विभिन्न जिविकोपार्जन कार्यसँग 'साकेवा चाड' ले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गहिरो सम्बन्ध राखेको पाइन्छ । जसमा अब अन्नबाली लगाउने समय भयो, हावापानी अन्नबाली अनुकूल बनाई दिनु पऱ्यो, हावाहुरीले अन्नबाली नोक्सान नगरुन् भन्दै किरात पूर्खाहरु लगायत प्राकतिक देवी देवतालाई पूजा गर्ने गर्दछन् । त्यस्तै अर्कोतिर यो समयमा किरात राईहरुको तल्लो वस्तीहरुमा अन्नबाली लगाउने समय भएको हुनाले त्यो बेला गाई वस्तुहरु लेखतिर गोठमा निकालिन्छ, जुन किरात

राई समुदायहरुको जीवन पद्धतिसँग नजिकको सम्बन्ध रहेको हुन्छ । त्यस्तै मंसीरे पूर्णिमामा मनाइने 'साकेवा चाड' मा नयाँ अन्नवालीलाई थन्काइने कार्य गरिन्छ, त्यो बेला नयाँ अन्न बाली प्रयोगमा ल्याउनु भन्दा अगाडि किरात पूर्खाहरु लगायत प्राकृतिक देवी देवताहरुलाई चढाई सकेपछि मात्र नयाँ अन्नबाली मानिसले उपभोग गर्दछन् । त्यो बेलामा किरात राई समुदाय बसोबास गर्ने तल्लो भूभागहरुमा अन्नबाली उठाइ सकेपछि खुल्ला हुन्छ र गाई वस्तुहरुलाई प्रशस्त मात्रमा चरण क्षेत्रहरु पनि हुने भएकोले साथै खेतबारीमा मलजलको आवश्यकता पर्ने भएकोले लेखतिरबाट तलतिर गाई वस्तुहरु झार्ने कार्य गरिन्छ । त्यसैले 'उधौली सेवा' भनेर पनि त्यो बेलाको 'साकेवा चाड' लाई भन्ने गरिन्छ । जुन यी प्रक्रियाहरु आम किरात राईहरुको जिविकोपार्जनसँग घनिष्ट सम्बन्ध रहेकोले साकेवा चाडको थप गहन अध्ययन गर्नु आवश्यक छ ।

किरात राई समुदायहरुलाई परापूर्वकालबाट निरन्तर रुपमा वर्तमान अवस्थासम्म अगाडि बढ्नका लागि विभिन्न सामाजिक, धार्मिक तथा साँस्कृतिक इकाइहरुले आ-आफ्नो कार्यको माध्यमबाट सहयोग गरिरहेका छन् । त्यसैगरी 'साकेवा चाड' मा विभिन्न स-साना क्रियाकलापहरुले आम किरात समुदायहरुलाई एकताको सुत्रमा बाँधी, यी जातिहरुको अस्तित्व कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छन् । 'साकेवा चाड' को माध्यमबाट लामो समयसम्म भेटघाट नभएका आ-आफ्नो नातागोता इष्टमित्र, दाजुभाई-दिदीबहिनीहरु मामा भाञ्जा, छोरी बुहारी र नाताकुटुम्ब विचमा भेटघाट गराई सुमधुर सम्बन्ध विस्तार गर्नमा यस चाडले सहयोग गरिरहेको पाइन्छ । जसलाई R.K. Merton ले भने जस्तै प्रकट कार्य (Manifest Function) नाच्नु, गाउनु, भेटघाट गर्नुको रुपमा लिन सकिन्छ भने 'साकेवा चाड' को लुप्त कार्य (Latent function) अन्तर्गत सम्बन्ध सुधार आत्मविश्वास एक पुस्ताबाट यो चाड अर्को पुस्तामा हस्तान्तरण गर्नु यो पूजा गरिसकेपछि आत्मविश्वास बलियो भई कार्य गर्ने हौसला बढ्नु, नयाँ कामको सुरुवात गर्नु आदि पर्दछन् ।

यसरी 'साकेवा चाड' ले छरछिमेक, घरपरिवार नाता सम्बन्ध, विवाह प्रणाली, आदि पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुनाले 'साकेवा चाड' लाई महत्वका साथ सुक्ष्म रुपमा अध्ययन अनुसन्धान गरी यो शोधपत्र तयार गरिएको छ ।

किरात राई जातिको आफ्नो ऐतिहासिक तथा परम्परागत मौलिक संस्कृति जोगाइ राख्नु वा संरक्षण गर्न सक्नु पनि ठूलो चुनौतिको विषय बन्न पुगेको छ । राष्ट्रको धरोहरका रुपमा रहेको राई जातिको साकेवा चाडको आफ्नै मौलिकता र साङ्केतिक महत्व रहेको छ । यी यस्ता चाडबाड, पूजाआजा, एवं संस्कारहरुको सम्बर्द्धन गर्नुपर्ने टड्कारो आवश्यकता महशुस गरी उक्त शोधकार्य तयार गरिएको हो । यी र यस्ता सांस्कृतिक पृष्ठका अध्ययन अनुसन्धानले संस्कृति र संस्कारलाई युगौंसम्म जोगाइ राख्न मद्दत पुऱ्याउने हुनाले किरात राई जातिको पवित्र चाड 'साकेवा' का बारेमा पनि समाजशास्त्रीय रुपमा गहन अध्ययनको खाँचो रहेको छ । संस्कृति राष्ट्रको गहना हो साथै सम्पत्ति पनि । यी यस्ता महत्वपूर्ण संस्कार र संस्कृतिलाई जोगाई राख्न आज प्रत्येक नेपालीको दायित्व पनि हो । त्यसैले यो अध्ययन अनुसन्धानमा भिन्न भिन्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(१) 'साकेवा चाड' को धार्मिक महत्व के छ ?

(२) 'साकेवा चाड' को सांस्कृतिक, सामाजिक, आर्थिक महत्व के छ ?

(३) 'साकेवा' शिली र किरात उत्पत्ति विचमा के कस्तो सम्बन्ध छ ?

(४) वर्तमान अवस्थामा 'साकेवा चाड' को कस्तो सान्दर्भिकता छ ?

(५) 'साकेवा चाड' को किन संरक्षण र संवर्द्धन गर्नुपर्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धानको केही न केही उद्देश्य हुन्छ । उद्देश्य बिनाको कुनै पनि अधययन अनुसन्धान हुन सक्दैन । त्यस्तै यो शोध अध्ययन पनि नागी गा.वि.स. मा परापूर्वकालबाट बसोबास गर्दै आइरहेका किरात राई वान्तवाहरुले

मनाउँदै आइरहेको 'साकेवा चाड' को विषयमा विस्तृत अध्ययन गर्नु हो । प्रस्तुत शोधकार्यको मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।

(१) 'साकेवा चाड' को सामाजिक, आर्थिक, धार्मिक, महत्व प्रकाश पार्ने ।

(२) साकेवा चाडको हालको पद्धतिको पहिचान गर्ने ।

(३) विगत र वर्तमान अवस्थामा 'साकेवा चाड' मा देखिएका परिवर्तनहरुको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपालमा परापूर्वकालबाट बसोबास गर्दै आइरहेका बहुधार्मिक, बहुसंस्कृति, बहुभाषिक मानिएका आदिवासीहरु यस देशका मौलिक परिवेश भएका प्राचीन आदिम वासी हुन् । हिमाल, पहाड, तराई जुन क्षेत्रमा बसोबास गर्दै आइरहेको भए पनि यी आदिवासीहरुले समाजमा सरल र सहज रुपमा आफ्नो संस्कृतिलाई परापूर्वकालबाट डोऱ्याउँदै आइरहेका छन् । यसरी कुनै पनि क्षेत्र वा भूभागमा बसोबास गर्ने आदिवासीहरुको पहिचान दिने भिन्न भिन्नै धर्म संस्कार, चाड पर्व भेषभूषा आदि नै उनीहरुको मौलिक पहिचानको रुपमा रहेका सम्पत्ति हुन् । भिन्न भिन्न समुदाय विचमा आ-आफ्नो अस्तित्व पहिचान कायम राख्दै समाजमा शान्ति, सद्भाव एवं समाजलाई एकताको सुत्रमा बाँधी समाजमा सुमधुर सम्बन्ध कायम राख्न यिनीहरुको विशेष महत्व रहेको देखिन्छ ।

यसरी समाजलाई एकताबद्ध गरी सरल र सहज रुपमा अगाडि बढाई रहेका समुदायहरु मध्येका एक किरात राई समुदाय पनि हो । तर आज विश्वमा देखिरहेका वैज्ञानिक चमत्कारीपूर्ण आविष्कारहरुले विश्वलाई नै सानो घेराभित्र सीमित गरिदिएको अवस्थामा मुख्यतया विकासोन्मुख राष्ट्रहरुको धर्म, संस्कार, परम्परा धरापमा पर्दै जानेक्रम जारी छ । किरात राई समुदायको चाडवाड धर्म संस्कारहरुमा पनि पाश्चात्य संस्कार संस्कृति तथा अन्य प्रभावका कारण यस समुदायको धर्म संस्कृति दिन प्रतिदिन लोपोन्मुख अवस्थामा पुगेको छ । आज किरात राई भनेर चिनाउने

धर्म संस्कृति धरापमा पर्नु भनेको यो समुदायको अस्तित्व नै संकटमा पर्नु हो । किरात समुदाय अरुभन्दा किन फरक छ ? भन्ने प्रश्नको उत्तर नै उसको चाडवाड धर्म संस्कृति, धार्मिक मूल्यमान्यता भेषभूषा आदि पक्षमा देखिने फरकपनले दिने गर्दछ । त्यसैले यिनीहरुको धर्म, संस्कार, चाँडपर्व, रीतिरिवाज आदि पक्षको अध्ययन हुन वर्तमान परिप्रेक्ष्यमा अपरिहार्य रहेकाले प्रस्तुत शोधकार्य उपयुक्त सिद्ध मानिन्छ ।

यस शोधपत्रमा किरात राई वान्तवाहरुको जीवन पद्धतिसँग जोडिएको 'साकेवा चाड' मा गरिने विभिन्न कार्यहरु विगत देखि वर्तमान अवस्थासम्म आइपुग्दा कसरी परिवर्तन हुँदै आएका छन् ? त्यो पक्ष बुझ्न भावी पुस्ताहरुलाई मद्दत मिल्ने छ । त्यस्तै यस शोधपत्रमा किरात राई वान्तवाहरुको परिचयदेखि 'साकेवा चाड' र त्यसभित्र विधिपूर्ण गरिने विभिन्न क्रियाकलाप जुन यस समुदायको जीवन पद्धतिसँग सम्बन्धित छ, जसको सत्य तथ्य रुपमा सुक्ष्म, सहभागीपूर्ण अध्ययन हुने भएकोले उक्त शोधपत्र, किरात राई (वान्तवा) प्रति चासो राख्ने व्यक्ति, संघसंस्था, सरकारी नीतिनिर्माणकर्ता, विकास योजना आयोगहरु, दातृ निकाय आदिलाई किरात राई वान्तवाहरुको सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक आदि पक्ष बुझ्न महत्वपूर्ण हुनेछ ।

# परिच्छेद दुई

# सन्दर्भ साहित्य समिक्षा

## २.१ सन्दर्भ साहित्यको अध्ययन

नेपालमा १०१ जाति र ९२ भाषाभाषीको पहिचान भएको छ । जसमा किरात राई जाति पनि मंगोल उद्भवका प्राचीन जाति मानिन्छन् । यस जातिको बसोबास विशेष गरेर पूर्वी नेपालको पहाडी जिल्लाहरु भोजपुर, खोटाङ्ग, ओखलढुंगा, धनकुटा, संखुवासभा, उदयपुर र सोलुखुम्बुमा सघन रुपमा रहेको पाइन्छ । यस जातिका आफ्नै भेषभूषा, रहनसहन, पेशा तथा संस्कार र संस्कृतिहरु रहेका छन् । किरात समुदायभित्रको राई जातिको आफ्नो छुट्टै पहिचान र संस्कार सदियौ देखि रहि आएको पाइन्छ । होचा कदका हट्टा कट्टा देखिने यी जाति विशेष गरेर सरकारी क्षेत्रमा भन्दा ब्रिटिश आर्मी र इन्डियन आर्मीमा बढी बाहूल्यता रहेको पाइन्छ । 'मुन्दुम्' लाई आफ्नो मूल धर्म ग्रन्थ, बेद मान्ने यो जातिले प्रकृतिलाई पुज्नु आफ्नो मुख्य धर्म मान्दछन् ।

किरात राईहरु नेपालको आदिवासी मध्येका एक प्राचीन जाति हुन् । मानवशास्त्रीहरुले मानव समुदायलाई विभिन्न नश्लमा विभाजन गरे अनुसार यिनीहरु मंगोलाइट नश्लभित्र पर्दछन् । यी समुदायले नेपालको इतिहासमा ३२ पुस्ता लामो समयसम्म राज्य संचालन गरेका थिए । जातिभेद, लिङ्गभेद, वर्गभेद र वर्णभेदका विरोधी किरात राईहरुको प्रथम राजा यलम्बर हुन् । उनले गोपालवंशी राजा भुवनसिंह माथि विजय प्राप्त गरी उपत्यकामा किरात राज्यको सुरुवात गरेका थिए । त्यस्तै काठमाडौं उपत्यकाको अन्तिम राजाको रुपमा योक्नेहाङ्गलाई मान्दछन् । याक्नेहाङ्गलाई लिच्छवि वंशका भूमिवर्माको नेतृत्वले हराएका थिए । त्यसपछि योक्नेहाङ्ग काठमाडौंबाट पूर्व बनेपामा गएर राज्य सञ्चालन गर्न थालेका थिए (शर्मा, २०६४: १२) । तत् पश्चात् विभिन्न समयमा भएका अस्थिरताका कारण किरात शासकहरु नेपालको पूर्वी

क्षेत्रमा राजकाज संचालन गर्न पुगेका यिनै राजाहरुका सन्ताननै आज नेपालका किरात राई आदिवासीका रुपमा चिनिन्छन् ।

किरात शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न तथ्यपूर्ण आधारहरु/प्रमाणहरु पाइन्छन् । किरात शब्दको उत्पत्ति र शाब्दिक अर्थको बारेमा विभिन्न विद्वान्हरुको विचमा मतएक्येता भएको पाइँदैन । किरात नेपालका प्राचीन जातिहरु मध्येका एक आदिवासी हुन् । किरात जातिको अस्तित्व परापूर्वकालदेखि नै रहेको यथेष्ट प्रमाणहरु उपलब्ध भएको पाइन्छ । जस्तै पुराण, महाभारत साथै ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । उत्पत्तिको दृष्टिले हेर्दा 'किरात' शब्द 'किरएत', 'किहेरयात' वा 'किरजाथ' को विकृत रुप हो जसको अर्थ भूमध्ये प्रदेशको मोएवाइट भाषामा 'गढ' वा शहर हुन्छ । जब यिनीहरुको संख्या बृद्धि भयो, तिनीहरुले धेरै गढहरु र शहरहरुको निर्माण गरे र तिनीहरुलाई 'किरियत हिम', 'किरियात यारिम्', 'किरजाथ-अर्वा', 'किर्यात बाअल', 'किरियात हुजरो', 'किरियत सान्ना' र 'किरियत साफेर' भन्ने जसले जंगलको शहर वा 'गढ' वा 'ईश्वर' वा 'आलको शहर' वा 'कितावको शहर' वा 'ताड वृक्षको शहर' को अर्थ जनाउँदछ (चेम्जोङ, २०६३: २) । यो भनाई धेरै हदसम्म सही छ किनभने किरात राई समुदायहरुले वनजंगल र वृक्षको पूजा/अर्चना गर्ने गर्दछन् ।

इसाको ११ औं शताब्दीसम्म काँगडा उपत्यकाको बैजनाथलाई 'किरग्राम' भनिन्थ्यो । किर शब्दले मूल अर्थमा सुँगुरलाई बुझाउँदछ । किर अर्थात् सुँगुर को पछि लाग्ने शिकार खेल्ने, पाल्ने वा त्यसको शिकार गरेर जिविका चलाउनेलाई संस्कृत वाङमयमा किरात भनिन्छ । किरात शब्द शिकारी बेहोसी कुरा नबुझ्ने अर्थात् नबुझिने कुरा गर्ने जंगली, पुड्का घोडसवार, अश्वपाल आदि अनेक अर्थमा प्रयोग भएको छ (शर्मा, २०३९: २७७) । यो कुरा किरातहरुलाई होच्याउने खालको र प्रमाणयुक्त नभएको देखिन्छ किनभने यसमा सत्यता पाइँदैन ।

किरातहरुले आफैलाई किरात भन्नुभन्दा पनि अन्य जातिहरुले किरात वा किराती नामकरण गरेका हुन् । किरात 'मुन्दुम' (वेद) मा किराती शब्दको प्रयोग कही

पाइन्न । काठमाडौं उपत्यकामा ३२ पुस्ता शासन सञ्चालनगर्दा समेत नामको पछि किरात जात वा थर झुण्डाइएको पाइएको छैन । किरातहरुले आफ्नो पहिचानका लागि किरात इङ्वाका सन्तान भने उनीहरुको किरात शब्दसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध जोडिँदै आएको छ (बराल, २०६४: २) ।

किरातीहरु रेशमको खेती गर्दथे । रेशमको किरालाई 'करेता' भनिन्थ्यो । रेशमको कपडा बुन्ने मानिसलाई 'किराती' भन्दथे पछि किरातीहरुले कपास छर्न एवम् कपडा बुन्न र बेच्न सिके ।सन् १७३० सम्म किरातहरुमा कपास छर्ने र खाँडीकोकपडा बुनेर बेच्ने प्रमुख पेशा भएको मानिसहरुलाई नै किराती भन्न थालियो (बराल, २०६४: १) । उनको भनाइ अनुसार किरातीहरु परापूर्व कालदेखि नै कृषि पेशामा संलग्न थिए भन्ने पुष्टि हुन्छ ।

'किरात' शब्द किरात वा किरेत वा किरायिताबाट लिइएका हुन् जसलाई किराताटित्का (प्रकृत-किल्ला इटा वा किराईटा) अथवा अनार्यहरुका एउटा अति तीतो उदमिद् (अनार्य टित्का) पनि भनिन्छ यो उद्मिद हिमालयको फेदितिर पाइन्छ । जहाँ वर्तमान किरातीहरु वा किरातहरु बसोबास गर्छन् । यो औषधी तयार गरिने उद्मिद् आर्यहरुले औषधीका लागि किरातहरुबाट प्राप्त गरेका थिए । किरातहरु स्वयंले यो अति तीतो औषधीको नाम राखेका हुन सक्छन् (सिंह, १९९०: ७६) । यसमा भनिएका कुरामा किरातहरु परापूर्वकालमा स्थापित अनार्य जाति मानिन्छन् ।

मि. परसिभल लण्डनको नेपाको इतिहास द्वितीय भागमा किरातीहरुले द्वापरयुग १५००० वर्ष नेपालमा आई राज्य गर्न लागेको हुन भनी लेखिएको छ । पं. अम्बिका प्रसाद उपाध्यायको नेपालको इतिहासमा किरातीहरु पश्चिम दिसाबाट आई नेपालमा आक्रमण गरी राज्य गर्न थालेका छन् भनी लेखिएको छ (चेम्चोङ्ग, २०५९: २) ।

'राई' भन्ने शब्द खास गरी कुनै जातिको नाम पनि होइन । यो त गाउँको ठालु वा मुखिया भन्ने जनाउने पद्वी मात्र हो । माझ किरातका धेरैजसो राईहरु आफूहरु जिमी वा जिम्दार भन्ने गर्छन् तर पनि राई शब्द बढी प्रचलनमा आउँदैछ । अब राई

भन्नाले किरातीहरुको एक ठूलो समूहलाई सम्झाउने चलन बसी सक्यो । राईहरु उहिले कताबाट आएका थिए भन्ने बारे थरी थरीका विचारहरु पोखिएका छन् तर यो विषयमा कसैलाई थाहा छैन । त्यसको मतलव यही भयो की राईहरु थाहा पाए सम्म हजारौं वर्षदेखि यही नेपालका बासिन्दा रहेका छन् (मुकारुङ, २०६५: २०) ।

किरात राई जातिका बारेमा प्रा.डा. जगदीशचन्द्र रेग्मीले यस्तो धारणा राख्नु भएको छ । प्रथमतः पूर्वी नेपालमा पल्लो किरात, माझ किरात र वल्लो किरात सम्बन्धी नामाकरणबाट नेपालमा किरात जातिको बसोबासको क्षेत्रको पहिचान हुने गरेको छ । सोही क्षेत्रमा एक खास किसिमका सामाजिक समुदायहरुलाई किरात, किराती तथा राई किराती भन्ने परम्परा नेपालमा प्रचलित रहिआएको छ ।

किरात राजाहरुका बारेमा सूचना दिने नेपालको सबभन्दा पुरानो वंशावली गोपालवंशावली हो । त्यसमा नेपालको इतिहासको आरम्भ गोपाल वंशावलीहरुबाट भएको र त्यसपछि महिषपालवंशको शासन भएको र त्यसपछि किरातवंशी राजाहरुको शासन भएको वर्णन गरिएको छ (रेग्मी, २०६६: ८) ।

केही समय यता कुलुङ खालिङ, थुलुङ नाछिरिङ, वाहिङ, मेवाहाङ, याम्फू, लोहरुङ, याख्खा, आठपहरिया आदि राई किरातहरुले आफूले किरात धर्म मान्ने कुरा बताउन लागेको र जनगणनाको धार्मिक शीर्षकमा खास गरी २०४८ र २०५८ को सरकारी जनगणनामा सो उल्लेख भएको पनि पाइन्छ । त्यसभन्दा धेरै अगाडि पंचायतकालको अन्तिम दशकको आरम्भ २०३७ साल देखि आफ्नो जातिय पहिचान प्रति सचेत किरातहरुद्वारा "किरातहरुलाई सरकारी प्रचार यन्त्रले हिन्दू भनी वर्णन गरेको भए पनि किरातहरु मूल रुपमा हिन्दू होइनन् उनीहरु प्रकृतिपुजक किरात धर्म मान्ने राईहरु मुन्दुमलाई आफ्नो प्रमुख धर्म ग्रन्थ मान्दछन् (राई, २०६० : १) ।

आज चलेका विभिन्न भाषा, संस्कृतिहरु फरक-फरक भए पनि यी भाषा, संस्कृति, ठाउँ परिवेश आदि अनुसार विकसित भएका हुन् र राई, लिम्बु, मेचे धिमाल, सुनुवार, आदि सबै एकै दाजु भाइका सन्तानहरु हुन् भनेर किरात उत्पत्तिको कथाले प्रमाणित गर्दछ (राई, २०६२ : ७) । मेवाहाङ्गले 'सिली' चढाए (चुङ्ग) को हुनाले

भोजपुरको सबैभन्दा अग्लो हिमाललाई शिलीचुङ्ग भनिन्छ । सिलिचुङ्ग हिमाल पनि किराती अस्तित्व बोकेको हिमाल भन्ने ठम्याई छ किराती पूर्खाहरुको (ऐजनः ९) । आज पनि मेवाहाङ्ग र खम्बुहाङका सन्तानहरु भोजपुरमा छँदैछन् ।

राईहरुलाई जिमी 'जिमीदार' भनिने गरेको बारे विभिन्न लेखकहरुको भनाई उल्लेख गर्नु उपयुक्त हुन्छ । चाल्स मक्दौगल "तिनीहरुको आफ्नो इलाकामा यी जातिका सदस्यहरुलाई जिमी राई अथवा कहिलेकाहीँ जिमिदार भनेर बुझिन्छ र जसको अर्थ जमिन्दार अथवा जमीनको अधिकारी भन्ने बुझिन्छ र यसबाट अर्थ जमिन्दार अथवा जमीनको अधिकारी भन्ने बुझिन्छ र यसबाट उनीहरुको किपटवाला (किपटिया) स्तरलाई बुझाउँछ ।

जर्ज ग्रियर्सनका अनुसार - "किराती शब्दले राईहरुलाई मात्र अर्थात् 'जिमदार र याख्खाहरुलाई बुझाउँछ ।"

डोर बहादुर बिष्टका अनुसार "कुनै जिल्लाहरुमा राईलाई "जिमीदार" अथवा 'जिमी' भनिन्छ ।"

नगेन्द्र शर्माका अनुसार यिनै राईहरुलाई जिमीदार वा जिम्दार पनि भन्ने गरिन्थ्यो तर यो पनि जमिन्दारको अपभ्रंश रुप हो र आज पनि शेर्पा भाषामा राईलाई 'जिमी' भनेर सम्बोधन गरिन्छ ।"

राजेश गौतम र अशोक थापा मगरका अनुसार "राई शब्द जिमीदारहरुलाई दिइएको पदवीको नाम हो ।"

प्रेम बहादुर मावोहाङका अनुसार "राई जमीनका धनी पहिला निवासस्थानी हुँदा 'जिमी' भनिन्थ्यो ।"

जनकलाल शर्मा : किराती भन्नाले मूलरुपमा राईहरुलाई भनिन्छ यदाकदा यिनीहरुलाई जिमदार पनि भनिन्छ ।

शिव कुमार श्रेष्ठका अनुसार 'राई' शब्द राजा शब्दको अपभ्रंश हो । राई शब्द भने राय शब्दकै अपभ्रंश देखिन आउँछ ।

नगेन्द्र शर्माका अनुसार किरात जातिका वंशज र एक प्रमुख हागा मानिएका राईहरु शुरुमा कुनै जाति विशेष थिएनन् भन्न, अड्कल गर्न सजिलो छ, किनभने राई शब्द राजाको पर्यायवाची हो र अघि यसलाई उपाधिका रुपमा मात्र प्रयोग गरिन्थ्यो ।

तसर्थ राई जाति यस भूमिका प्रमाणित हकदार तथा प्राचीन एक जाति तथा समुदाय हो भन्ने ठम्याउँन सकिन्छ । यो जाति परापूर्वक कालमा शासन सत्ता पनि चलाउन निपूर्ण थिए । किनकी राई शब्द राजाको पर्यायवाची शब्द हो भन्ने भनाइबाट प्रमाणित हुन्छ ।

हिमालयका पाँच खण्ड छन् । ती नेपाल कुमाऊँ गढवाल, जालन्धर र कश्मीर हुन् । कुमाऊँ गढवाल र नेपाल भन्दा पश्चिम र कश्मिर भन्दा पूर्वको पहाडी भाग जालन्धर खण्ड हो । यहाँसम्म किरातहरुको राज्य विस्तार भएको थियो (बराल, लिम्बु, २०६४: ७) ।

नेपालमा किरातहरु कसरी प्रवेश गरे भन्ने सन्दर्भमा भवानी बराल (२०६४) र कलम तिगेला लिम्बुले (२०६४) आफ्नो पुस्तक लिम्बुवानको राजनीतिमा यसरी उल्लेख गरेका छन् ।

महाभारतको (कुरु क्षेत्र) को लडाइँमा किरातहरुले पाण्डवहरुलाई सघाए । किरातहरुले सघाए वापत 'पाटक पताञ्जलीराज्य' राजा युधिष्ठिरले उपहार स्वरुप दिएका थिए । पाटक पताञ्जली युधिष्ठिरका सन्तान राजा पताञ्जली छाड्ने निर्णय गरे । अर्काको अंकुशभित्र राज्य गर्नुभन्दा स्वतन्त्र राज्य गर्नु परोस् - "पीठो होस् बरु त्यही अमृत छ" भनी पाटक पताञ्जली किरातहरुले छाडे । एकै ठाउँमा जाँदा नअट्ने भएकाले बाँडिने निधो गरे । एकै प्रान्तमा जाँदा धेरै संख्यामा छौ आपसमा भने । किरात इङ्वाका १० सन्तान पाटक पताञ्जलीको राज्य स्वेच्छाले छोडी नेपालमा विभिन्न भू-भागमा प्रवेश गरी राज्य गरेको पाइन्छ (बराल र लिम्बु, २०६४ : १०) ।

किरातहरु सिन्धु क्षेत्रबाट विस्थापित भई उच्च पहाडी क्षेत्रहरुमा बसोबास गर्न पुगेका हुन् । शम्बरले मैदानी सिन्धु क्षेत्रको संग्राममा इन्द्रसँग हार खाएपछि पहाडीक्षेत्रबाट इन्द्र विरुद्ध चालिस वर्षसम्म गोरिल्ला युद्ध लडेका थिए भन्ने कुरा ऋग्देवमा पाइन्छ । यसरी इन्द्रसँग हार खाएपछि यिनीहरु दास भनिएका थिए र वैदिक कालमा दास भनिनेहरु नै कैरात वा "किरात" नामले प्रसिद्ध हुँदै गए र पहाडतिर गई बसी युद्ध लड्नेलाई किरात भनिन थालियो भने मैदानमा बस्ने चाहिँ दास नै कहलिएर बसे (थुलुङ, २०४२) ।

नेपाल उपन्यका किरातहरुको अधिनस्थ थियो । इस्वी चौथो शताब्दीतिर लिच्छविहरुको शासन थियो । लिच्छविहरु पनि आर्य भाषा र संस्कृति अपनाइसकेका किरातहरु नै थिए । नेपाललाई एक स्वतन्त्र राष्ट्रको रुपमा अक्षुण राख्दै ल्याउनु हुने श्रेय नेपाली इतिहासमा मानदेव, अंशुवर्मा र पृथ्वीनाराईण शाहलाई छ, त्यतिकै श्रेय किरातवंशका प्रथम राजा यलम्बोहाङ र चौधौ राजा स्थुङकोङलाई छ भन्न अत्युक्ति हुने छैन । यिनीहरु किरात (Indo-Mongoloid) वंशका थिए (बुढामगर, २०४९) ।

हिन्दूशास्त्र 'योगिन तन्त्र' नामक ग्रन्थमा किरात वंशको उत्पत्तिका बारेमा यसरी उल्लेख गरिएको छ । कुश द्वीपबाट आएकी कङ्ती नाउँ गरेकी परम सुन्दरी कन्यासँग महादेवको संसर्ग हुँदा एक पुत्र उत्पन्न भयो । ऋतु समयमा असिएको हुनाले त्यो व्याधावृत्ति गर्ने मंद्य-मांस सेवन गर्ने र सधैं बन-बन शिकार गर्दै हिंड्ने हुनाले त्यसको उपनाम किरात राखियो ।यो किरात वंशको २८ पुस्तापछि तिनीहरुको वंश सौमर नाउले प्रसिद्ध भयो । यही सौमर वंशबाट कुवाव वा कोच, पल्लव, यौवन, पुलिन्द इत्यादि शाखाहरु छुट्टिएर गए (चेम्जोङ, २०५९:२) ।

पारुहाङलाई आफ्नो पूर्खामानी उनीप्रति श्रद्धा देखाउने प्रत्येक राई बस्तीमा अझसम्म पाइएकाले राईहरुको प्राचीन पूर्खा पारुहाङ हुन् भन्ने किम्बदन्ती सत्यताको नजिक छ भनी अनुमान गर्न सकिन्छ (राई, २०६० : ३५) ।

किरातहरुको उत्पत्तिको सन्दर्भमा फरक फरक मत भएता पनि हालसालैको बासस्थानको रुपमा नेपालको पूर्वी पहाडी जिल्लाहरु भोजपुर, खोटाङ्ग, संखुवासभा,

धनकुटा, ओखलढुंगा, सोलुखोम्बु, उदयपुरलाई मुख्य थलो मानिन्छ । यसका साथै इलाम, पाँचथर, तेह्रथुम, झापा, मोरङ, सुनसरी, काठमाडौं आदि जिल्लाहरुमा पनि यो समुदायको सघन वस्ती रहेको पाइन्छ । नेपाल बाहिर दार्जिलिङ्ग, सिकिम, कालिङपोङ, हङ्गकङ्ग, बेलायत आदि देशहरुमा समेत यी जाति बसोबास गर्ने गरेको पाइन्छ । यसरी बसोबास गर्ने बान्तवा राईहरुले जहाँ भए पनि साकेवा पर्व धुमधामसाथ मनाउँछन्, जसलाई विभिन्न व्यक्तिहरुले भिन्ना भिन्नै किसिमले उल्लेख गरेका छन् ।

अतः किरात जाति पारुहाङलाई आफ्नो पूर्खा मान्ने र प्रकृति प्रिय मानिन्छ । आफ्ना पूर्खाहरुलाई खुशी पार्न प्रकृतिको पूजामा विशेष महत्व दिने गर्दछन् । प्रकृति पूजा अन्तर्गत किरात राईहरु विशेष गरेर धारा, कुवा, खोलाको शीरको साथै चुल्हो पूजालाई बढी प्राथमिकता दिइएको पाइन्छ । किरात राईहरु प्रकृति पूजनमा बढी विश्वास गर्दछन् आफू र आफ्ना सन्ततिको भलो होस्, सुब्बे फाब्ये (राम्रो) होस् भनी धर्तीको पूजा गर्दछन् । धारापूजा, चुल्हो पूजा तथा धर्ती पूजा गरी अन्नबाली राम्रो फलोस् फूलोस भनी प्रकृतिसँग बल माग्दछ ।

वर्तमान अवस्थामा यी आदिवासीहरु नेपालको पूर्वी पहाडी क्षेत्रमा मुख्य रुपमा भोजपुर, धनकुटा, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु, संखुवासभा उदयपुर, ताप्लेजुङ्ग, इलाम, पाँचथर आदि जिल्लामा बसोबास गरेको पाइन्छ । यसका साथै देशका केही तराई जिल्लाहरु र नेपालका केही शहरहरुमा पनि छरिएर रहेका छन् । यी जातिहरु जुनसुकै क्षेत्रमा छरिएर रहेता पनि यिनीहरुले आफ्नो पहिचान झल्काउने विभिन्न चाडवाड, धर्मसंस्कार र परम्परागत भेषभूषाहरुलाई अविछिन्न रुपमा कायम राख्दै आइरहेका छन् । किरात राई समुदायको जीविकोपार्जन सँग सम्बन्धित ‘साकेवा चाड’ यी जातिहरुको एक महान् चाड हो । राई समुदायको वास्तविकतालाई बुझ्नको लागि राई समुदायको ‘साकेवा चाड’ लाई बुझ्न नितान्त आवश्यक छ । यति हुँदाहुँदै पनि ‘साकेवा चाड’ को विषयमा गहकिलो पुस्तकको रुपमा लेख प्रकाशित हुन नसक्नु यी समुदायको लागि नै दुर्भाग्यपूर्ण मान्नुपर्छ । जति पनि ‘साकेवा चाड’ को विषयमा लेख रचनाहरु प्रकाशित भएका छन् तिनीहरुमा साकेवा चाडको विषयमा पूर्णता पाउन

सकिँदैन । तरपनि केही मात्रामा भएता पनि ‘साकेवा चाड’ को विषयमा लेखहरु प्रकाशन गर्न राई विद्वानहरुले कलम चलाएका छन् ।

राई वान्तवा भाषामा साकेवा भन्नाले धनुकाँड (सायाताली) ढोल झ्याम्टा (केन) र पानी (वा) भन्ने बुझिन्छ । साकेवा पूजा भन्नाले यिनै धनुकाँड ढोल झ्याम्टा र पानीको साथमा किरातीहरुको ईश्वरसँग शक्तिको माग गर्नु भन्ने बुझिन्छ । अर्कोतिर ईश्वर भनेको किरात राईहरुको निम्ति पूर्खाहरु हुन् । पूर्खाहरुसँग पूर्खाहरुले चलाएको हतियार सायाताली (धनुकाँड) देखाई ढोल झ्याम्टाको तालमा नाची पानीको सट्टा सोलोयाँले (चोखो जाड पानी भरिएको चिण्डो) अर्चाई खुशी पारी शक्ति र अन्नवालीको राम्रो माग गर्नु हो (वालाखाम्छा, २०४९ १०) ।

साकेवा किरात राई जातिहरुको त्यस्तो माङ (देवता) हो जसको सिला (ढुंगा) हुन्छ । त्यस सिलालाई सृष्टिकर्ता पारुहाङ्ग र सुम्निमा जीवनदाता हेन्खामा (धर्ती) र निनाम्मा (आकाश) लगायत संरक्षक मृत पित्रीदेवहरुको प्रतीक मानिन्छ । यसको पूजा प्रत्येक वर्षको बैशाखमा उभौली र मंसीरमा उधौलीको नाममा ढोल झ्याम्टा लगायत अन्य विविध हातहतियार समेत राखेर गरिने पूजा नै साकेवा पूजा हो (हतुवाली, २०६४: ३) ।

बुढाथोकी (२०६२) द्वारा लिखित “किरात र किरात चाड साकेला” सम्बन्धी एउटा दृष्टिमा लेखकले राई जातिको परिचय, स्वभाव र साकेलाको महत्वको बारेमा लेख्नुभएको छ, तर बूढाथोकीले कहिले र कसरी साकेवाको उत्पत्ति भयो भन्ने कुरा लेख्नु भएको पाइँदैन । तर पनि राईहरुको महत्वपूर्ण चाड साकेवाको विषयमा छोटो र उत्कृष्ट लेख लेख्नुभएको छ ।

राई (२०४७) “किरात बारे तीन कुरा” नामक पुस्तकमा किरात राईहरुको सामाजिक, आर्थिक र धार्मिक अवस्था संस्कारहरु र साकेवा शिलीको प्रकारहरुको बारेमा छोटो तर गहकिलो तर्कहरु राख्नु भएको छ ।

खगेन्द्र राईले गोरखापत्र दैनिक (२०६६ मंसिर १७) मा 'उधौलीको रौनक' शीर्षकमा 'साकेवा चाड' केवल राईहरुको मात्र नभएर आम किरात समुदायको चाड भएको स्पष्ट पार्नु भएको छ । किरातहरुले प्रायस साकेवा चाड कुनै न कुनै रुपले मनाउने गर्दछ भन्दै बढी मात्रामा किरात राईहरुले मनाउने र राईहरु बीचमा विभिन्न थरका राईहरुभएकोले बेग्ला बेग्लै नामले पुकार्ने गर्दछन् । साकेवाको उत्पत्तिको निश्चित समय खुलाउनु भएको छैन तर साकेवा पूजाको मूल उद्देश्य भनेको पिता पूर्खा, प्रकृतिक र धर्तीलाई पूजा गरी खुशी पार्नु हो भन्ने निष्कर्षमा स्पष्ट लेख लेख्नु भएको छ ।

सिद्धिराज राईले नागरिक दैनिक(२०६६, मंसिर १८) मा 'साकेवा शिलीमा छमछाम' शीर्षकमा उभौली तथा उधौली साकेवा पूजाको विषयमा लेख्नुभएको छ । उक्त लेखमा किरात राईहरु परापूर्व कालबाट नै आफ्नो मुन्दुमको माध्यमबाट प्रकृति देवी, हेन्खामालाई पूजा गर्ने प्रष्ट हुन्छ । त्यस्तै उभौलीमा अन्नबाली उत्पादनसँग र उधौलीमा उत्पादित अन्नबालीको सह बसोस्, रहोस् भने भाव पाइन्छ ।

राई (२०६३) "किरात राईहरुको महत्वपूर्ण पर्व" नामक लेखमा लेखकले साकेवाको महत्व र साकेवा सिलीको उत्पत्ति र किरातीहरु सिकारी अवस्थादेखि कृषि युगमा प्रवेश गरेपछि सुरु भएको हो भन्ने आख्यान प्रस्तुत गर्दै सिलीको प्रकारहरुको वर्णन गर्नुभएको छ, यो लेख छोटो भए पनि उत्कृष्ट छ ।

किरात राई यायोक्खा केन्द्रीय कार्यालयद्वारा संकलन गरी प्रकाशित "दुवाङदुङ साम्कालिङ" मुन्दुम (२०५५) मा किरात समुदायको सृष्टिको उत्पत्ति देवपूजा चुल्होपूजा धर्मसंस्कार कर्मकाण्ड विधि, साकेवा पूजा सामग्री, साथै विविध मुन्दुमी सामग्रीको बारेमा लेखिएका छन् जसमा राई समुदायको जीवन पद्धतिमा जन्मदेखि मृत्यु पर्यन्त गरिने संस्कारगत कार्यहरुलाई स्पष्ट रुपमा लेखिएका छन् । जुन आम किरात राई समुदायको लागि अति उपयोगी मानिन्छ ।

किरात राई समुदायको जन्म, विवाह, मृत्युका साथै विभिन्न सामाजिक संस्कारलाई मुन्दुमी सामाग्रीहरुको अति आवश्यक पर्दछ, जसको अभाव आम किरात राई समुदायमा खट्किरहेको अवस्थामा लेखकज्यूले मुन्दुमी सामग्री नामक पुस्तकको माध्यमबाट त्यो आवश्यकतालाई पुरा गर्ने कार्य गर्नु भएको छ (मुकारुङ्ग, २०६५) ।

'साकेवा चाड' को उत्पत्ति लोक आख्यानको रुपमा हेर्दा किरात पूर्खा हेन्कुवुङको दुई छोरी र एक छोरा थिए । छोरीहरु तावाँमा र खियामा थिए भने छोरा हेच्छाकुप्पा थियो । दिदीहरु र भाइको विचमा दुःखद विछोड भएको थियो र दुःखद छुटमा दिदीहरुले भाइलाई मृत्यु घोषणा गरी वन केरा र कर्दा भाइको लास गाडेको ठाउँमाथि छाडिदिएको थियो । तर पछि भाइ बाँच्छ र दिनदिनै हुर्कदै जाँदा जवान हुन्छ । तत्पश्चात् विवाह गर्ने निधो गरी दिदीहरुलाई खोजी विवाहमा बोलाउँदछ, मऱ्यो भनेको भाइको विवाहमा उपस्थित हुन पाउँदा दिदीहरु ज्यादै खुशी हुन्छन् । विवाह सकिन्छ दिदीहरु छुट्टिने बेला हुन्छ । त्यो बेलामा दिदीहरुले भाइलाई खुसीको चिनो छाड्ने विचार गर्दछन् तर दिदीहरुसँग केही पनि चिनो हुँदैन, "हामी त चरा भयौ चिनोदिने वस्तु केही पनि छैन बरु नङनुमालोक्तुमा (सुब्वेफाब्वे/रमाइलो) गरेर फर्कनु पर्छ । यसको लागि ढोलहरु रोकिने, वारुकेन, र हितिकेन तयारी पारिदिनु, हामी लाक नाच्छौं ।" यही समयबाट 'साकेवा चाड'को सुरुवात भएको मानिन्छ (हतुवाली, २०६४: १५) ।

प्रकृति पूजक किरात राई समुदायको साकेवा चाडको विषयमा "किरात राई सांस्कृतिक तदर्थ समिति २०४७" द्वारा 'साकेवा' नामक पुस्तकमा फरक फरक समुदायमा बसोबास गर्ने राई लेखकहरुले 'साकेवा चाड' को विषयमा कलम चलाउनु भएको छ । साकेवा चाड ठाउँ अनुसार र राई समुदायको पाछा (उपथर) अनुसार फरक फरक नामले परिचित छ । भोजपुर, अन्नपूर्ण, दिल्पा, छिनामखुमा, 'साकेवा' भन्दछन् भने हतुवा घोडेटार (उँद्योखोला) 'साकेन्वा' भन्दछ । चाम्लिङ्ग खोला खोटाङ्ग जिल्ला आसपासमा 'साकेला', भनिन्छ भने धनकुटा

जिल्ला आसपास थुलुङ्ग राई समुदायले 'साकले' भन्दछ । त्यस्तै अन्य राईहरु कसैले चासोक, तोषी, फोलस्याँदर, स्याँदर आदि भन्ने गर्दछन् ।

अजम्बर काङमाङ (राई) ले नेपाल 'फोकस' मासिक पत्रिकामा किरात राई र साक्खेवा शीर्षकमा साकेवा पूजा विधिका बारेमा पूजाको शुरु अवस्थादेखि अन्त्यसम्म तर्कपूर्ण ढंगले प्रष्ट्याउनु भएको छ । साथै साकेवामा प्रचलित विभिन्न शिलीहरुका सम्बन्धमा जनसाधारणले बुझ्ने गरी स्पष्ट भाषा तथा शैलीमा प्रस्तुत गर्नु भएको छ । जसले किरात संस्कृति र साकेवा चाडका सम्बन्धमा थप उर्जा प्रदान गर्दछ ।

राई (२०६४) "छिनामखुको राई संस्कृति" मा राईहरुले भोजपुरको छिनामखुमा मनाइने उधौली, उभौली र यसको महत्वका बारेमा छोटो तर तर्कपूर्ण जानकारी प्रस्तुत गरेका छन् ।

किरात राई यायोक्खा (२०५२) ले प्रकाशित गरेको किराती चाड साकेवा : परिचयात्मक अध्ययन भन्ने शिर्षकमा कृपा किरातीद्वारा लेखिएको पुस्तकमा साकेवा पूजा सम्बन्धी यस्तो धारणा छ, सबै कुल पुजा गरी मूल नाक्छोङले हुत्लुङ (चुल्हो) पुजी सकेपछि निश्चित तोकिएको दिन साख्खेवा, नाक्छोङले अन्य पुजारीहरु समेतको सहयोग र संलग्नतामा मुख्य हेन्खामा थानमा गई हेन्खामाको पूजा गरी सम्पूर्ण गाउँ घर तथा आम राई समुदायको सुख सम्बृद्धिको निम्ति माग गर्दछ भन्ने प्रस्टाइएको छ ।

बैशाखे पूर्णिमामा साकेवा पूजा गर्दा अन्नबाली लगाउन जाँदैछौ अन्नबाली राम्रो होस् बेलामा बाली नालीलाई वर्षात गराईदेउ भनी किरात राई बान्तवाहरु शक्ति माग्ने गर्दछन् । साथै पाकेको बालीनाली उचित समयमा थन्क्याउन पाईयोस् चरामुसा तथा जंगली जनावरहरुबाट बचोस् साथै प्रकोपबाट जोगाइदेऊ भनी कामना समेत गर्दछन् । धारापूजा सँगै रोगव्याधी, दुःख कष्टहरु बगाएर लैजाओस् भनी कामना गर्दछन् भने चुल्हो पूजा गर्दा आफ्नो मृतआत्माहरुले शान्ति पाउन, खुशी होउन् भन्ने गर्दछन् । किरात राई समुदायले फलेको नयाँ अन्नबाली आफ्ना पिता पूर्खाहरुलाई चढाएर मात्र खाने गर्दछन्, जुन राई जातिको संस्कार भित्रको अर्को महत्वपूर्ण विशेषता हो ।

मंसीरे पूर्णिमामा र बैशाखे पूर्णिमामा विशेष महत्वका साथ साकेवा चाड मनाउने गर्दछन् । यस चाडका माध्यमबाट किरात समुदायमा भेटघाट एकता,भातृत्व आदि जस्ता पक्षले महत्व पाउने भएकाले समाजमा सामाजिक एकता कायम रहि रहेको पाउन सकिन्छ । भौगोलिक फरकतामा फरक-फरक नामले परिचित 'साकेवा चाड' को मुख्य जड भने प्रकृति, पिता पूर्खा नयाँ अन्नवाली, बनजंगल आदि पुज्नु नै हो भन्ने लेखकहरुको निचोड रहेको पाइन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक पृष्ठभूमि

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातिय मुलुक हो । जहाँ भिन्न जातिका भिन्न संस्कृति अंगिकार गर्ने जात जातिहरु बसोबास गर्दछन् । यसरी अथाह संस्कृतिको धनी यस समाजमा बस्ने अनेक समुदाय अन्तर्गत किरात राईहरु पनि एक हुन् । किरात राईहरुले मनाउने विभिन्न संस्कारहरु मध्ये साकेवा चाड पनि एक हो र यो समुदायले साकेवा चाडलाई महत्वपूर्ण तथा विशिष्ट चाडका रुपमा मनाउँदै आइरहेका छन् । साकेवा चाडको मुख्य स्रोत भनेकै, लोककथा, जनश्रुति, आख्यान आदि रहेका छन् । कला र संस्कृतिका धनी प्रकृतिपूजक किरात राईहरुले उद्यौली र उभौली गरी वर्षमा २ पटक मनाएर साकेवाको महत्व झल्काएको पाइन्छ । साकेवा चाडको ऐतिहासिक महत्व विशिष्ट प्रकारको रहेको छ । साकेवा नृत्यमा विभिन्न फरक-फरक प्रकारका शिलीहरु रहेका हुन्छन् । यस चाडमा नाचिने शिलीले किरात संस्कारको सांकेतिक रुपमा चित्रण गरेको पाइन्छ । साथै शिली नृत्यले समग्र प्रकृतिको अनुकरणात्मक रुप समेटेको आभाष हुन्छ । कुनै पनि जातिको पहिचान उसको संस्कृतिसँग गाँसिएको हुन्छ । किरात राई जातिको पहिचान पनि उसको संस्कार र संस्कृतिसँग जोडिएको छ, जसमा मुख्यत शिलीसँग नै हो । संस्कृति समाजको आत्मा हो र संस्कृति विना समाज पनि पूर्णता भएको मान्न सकिँदैन । यसै क्रममा किरात राई संस्कृतिको पूर्णता पनि साकेवासँग छ भन्दा अत्युक्ति नहोला । तसर्थ संस्कृतिको अन्त्य भयो भने हाम्रो समाज पनि रहँदैन, संस्कृति बचाइ राख्नु, हरेक समुदायको

कर्तव्य हो । किरात राई बान्तवाहरुले मनाउने साकेवा र नाचिने शिली यसैका उदाहरण हुन् ।

प्रस्तुत शोधपत्र बान्तवा राईहरुले मनाउने साकेवा चाडसँग नजिक रहेर अध्ययन गरिएको छ । उक्त अध्ययन दुईवटा सिद्धान्तमा आधारित छ । ती यस प्रकार छन् । संस्कृति, प्रतिवाद र सांस्कृतिक पर्यावरणीय दृष्टिकोण ।

बेलायती मानवशास्त्री भिक्टर टर्नरका अनुसार - “प्रतीकहरु संस्कृतिका बाहक हुन् । यस्ता प्रतीकहरुको माध्यमबाट नै एक पुस्ताबाट अर्को पुस्तामा संस्कृति हस्तान्तरण हुन्छ । श्रव्य तथा दृश्यात्मक समेत रहने यिनीहरुले विभिन्न घटना तथा वस्तुहरुको स्मरण गराउने गर्दछन् । यिनीहरु जीवन, जगत, मूल्य मान्यता आदर्श सम्बन्धी विभिन्न सूचनाहरु सँगालिएका भकारीहरु हुन् । संकेतद्वारा नै मानिसले संसारको नियन्त्रण गर्दछ र मानिसहरु आफैलाई पनि प्रतीकहरुद्वारा नियन्त्रण गरेका हुन्छन् ।

बेलायती मानवशास्त्री मेरी डग्लसको भनाइमा “प्रतीकहरुले मानव संस्कृतिमा संचारको भूमिका निर्वाह गरिरहेका हुन्छन् । समाजका सकारात्मक एवं आदर्श पक्षकहरु पवित्र मानिन्छन् । अर्को पक्षहरु अपवित्रताको संकेत दिन्छ ।समाजका नैतिक ढाँचाहरु सामाजिक नियन्त्रणमा प्रमुख भूमिका खेल्दछ । सामाजिक व्यवस्थामा रहेका प्रतीकहरुबाटै सामाजिक व्यवस्था निर्देशित र नियनिन्त्रत हुन्छ । त्यसैले प्रतीकहरुको प्रयोगबाट सामाजिक परिपाटी राखिएको हुन्छ ।”

प्रतीकात्मक सिद्धान्त अनुसार संस्कृति प्रतीकहरुको जालो हो । मानिस आफैले बुनेको विभिन्न प्रतीकहरुको जालोमा जेलिएको हुन्छ । त्यसैगरी संस्कृति सार्वजनिक हुन्छ किनकी यसले दिने अर्थ सार्वजनिक हुन्छ भन्ने यसको तर्क छ । संस्कृति निजी परिधिमा सीमित हुँदैन । जनताको दिमाग भित्र बन्द कुनै वस्तु होइन । बरु यो त सार्वजनिक प्रतीकहरुमा जेलिएको हुन्छ ।

अमेरिकी मानवशास्त्री मार्विन हेरिसको सांस्कृतिक भौतिकवादको सिद्धान्त अनुसार आधार संरचनाले उपरी संरचनाको निर्माण गर्दछ । भौतिक जड्ताको प्रभावबाट संस्कृतिको निर्माण हुन्छ । प्रविधि, अर्थ, निर्धारणवादको मान्यता अनुसार "समान खालको प्रकृतिले समान खालको प्रविधिको निर्माण गर्दछ, जसले गर्दा समान प्रकारको सामाजिक सांस्कृतिक वातावरणको सृजना हुन्छ । प्रविधिको माध्यमबाट प्रकृतिलाई मानिसले आफू अनुकूल हुने गरी प्रयोग गर्दछ ।"

यसप्रकार किरात राई जातिले मनाउने साकेवा चाडलाई पनि समाजशास्त्रीय तथा मानवशास्त्रीय सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गर्ने हो भने किरात राईहरुले नाच्ने साकेवा नाचमा प्रस्तुत गरिने विभिन्न शिलीबाट सांकेतिक रुपमा अर्थ झल्काउँदछ । जस्तै किरात राईहरुको वास्तविक जनजीवन जातिय पहिचान, रहनसहन, खानपान तथा मानव जीवन चक्रको नै यथार्थता प्रस्तुत गर्दछ । यसैगरी Cultural Ecological Perspective बाट व्याख्या गर्दा किरात जातिको आधार संरचनाका आधारमा समाजमा प्रचलित मूल्य, मान्यता, उधौली, उभौली र साँकेतिक स्वरुपको निर्धारणलाई वर्णन गर्न सकिन्छ । यसर्थ किरात जातिको संस्कृति साकेवामा प्रस्तुत गरिने नृत्यहरुले यस समुदायको यथार्थताको वर्णन गर्दछ । जसले जीवन यापन र पद्धतिलाई नै सांकेतिक रुपमा व्याख्या गर्दछ । मार्विन हेरिशको आधार संरचनाले उपरी संरचनाको निर्माण गर्दछ भन्नेमा पनि मेल खाएको देखिन्छ । जस अनुसार किरात राईहरुले उभौलीमा गाईवस्तुहरु लेकतिर लैजाने र उधौलीमा गाईवस्तुहरु किरात समुदायको तल्लो चरण क्षेत्रमा झार्ने गरेको पाइन्छ । जुन पर्यावरणीय आर्थिक दृष्टिकोण अनुकुलतासँग मेल खाएको देखिन्छ । यसरी यी दुवै दृष्टिकोणबाट हेर्दा किरातराईहरु प्रकृतिप्रेमी, प्राचीन जाति भएको ठहर गर्न सकिन्छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

प्रस्तुत शोधपत्र अध्ययनका लागि भोजपुर जिल्लाको नागी गा.वि.स.मा बसोबास गर्ने किरात राई वान्तवाहरुलाई यस शोध अध्ययन क्षेत्रको रुपमा लिइएको छ । विशेषगरी यस समुदायलाई मुख्य अध्ययनको रुपमा छनोट गर्नु पर्ने कारण किरात राई 'बान्तवा' हरुको परापूर्वकाल देखिको मूल थलो यहीक्षेत्र भएको साथै यही भूमिबाट देशको विभिन्न भागहरुमा किरात राई 'वान्तवा' हरु पछिल्लो समयमा बसाई सराई गरिरहेको यथार्थतालाई मध्येनजर गर्दै, किरात राई 'वान्तवा' हरुको 'साकेवा चाड' को मूलथलो भोजपुर जिल्ला भएको र त्यसमा पनि नागी गा.वि.स. मा परापूर्वकालबाट 'साकेवा' पुज्दै आइरहेको (साकेवा थान) रहेकोले यस क्षेत्रको छनोट गरिएको हो ।

यसका अलावा शोध कर्ता स्थानीय वासी भएको र त्यहाँको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि वस्तुगत अवस्थासँग राम्ररी परिचित भएकोले सरल-सहज रुपमा साकेवा सम्बन्धी सूचना तथ्याङ्हरु संकलन गरी साकेवा सम्बन्धी यथार्थता जानकारी आम किरात राई समुदायहरु लगायत अन्य जनसमुदायहरुमा ल्याउने विश्वासका साथ यस क्षेत्रको छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा एक निश्चित अनुसन्धान विधिको आवश्यक पर्ने भएता पनि यस शोधपत्र अध्ययन अनुसन्धानको क्रममा केही अनुसन्धान ढाँचाहरुको परिधिभित्र रहेर अध्ययन अनुसन्धान सम्पन्न गरिएको छ ।

बान्तवा राई समुदायको साकेवा चाड सम्बन्धमा कमै अध्ययन अनुसन्धान भएको पाइन्छ । यसको बारेमा कतिपय कुराहरु अझ सम्म अदृश्य नै रहेका छन् । तसर्थ यी पक्षहरुलाई थप खोज अध्ययन अनुसन्धान तथा वर्णनको आवश्यक भएकोले

वर्णनात्मक (Descriptive) र अन्वेषणात्मक (Exploratory) अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । साकेवा सम्बन्धी विभिन्न पक्षहरु मुन्दुम, शिली, शिलीका प्रकारहर, पूजाविधि, पूजा सामाग्रीहरु, भेषभूषा तथा वैचारिक आस्था जस्ता कुराहरुको वर्णन गरिने हुँदा यो अध्ययन वर्णनात्मक रहेको छ । त्यस्तै साकेवाको उत्पत्ति, पूजाको थालनी, शिलीहरुको उत्पत्ति, आदि पक्षको खोजीनीति गरी सत्य तथ्य प्रस्टाउनु पर्ने भएकोले यो अध्ययन अन्वेषणात्मक (Exploratory) रहेको छ ।

त्यस्तै साकेवा सम्बन्धी पूर्ण जानकारी पाउन सम्बन्धित अध्ययन क्षेत्रको बान्तवा राई समुदायसँग बसेर, घुलमिल भएर, उनीहरुले बुझे जाने जति साकेवा चाड सम्बन्धी ज्ञान लिने कार्य गरिएकोले जातीय अध्ययन (Ethnographic study) विधिको प्रयोग पनि भएको छ ।

## ३.३ नमूना छनोट विधि

प्रस्तुत अनुसन्धानमा मुख्य रुपमा भोजपुर जिल्लामा बसोबास गर्ने किरात राई 'वान्तावा' लगायत नागी गा.वि.स.मा बसोबास गर्ने राईहरुमध्येका साकेवा सम्बन्धी ज्ञान भएका बृद्ध, जानकार राईहरुलाई समेटिएको छ । भोजपुर जिल्लाको नागी गा.वि.स.मा जम्मा २९४ घर धुरी मध्येबाट ३२ जनालाई सूचना दाताको रुपमा नमूना छनोट गरी यसमा प्रतिनिधित्व गराईएको छ । यस अनुसन्धान कार्यमा उद्देश्य प्राप्त गर्नको लागि उपयुक्त नमूना छनोट विधिमा उद्देश्यात्मक र स्नोवल नमूना (Purposive/snowball sampling) विधिलाई प्रयोग गरिएको छ ।

यहाँ उद्देश्यात्मक (Purposive) नमुना छनोट विधि भन्नाले उद्देश्यात्मक नमुना छनोट प्रक्रियामा अनुसन्धानकर्ताले आफ्नो उद्देश्य प्राप्तिका लागि सोही अनुसारको नमुनाको छनोट गर्दछ । ताकि आफूले छनोट गरेको नमुनाबाट अनुसन्धान कार्यमा आफूलाई सहज होस् । आफूलाई आवश्यक सूचनाहरु प्राप्त गर्न सकिने किसिमको इकाइहरु छनोट गरिन्छ । जसको मुख्य उद्देश्य अनुसन्धान कार्यमा सरलता ल्याउनु हो ।

स्नोबल/श्रृंखलाबद्ध नमुना छनोट (Snowball Sampling) विधि भन्नाले नमुना छनोट प्रक्रियामा उत्तरदाताको रुपमा शुरुमा थोरै व्यक्ति वा समूहको छनोट गरिन्छ, यस बाहेक अन्य सूचनादातासँग पनि आवश्यक अनुसार अनुसन्धान गरिन्छ । यसमा मुख्य सूचना दाताबाट जानकारी लिइन्छ । त्यसपछि क्रमिक रुपमा एक पछि अर्को गरेर उद्देश्य अनुसार सूचना लिइने गरिन्छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोतहरु

यस अध्ययन अनुसन्धानलाई सरल र सहज रुपमा सुव्यवस्थित तरिकाले यथार्थताको नजिक पुऱ्याउन साकेवा पुज्ने सम्बन्धित स्थानमा गई मौखिक रुपमा यस सम्बन्धी वार्तालाप गरिएको छ । यसका साथै सम्बन्धित गा.वि.स. को साकेवा थानको अवलोकन कार्य पनि गरिएको छ । स्थानीय वासीसँग प्रश्नावली मार्फत् तथ्याङ्क संकलन कार्य पूरा गरि जसमा प्रश्नावली भराउनुका साथै अध्ययनमा बढी वार्तालापको माध्यमबाट सत्य तथ्य जानकारी लिइ अध्ययन कार्यलाई गुणस्तरीय बनाई सत्य तथ्य नजिक पुगिएको छ ।

यस अध्ययन कार्यमा प्राथमिक तथा द्वितीय दुवै पक्षलाई तथ्याङ्कको स्रोतको रुपमा प्रयोग गरिएको छ । द्वितीय स्रोतहरुमा विभिन्न समयमा नेपाल सरकारले प्रकाशित गरेका 'साकेवा' सम्बन्धी दस्तावेजहरु साथै केन्द्रीय तथ्याङ्क विभागले निकालेका तथ्याङ्कहरुका अतिरिक्त विभिन्न किरात राई भाषिक संघ संस्थाहरुले प्रकाशित गरेका पुस्तक, पत्रपत्रिका, अभिलेखहरुलाई समावेश गरिएको छ । विभिन्न समयमा विभिन्न स्थानमा रहनु भएका राई विद्वान् लेखकहरुले प्रकाशित गर्नुभएका विभिन्न सम्बन्धित पुस्तकहरु, पत्रपत्रिकाहरु द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा नमूना छनोट गरिसकेपछि तथ्याङ्क संकलन गर्न विभिन्न विधिहरु जस्तो स्थलगत सर्वेक्षण, अन्तरवार्ता, प्रश्नावली छलफल आदिबाट विभिन्न स्थानमा सम्पन्न साकेवा नाचमा सहभागी भएर आवश्यक जानकारी सूचना तथ्याङ्क प्राप्त गरिएको छ । किरात राई समुदायप्रति चासो राख्ने विभिन्न

भाषिक संघ संस्थाका विद्वत्वता व्यक्तिहरुद्वारा प्रकाशित पुस्तक पत्रपत्रिका, लेख रचना आदिको अध्ययन गरेर यस शोध पत्र तयार गर्ने कार्य सम्पन्न गरिएको छ ।

प्राथमिक तथ्याङ्क संकलन गर्दा निम्न चार प्रकारका विधिहरुमा आधारित रहेर शोधकार्यलाई पूर्णता दिइएको छ ।

**(क) प्रश्नावली**

प्रस्तुत शोधपत्रलाई सम्पन्न गर्न प्रथमतः यस शोधपत्रको उद्देश्यमा आधारित रहेर उपयुक्त प्रश्नावली तयार पारिएको थियो । तयारी प्रश्नावलीलाई सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष रुपमा उत्तरदाताहरुसँग भेटी उनीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक अवस्थाका साथै साकेवा शिली साकेवा र राई समुदायको जीवन पद्धति, साकेवाको उत्पत्ति आदि पक्षमा सोधखोज गरी प्रश्नावली भर्ने कार्य सम्पन्न गरिएको छ । संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गर्न उत्तरदातालाई मुख्य रुपमा लिइएको छ ।

**(ख) सहभागी अवलोकन**

प्रस्तुत शोधपत्रलाई आवश्यक सही तथ्याङ्क प्राप्त गर्नको लागि अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा सहभागीमूलक अवलोकन विधिको प्रयोग गर्नुका साथै नागी गा.वि.स. मा परापूर्वकालदेखि पुज्दै आएको 'साकेवा चाड' मा साकेवा पुज्ने विधि, मुन्दुमी सामग्रीहरु, भेषभुषा विभिन्न शिलीको प्रत्यक्ष अवलोकन तथा फरक फरक शिलीमा नाचिने साकेवा चाडको प्रत्यक्ष अवलोकन तथा नाचको फोटो खिच्ने (अनुसूची ४ मा हेर्नुहोस् ।) र आवश्यक कुराहरु टिपोट गर्ने कार्य पनि अध्ययन स्थलमा नै गएर पूरा गरिएको छ । सम्बन्धित गा.वि.स. मा रहेका बृद्धाहरुसँग प्रत्यक्ष कुराकानी गरी अध्ययन कार्यमा आवश्यक तथ्याङ्क संकलन गरी प्रस्तुत शोधकार्यलाई भरपर्दो र विश्वसनीय बनाउन सकेसम्मका तथ्यहरु जुटाउने कार्य गरिएको छ ।

### (ग) अन्तरर्वार्ता

प्रस्तुत शोधकार्यलाई यथार्थतामा उतार्न सम्बन्धित गा.वि.स.को साकेवा सम्बन्धी जनकार व्यक्तिहरुबाट साकेवा सम्बन्धी आवश्यक अन्तर्वार्ता लिइएको छ । प्रश्नावलीबाट मात्र सबै तथ्याङ्क सूचना प्राप्त गर्न कठिन हुने हुनाले प्रश्नावलीबाट छुटफुट जानकारी प्रत्यक्ष अन्तर्वार्ताबाट लिइएको छ । अन्तर्वार्ताको क्रममा सम्बन्धित गा.वि.स. को गन्यमान्य व्यक्ति, बूढापाका, शिक्षक शिक्षिका, बुद्धिजीवी, नाक्छोङ (धामी) शिक्षित युवा, युवती आदि पक्षसँग प्रत्यक्ष संवादको माध्यमबाट सूचना तथा तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न गरिएको छ ।

### (घ) मूख्य सूचना दाता

प्रस्तुत शोधपत्रलाई सत्य तथ्य र यथार्थतापूर्ण बनाउनको लागि किरात राईहरुको यायोक्खाका केन्द्रीय पदाधिकारीहरुदेखि जिल्ला हुँदै सम्बन्धित गा.वि.स.का स्तरका पदाधिकारीहरुसँग आवश्यक सूचना तथा तथ्याङ्क लिने कार्य पनि सम्पन्न गरिएको छ । सम्बन्धित तथा आसपासका गा.वि.स.हरुमा रहेका नाक्छोङ (धामी) हरुबाट पनि आवश्यक सूचना लिने कार्य गरिएको छ । सम्बन्धित व्यक्तिहरुको सूची अनुसूची ३ मा दिइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

कुनै पनि शोधकार्य सम्पन्न गर्ने क्रममा विभिन्न माध्यमबाट प्राप्त गरिएको सूचना तथा तथ्याङ्कहरुलाई सरल र प्रभावकारी रुपमा विश्लेषण, तालिकिकरण र प्रस्तुतीकरण गर्नु पर्दछ । सही विश्लेषण, तालिकीकरण र प्रस्तुतीकरणले अनुसन्धानको सफलतालाई झल्काउने कार्य गर्दछ । तथ्याङ्क संकलन कार्य प्राथमिक स्रोत र द्वितीय स्रोतबाट गरिने भएकोले प्राप्त सूचना तथा तथ्याङ्कलाई आवश्यकतानुसार तालिकीकरण, प्रतिशतमा देखाई सही व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक प्राकृतिका सूचनाहरुलाई सोही बमोजिम व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद-चार
# अध्ययन क्षेत्रमा साकेवा

## ४.१ भोजपुरको परिचय

चौध अञ्चल पचहत्तर जिल्ला मध्ये नेपालको मध्य पूर्वमा अवस्थित कोशी अञ्चलको एक सुपरिचित जिल्ला भोजपुर हो । यस जिल्लाको भौगोलिक बनौटका बारेमा चर्चा गर्दा २६°५३" उत्तरी अक्षांससम्म, देशान्तरका आधारमा ८६° ५३" पूर्वी देशान्तर देखि ८८°१७" पूर्वी देशान्तर सम्म रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल १५०७ वर्ग कि.मी. रहेको छ भने पूर्व पश्चिमको सरदर चौडाइ ३५ कि.मी. र उत्तर दक्षिण लम्बाई ९३ कि.मी. रहेको छ । यस जिल्लाको सबैभन्दा अग्लो पहाड सिलिचुङ हो जसको उचाई ४,१५३ मी. रहेको छ ।यसैगरी सबैभन्दा होचो ठाउँ दक्षिण हसनपूर हो जुन १५३ मी. उचाईमा अवस्थित छ (जिल्ला विकास योजना, २०६७ : ७) ।

भोजपुर जिल्लाको पूर्वमा धनकुटा र संखुवासभा पश्चिममा खोटाङ्ग, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुरसँग नाता जोडेर रहेको छ । यस जिल्लालाई राजनीतिक विभाजनका दृष्टिकोणबाट हेर्दा दुई निर्वाचन क्षेत्र, ६३ गाउँ विकास समिति र १३ वटा इलाकामा विभाजन गरिएको छ । यहाँको तापक्रम अधिकतम ३२ डिग्री से. र न्यूनतम ०.१० से. सम्म हुने गरेको पाइन्छ । जातजातिका आधारमा हेर्दा यहाँ किरात राईहरुको बाहुल्यता रहेको पाउन सकिन्छ । जसअनुसार किरात राईहरु ६९,२४४ अर्थात् ३४.११ प्रतिशतको संख्यामा रहेका छन् भने दोश्रो क्षेत्री ४१,५३५ अर्थात् २०.४६ प्रतिशत रहेका छन् । यहाँ धर्मका आधारमा वर्गीकरण गर्दा हिन्दू १,०९,१५३ (५३.७७%) किरात ६४,३२३ (३१.६८%) बौद्ध २७,७२४ (१४.१५%) र अन्य ८१८ (०.०४%) रहेको छ (जिल्लाको वस्तुगत विवरण, २०६२ : १) ।

यस जिल्लामा एउटा विमानस्थल रहेको छ भने मोटर बाटो केही वर्ष अगाडि देखि केन्द्रीय राजमार्गसँग जोडिएको छ । यस जिल्लालाई जोड्ने एक मात्र राजमार्गको नाम नारदमुनी थुलुङ राजमार्ग हो । यस सडकलाई हिले भोजपुर सडकका नामले पनि चिनिन्छ, जसको लम्बाई ८९ कि.मी. रहेको छ । यस जिल्लामा एउटा क्याम्पस, उच्च मा.वि. १३, मा.वि. ४१, नि.मा.वि. ४३ र प्रा.वि. २९४ वटा रहेका छन् । यस जिल्लाको कूल साक्षरता दर ५५.५८% रहेको छ (जिल्लाको वस्तुगत विवरण, २०६२ : १) ।

भोजपुर जिल्लाका प्रमुख व्यावसायिक केन्द्रहरु भोजपुर बजार दिला बजार, घोडेटार, चम्पे बजार, पान्धारे बजार, च्याङ्गे, झ्याउपोखरी, अन्नपूर्ण, झुल्के, दाँवा र सुन्तले डाँडा मानिन्छ । यहाँ विभिन्न चाडहरुमा मेला पनि लाग्ने गर्दछ, रामनवमी दिंलामा, डवली भोजपुर बजार, कृष्ण अष्टमी टक्सार बजार, बालाचर्तुर्दशी, दिंला बजार र ट्याम्के आदि हुन् ।

यसैगरी खुकुरीले विश्वभर प्रसिद्ध भोजपुको अन्य विशेषतामा धार्मिक स्थल र पर्यटकीय क्षेत्रलाई पनि मान्न सकिन्छ । जसमा, साल्पा पोखरी दोभाने, नाग छाँगा - वैकुण्ठे, सिद्धकाली मन्दिर-भोजपुर, मैयु डाँडा-तिम्मा, ट्याम्के डाँडा-नागी, सिलिचुड-डाडा दोभाने, च्याङ्ग्रे, पोखरी-च्याङ्ग्रे, सिद्धकाली गुफा-भोजपुर टक्सार बजार-टक्सार, हतुवागढी-रानीवास घोरेटार, दिंला बजार-मुलपानी, केउरेनीपानी तुंगेछा, पशुपति मन्दिर-तिम्मा, राम जानकी मन्दिर-दिंला, वेहेरेश्वर मन्दिर-भुल्के, गोल्मा राजा गोल्मा रानी-बैकुण्ठे, नेपालको पहिलो बौद्ध बिहार-टक्सार, षडानन्द मा.वि. नेपालको दोश्रो विद्यालय-दिंला, तावा भन्ज्याङ्ग (पाँचधारे) - लेखर्क हुन् ।

राजनैतिक तवरले भोजपुर जिल्लाको छुट्टै महत्व र पहिचान रहि आएको छ । वि.सं. २००७ सालको राणा विरोधी आन्दोलनमा यस जिल्लाले अग्रणी भूमिका निर्वाह गरेको थियो । त्यस बेलाका प्रमुख योद्धाहरु नारदमुनी थुलुङ, रामप्रसाद राई, दानबहादुर कार्की जस्ता व्यक्तित्वको नाम लिन बढी सान्दर्भिक हुन्छ । यस जिल्लामा सबै जाति र धर्मको समिश्रणता पाइएता पनि किरात राई जातिको जनसंख्यकीय

बाहुल्यता रहेको छ । किरात राई बान्तवा जातिको बाहुल्यता भएको यस जिल्लाको एक प्रमुख ठाउँ नागी गा.वि.स. पनि हो । जुन प्रस्तुत शोधकार्यको अध्ययन क्षेत्र हो । यहाँका किरात राई बान्तवा जातिमा सामाजिक एकता रहेको पाइन्छ । समाजमा मर्दा पर्दा लगायत हरेक सामाजिक कार्यमा सबै दाजुभाइहरु मिलेर सहयोग आदान-प्रदान गर्ने प्रचलन रहेको छ । साकेवा चाड होस् या चुल्होपूजा या त धारा पूजा आदि सामाजिक कार्यमा सबै जुटेर आफ्नो सामार्थ्य अनुसार समानुपातिक रुपमा सहयोग आदान प्रदान गर्नु यहाँका किरात राई बान्तवाहरुको विशेषता हो । नाक्छुङ्ग (धानी) को निर्देशन अनुसार आफ्नो धार्मिक परम्परा पूरा गर्ने प्रचलन रहेको छ । आफू भन्दा ठूलालाई आदर सम्मान गर्ने र सानालाई दयाभाव राख्ने यस किरात राई समुदायको विशिष्ट पहिचान हुन् । यहाँका किरात राईहरु ब्रिटिश गोर्खा र भारतीय सेनामा बढी कार्यरत रहेका छन् । साथै यस समुदायमा किरात राईहरुको बाहुल्यता रहेता पनि अन्य जातजातिहरुसँग जातिय सद्भाव रहि आएको पाइन्छ ।

## ४.२ नागी गा.वि.स. को परिचय

प्रस्तुत शोधकार्यको सम्बन्धित अध्ययन क्षेत्र नागी गा.वि.स. भोजपुर जिल्लाको सदरमुकामबाट ४६ कि.मी. पश्चिमी भागमा अवस्थित छ । यो गा.वि.स. माझ किरातीहरुको एक ऐतिहासिक थलो हो । यस गा.वि.स. मा अत्यधिक मात्रामा राई बान्तवाहरुको बाहुल्यता रहेको छ भने यसको अलावा ब्राह्मण, नेवार, कामी, दमाई, मगर, क्षेत्री, आदि बसोबास गर्ने गर्दछन् ।

यस गा.वि.स.मा जम्मा घरधुरी संख्या २९४ रहेको छ भने कुल जनसंख्या १४२५ जना रहेका छन् । जसमध्ये पुरुष जनसंख्या ६७५ जना र महिला जनसंख्या ७५० जना रहेका छन् । कुल जनसंख्या मध्ये राई जनसंख्या १०७१ जना, ब्राह्मण १६७ जना, दमाइ, १०४ जना, कामी ३३ जना, नेवार २० जना, मगर १९ जना, क्षेत्री ८ जना र अन्य ३ जना रहेका छन् (जनगणना, २०५८) ।

यस गा.वि.स.को सिमाना छिमेकी गा.वि.स.हरु उत्तरपूर्वमा अन्नपूर्ण गा.वि.स. सँग जोडिएको छ भने दक्षिण पश्चिममा खावा गा.वि.स. सँग जोडिएको छ ।

धार्मिक तथा पर्यटकीय स्थलको रुपमा ट्याम्के डाँडा, चखेवा डाँडा, लगायत राई बान्तवाहरुको पवित्र साकेवा पूजा थानलाई लिन सकिन्छ । पछिल्लो समयमा आएर ट्याम्के डाँडालाई किरात राई 'भ्यू टावर' को नामले पनि चिनिन थालेको छ । ट्याम्केलाई आफ्नो शिर बनाइ बहने वाचिम्ले खोला प्रमुख हो भने अन्य सानातिना खोला खोल्सा, धारा कुलो कुलेसाहरु प्रशस्त मात्रामा पाइन्छन् । अन्नबालीमा यस गा.वि.स. मा प्रमुख रुपमा धान, कोदो, मकै, आलु आदि उत्पादन हुने गर्दछ । त्यस्तै फलफुलहरुमा सुन्तला, केरा, स्याउ, आदि उत्पादन हुने गर्दछन् ।

## ४.२.१ नागी गा.वि.स. मा बसोबास गर्ने राई बान्तवाहरुको परिचय

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र नागी गा.वि.स. मा बसोबासगर्ने राई बान्तवाहरु आफूहरुलाई छाङछाहाङ्गको सन्तान हो भन्ने गर्दछन् । ३२ पुस्ता काठमाडौंमा शासन गर्ने किरातका सन्तान काठमाडौंबाट विभिन्न ऐतिहासिक समयमा भएका युद्धहरुमा पराजित भई पूर्वी नेपालको दुध कोशी आसपासको स्थानमा शासन व्यवस्था सञ्चालन गर्न थाले, त्यो बेला धेरै साना तिना राज्य रजौटाहरु थिए । ती राज्य रजौटाहरु वीचमा झैंझगडा भइरहन्थ्यो । त्यसैबेला १७७० इ. मा पृथ्वीनारायण शाहले माझ किरातमा आक्रमण गरे । त्यसपछि माझ किरात क्षेत्रमा अशान्ति भइ नै रह्यो । त्यही दुध कोशी आसपासमा शासन सञ्चालन गर्ने किरातका सन्तानहरुमध्ये एक जान छाङछाहाङ्ग अरुण नदी आसपासमा आएर बस्न थाले । पछि तीनैका एक सन्तान दिवाहाङ्ग भोजपुर जिल्लाको दिल्पामा आएर बसेका हुन भन्ने कुरा राई बृद्धा जानकारहरु बताउने गर्दछन् ।

यसरी नागी गा.वि.स.मा बसोबास गर्ने राई बान्तवाहरु दिवाहाङ्गबाट फैलँदै गई आज विभिन्न पाछा-उपपाछाहरु (थर-उपथर) मा विभाजित भई फेरि दिल्पाबाट अन्य विभिन्न क्षेत्रतिर छरिँदै गएको पाउन सकिन्छ । हाल यस गा.वि.स.मा बसोबास गर्ने पाछाहरुमा रुङ्गमाङछा, काङमाङ्गछा, ऐवैछा, मुकारुङ्ग, रुछेनवुङ्ग, रुपावुङ्ग, वानु, खाम्तुले, मालेकङ, आदि प्रमुख हुन् ।

यस गा.वि.स. मा बसोबास गर्ने राई बान्तवाहरुको सामाजिक, आर्थिक, धार्मिक तथा राजनैतिक अवस्था भने सन्तुलनीय नै रहेको पाइन्छ । यस जातिले यी माथिका पाछाहरु विचमा विवाह गर्ने गर्दछन् । विवाह संस्कारमा मागी तथा भागी दुवै प्रचलनमा रहेको पाइन्छ । यस समुदायले पनि अन्य राई समुदाय सरह नै पास्नी, छेवर, विवाह तथा मृत्यु संस्कार गर्ने गर्दछन् । धार्मिक आस्थाका आधारमा यिनीहरुले आफूलाई पिता पूर्खा, प्रंकृतिपुजक किरात धर्मी भन्न रुचाए तापनि अरु धर्महरुप्रति पनि समान सद्भाव तथा सम्मानपूर्ण व्यवहार गर्ने गर्दछन् ।

यस समुदायको आर्थिक अवस्था सामान्य रहेको पाइन्छ । आयस्रोतमा प्रमुख रुपमा कृषिलाई नै लिन सकिन्छ । कृषि कार्यमा धान, कोदो, मकै, आलु प्रशस्त मात्रामा उत्पादन गर्ने गर्दछन् । यसका अलावा गाइ, वस्तु, भेडाबाखा, कुखुरा, सुँगुर आदि पाल्ने गर्दछन् । जागीरमा प्रमुख रुपमा ब्रिटिस आर्मी, इन्डियन आर्मी, बैदेशिक रोजगार तथा शिक्षण पेशालाई लिन सकिन्छ । त्यस्तै नेपाल आर्मी, प्रहरी र निजामती सेवामा भने नगन्य मात्रामा सेवामा रहेको पाइन्छ । शैक्षिक अवस्था राम्रै भएका यस समुदायका मानिसहरुको राजनीति क्षेत्रमा पहुँच भने जिल्ला देखि केन्द्रसम्म रहेको पाइन्छ ।

### ४.२.२ उत्तरदाताहरुको विवरण

#### (क) लिङ्गको आधारमा उत्तरदाताको अवस्था

किरात राई समुदायमा लैङ्गिक समानता पाइन्छ । पुरुष र महिला बीचमा शारीरिक बनोटका आधारमा केही कार्य फरक भएता पनि अन्य क्षेत्रमा दुवैको स-सम्मान पहुँच रहेको पाइन्छ । धार्मिक कट्टरता नभएको यी समुदायमा राम्रैसँग सामाजिक सद्भाव लोकतान्त्रिक मूल्य मान्यताको पालन र विकास प्राचीन कालबाट नै हुँदै आइरहेको पाइन्छ । जसरी स्कुल जान, सामाजिक, राजनैतिक कार्यमा संलग्न हुन, सभासमारोहमा भाग लिन पुरुषहरु स्वतन्त्र छन्, त्यसैगरी महिलाहरु पनि स्वतन्त्र छन् । त्यस्तै गरेर यी जातिको प्रेस, खेलकुद, कलाकारिता, गीत, संगीत आदि क्षेत्रमा पनि समान सहभागिता रहेको पाइन्छ । समग्रमा भन्नुपर्दा यस जातिमा जातिभेद,

लिङ्गभेद, वर्ण भेद, वर्ग भेद, धर्म भेद रहेको पाइँदैन । यी जातिले समानतामा मात्र होइन न्यायिक समतामा पूर्ण रुपमा विश्वास गर्दछ ।

**तालिका नं. १**

**लिङ्गको आधारमा उत्तर दाताहरुको अवस्था**

| | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| (१) | पुरुष | २५ | ७८.१३ |
| (२) | महिला | ७ | २१.८८ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा नागी गा.वि.स. का ३२ जना उत्तरदाता मध्ये २५ जना अर्थात् ७८.१३ प्रतिशत पुरुष र ७ जना अर्थात् २१.८८ प्रतिशत महिला रहेको पुष्टि हुन्छ । यस शोधपत्र तयार पार्ने क्रममा शोधकर्ताले महिला पुरुषलाई समान सहभागी गराउन चाहेता पनि विविध कारणले असम्भव भएको प्रष्ट देखिएको छ ।

### (ख) पेशागत आधारमा उत्तरदाताको अवस्था

नेपाल कृषि प्रधान देश हो । यस देशका करीब ८० प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् । त्यस्तै किरात राईहरुको पनि मुख्य पेशा भनेको कृषि नै हो । कृषि पेशाबाट नै अधिकांश किरात राईहरु आफ्नो जीविका चलाउने गर्दछन् । त्यस्तै पेशागत आधारमा नागी गा.वि.स. मा बसोबास गर्ने राई बान्तवा समुदायलाई लिंदा यस समुदायका मानिसहरुको मुख्य पेशा पनि कृषि नै रहेको पाइन्छ । यसका अलावा यहाँका मानिसहरु शिक्षण, सरकारी नोकरी, राजनीति, समाज सेवा लगायत ब्रिटिश आर्मी, इन्डियन आर्मी, देखि वैदेशिक रोजगारीका लागि खाडी मुलुकको विभिन्न देशहरुमा संलग्न रहेको पाइन्छ ।

**तालिका नं. २**

**पेशागत आधारमा उत्तरदाताको अवस्था**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षण | ११ | ३४.३८ |
| २ | कृषि | १७ | ५३.१३ |
| ३ | समाजसेवा | ३ | ९.३८ |
| ४ | राजनीतिक | १ | ३.१३ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा पेशागत आधारमा उत्तरदाताको पेशागत अवस्था के-कस्तो छ भनी नागी गा.वि.स.का ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा शिक्षण पेशामा ११ जना अर्थात् ३४.३८ प्रतिशत, कृषि पेशामा १७ जना अर्थात् ५३.१३ प्रतिशत, समाजसेवामा ३ जना अर्थात् ९.३८ प्रतिशत र राजनीतिमा १ जना अर्थात् ३.१३ प्रतिशत रहेको पाइएको छ । यसरी माथिको तालिकाबाट पुष्टि हुन्छ कि राई बान्तवाहरुको मुख्य पेशा कृषि नै हो । कृषि पेशाको अतिरिक्त शिक्षण पेशामा निकै संलग्न भएको कारणले यी समुदायको शैक्षिक स्तरमा पनि बृद्धि भइरहेको पुष्टि हुन्छ ।

### (ग) धर्मको आधारमा उत्तरदाताको अवस्था

नेपाल बहुधार्मिक, बहुसंस्कृति बहुभाषिक भएको देश हो । यहाँका मानिसहरु स्वतन्त्र रुपमा विभिन्न धर्महरु मान्ने गर्दछन् । यस देशमा धार्मिक हिसाबले हिन्दुहरुको बाहुल्यता रहेता पनि बुद्ध, किरात, मुस्लिम लगायत क्रिश्चियन धर्म मान्ने समुदायहरु पनि उल्लेख्य मात्रामा रहेको पाइन्छ । यस देशमा विभिन्न धर्म मान्ने मानिसहरु बसोबास गरे तापनि सबै यी मानिसहरुमा धार्मिक सहिष्णुताको कारण धर्मको नाममा एक आपसमा धार्मिक युद्ध झैंझगडा कहिले पनि भएको पाइँदैन । यो नै नेपाल र नेपालीको गौरबको विषय हो ।

त्यस्तै नागी गा.वि.स.मा मुख्य रुपमा किरात राई बान्तवाहरु बसोबास गर्ने गर्दछन् । किरातीहरु प्रायस किरात धर्म मान्ने गर्दछन् । यसका अलावा हिन्दु धर्म पनि सामान्यतया मान्ने गरेको पाइन्छ । किरात धर्म नेपालको धर्महरु मध्ये एक प्रमुख धर्म हो । यस धर्मलम्बीहरुले सुम्निमा र पारुहाङ्गलाई आफ्नो प्रमुख सृष्टि माता र सृष्टि पिताको रुपमा पूज्ने गर्दछन् । यस धर्मको धार्मिक विशेषता भनेको आफ्नो पिता पूर्खाहरुको अमर आत्म, प्रकृति र धर्तीलाई पुज्नु हो । यस धर्मलम्बीहरुको धर्मग्रन्थ ‘मुन्दुम’ हो । यस मुन्दुमको माध्यमबाट आफ्नो धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यहरु सु-सम्पन्न गर्ने गर्दछन् । यी जातिले आगो, पानी वनजंगल, जीवजन्तु आदिलाई पनि पुज्ने गर्दछन् ।

हिन्दु धर्म यस देशका बहुसंख्यक मानिसहरुले मान्ने धर्महरु मध्ये एक प्रमुख धर्म हो । यस धर्मलम्बीहरुले शिव र पार्वतीलाई आफ्नो प्रमुख देव देवीको रुपमा मान्ने गर्दछन् । यसका अतिरिक्त अन्य तेतिस कोटी देवदेवीका विभिन्न स्वरुपहरुलाई पनि पूजा गर्ने गर्दछन् । हिन्दु धर्मावलम्बीहरुको धार्मिक विशेषता भनेको विभिन्न मन्दिरहरुमा गएर मन्दिरमा सजाएर राखिएको देव देवीहरुको पूजा गर्नुका साथै आफ्नो मनोकांक्षा पूरा गर्न बली चढाउनु हो । यी समुदायले धार्मिक चाडको रुपमा दशैं, तिहार, हरितालिका तीज, जनै पूर्णिमा, आदिलाई मान्ने गर्दछन् ।

**तालिका नं. ३**

**धर्मको आधारमा उत्तरदाताको अवस्था**

| क्र.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | किरात | २५ | ७८.१२५ |
| २ | हिन्दु | ७ | २१.८७५ |
| | जम्मा | ३२ | १०० |

माथिको तालिकामा धर्मको आधार उत्तरदाताको धार्मिक आस्था के कस्तो छ भनी अध्ययन क्षेत्रका ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा, किरात धर्म मान्ने २५ जना अर्थात् ७८.१२५ प्रतिशत, हिन्दु धर्म मान्ने ७ जना अर्थात् २१.८७ प्रतिशत रहेका

छन् भने अन्य धर्म मान्ने मानिसहरु शुन्य रहेको पुष्टि हुन्छ । यसरी हेर्दा राई बान्तवाहरु किरात धर्म नै मान्ने गरेको पुष्टि हुन्छ ।

### (घ) भाषिक आधारमा उत्तरदाताको अवस्था

यस देशमा विभिन्न जातजाति भाषाभाषीहरु बस्ने गर्दछन् । जस मध्येका एक किरात राईहरु पनि हुन् । यी जातिको आफ्नै किसिमको भाषा, धर्म संस्कृतिहरु छन् । प्रायस आफ्नै भाषा बोल्ने यी जातिमा नेपालको राजनीतिक परिवर्तनहरुले भने प्रभाव पारेको देखिन्छ । पृथ्वीनाराईण शाहले नेपालको एकिकरण गरेपछि यस जातिमा नेपाली भाषा र हिन्दु धर्मको प्रभाव परेको जानकारहरु बताउँदछन् । त्यस्तै विभिन्न जातिय संघ संस्थाहरुले नेपाल सरकार सँग विभिन्न समयमा आफ्नो भाषा, धर्म, संस्कृतिको संरक्षणको माग गर्दै आन्दोलनहरु गरेका छन् जसले गर्दा आ-आफ्नो जातिय भाषाहरुलाई मौलाउने अवसर मिलेको पाइन्छ । त्यस्तै किरात राईहरुको छाता संगठन किरात राई यायोक्खा केन्द्रीय कार्यालयले पनि आफ्नो भाषा संरक्षणको लागि हरदम प्रयास गरिरहेको पाइन्छ ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलन पश्चात् भने नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा तत्कालीन अन्तरिम सरकारले घोषणा गरेको हुनाले त्यसपछि भने सबै धर्म, भाषा, संस्कृतिहरुले समान रुपमा फल्ने फुल्ने मौका पाएका छन् ।

**तालिका नं. ४**

**भाषिक समूहको आधारमा उत्तरदाताको अवस्था**

| क्र.सं. | भाषिक समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राई बान्तवा | २० | ६२.५० |
| २ | नेपाली राई बान्तवा | ५ | १५.६३ |
| ३ | नेपाली | ७ | २१.८८ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा भाषिक समूहको आधारमा उत्तरदाताको अवस्था के कस्तो छ भनी अध्ययन क्षेत्रमा ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा राई बान्तवा भाषा बोल्ने भाषिक समूह २० जना अर्थात् ६२.५० प्रतिशत, नेपाली राई बान्तवा भाषा बोल्ने समूह ५ जना अर्थात् १५.६३ प्रतिशत र नेपाली भाषा बोल्ने ७ जना अर्थात् २१.८८ प्रतिशत रहेको पाइएको छ । यसरी माथिको तालिकाबाट राई बान्तवाहरु आफ्नै भाषा नै बढी बोल्दो रहेछ भन्ने पुष्टि हुन्छ ।

# परिच्छेद-पाँच

# बान्तवा राईहरुको साकेवा

## ५.१ परिचय

विविध जातजातिहरुको संगम स्थलको रुपमा परिचित नेपालमा १०१ जातजातिहरु ९२ भाषा भाषीहरुको पहिचान भएको पाइन्छ (कार्की, २०६६: १) । विभिन्न जातजातिहरुका आ-आफ्नै मौलिक भाषा संस्कृति, रहनसहनका वातावरण, लवाई खवाई, सामाजिक परिवेश तथा धर्म संस्कारहरु रहेका छन् । यी विभिन्न समुदायहरुले परापूर्वकालबाट हालसम्म आफ्नो धर्मसंस्कार संस्कृतिहरुलाई बचाउँदै आ-आफ्नो मौलिक पहिचान यहि धर्मसंस्कार संस्कृतिका माध्यमबाट दिइरहेको पाइन्छ । यहाँ एक जातिले अर्को जातिको धार्मिक सम्प्रभुत्ता माथि निस्वार्थ रुपमा सहयोग गरिरहेको पाइन्छ । जातिय विभेद र धार्मिक कट्टरता नेपाली समाजमा विरलै मात्र पाउन सकिन्छ ।

नेपाली यी विभिन्न जातजाति भाषाभाषीहरुले आ-आफ्नो धर्म संस्कृतिलाई जीवन्तता दिन विभिन्न समयमा आ-आफ्नो चाड पर्वहरु मनाउने गर्दछन् । जस अन्तर्गत पश्चिम् नेपालमा गुरुङ्ग समुदायले मनाउने रोधी र घाटु नाच हो, त्यसैगरी दुरा जातिको चुड्का वा सोह्रठी नाच प्रचलित छ भने पल्लो किरात क्षेत्रमा बसोबास गर्ने लिम्बु जातिको पलम र धान नाचलाई लिन सकिन्छ । त्यस्तै नेपालको उत्तरी भेगतिर बसोबास गर्ने शेर्पा, तामाङ्ग समुदायमा नयाँ वर्षको रुपमा मनाइने 'लोसर पर्व' को आफ्नै किसिमको मौलिक पहिचान रहेको पाइन्छ भने तराईमा नाचिने 'मयुर नाच' या 'झिझिया नाच' साथै 'छठ पर्व' जसले तराई वासीहरुको जीवनगाथा झल्काई रहेको पाइन्छ । यसरी विभिन्न समुदायहरुको आ-आफ्नै नाच, चाड पर्वहरु रहे जस्तै यस देशका आदिवासी जनजाति मध्येका एक किरात राई जातिको पनि आफ्नै किसिमको धर्म संस्कार, संस्कृति रहन सहन, चाड पर्वहरु रहेका छन् । ती मध्ये एक प्रमुख चाडको रुपमा 'साकेवा चाड' लाई लिन सकिन्छ । यो साकेवा चाड प्रायस

वल्लो किरात, माझ किरात र पल्लो किरातका सबै क्षेत्रमा बसोबास गर्ने किरात समुदायले फरक फरक किसिमले मनाउने भएता पनि माझ किरात क्षेत्रमा बसोबास गर्ने किरात राईहरुले अत्यधिक मात्रामा यस चाडलाई मनाउने गरेको पाइन्छ ।

जिल्लाको रुपमा लिँदा हाल साकेवा चाड बढी मात्रामा भोजपुर, दिक्तेल ( खोटाङ्ग) धनकुटा, उदयपुर, सनुसरी, झापा, मोरङ्ग लगायत काठमाडौं, ललितपुर, आदि जिल्लाहरुको विभिन्न शहरहरुमा यो चाड ढोल झ्याम्टाको साथ साकेवा नाच नाचेर मनाउने गरेको पाइन्छ । विशेषतः माझ किरात क्षेत्रमा मनाइने यो चाडलाई खोला, भाषा, राईहरुको थर तथा पाछ्राहरुको आधारमा हेर्दा यसमा विविधता पाउन सकिन्छ । खोलाको आधारमा हेर्दा माझ किरातलाई मुख्य रुपमा दुई भागमा विभाजन गरेको पाइन्छ । ती हुन् उभोखोला र उद्योखोला, माझ किराती बसोबास गरेको उत्तरपट्टि जुन रावाखोलाले छेकेको भूभाग जसलाई रावाखोला भनिन्छ भने त्यो भन्दा तल्लो भागलाई उभोखोला भनिन्छ । त्यस्तै त्यो भन्दा तल्लो भागलाई उद्योखोला भनिन्छ जुन दुई खोलामा विभाजित रहेको पाइन्छ, जुन हो बान्तवा खोला र चाम्लिङ्ग खोला । यसरी खोलाको आधारमा छुट्टाइएका राई समुदायहरुमा फरक फरक २८ भाषा बोल्ने १७ थरका यी समुदाय अनगिन्ति पाछ्राहरुमा विभाजित रहेको पाइन्छ ।

यस्ता विविधताको कारणलेगर्दा साकेवा चाडलाई पनि यी समुदायहरुले फरक फरक नामले जनाउने गर्दछन्, जस्तो बान्तवा राईहरुले साक्खेवा/ साकेवा / साकेन्वा / चाम्लिङ्ग राईहरुले साकला / साकेला / फागु / थुलुङ्ग राईहरुले साकले / तीष र कुलुङ्गराईहरुले तोषी / भूमेपूजा भनेर भन्ने गरेको पाइन्छ भने अपभ्रमस्रीत रुपमा नेपालीमा चण्डी पनि भन्ने गरेको पाइन्छ । यी विविध नामबाट परिचित साकेवा पूजाको अर्थ भने यी सबै समुदायहरुमा एउटै किसिमको रहेको पाइन्छ ।

साकेवा पूजा भन्नु नै आ-आफ्ना पिता पूर्खाहरु र प्रकृति धर्तीमातालाई पुज्नु हो । यस समुदायले आफ्ना स्वभाविक मृत्यु वरण गरेका जुजुबाजे पिता पूर्खाहरुको

अमर आत्माले खाने, बस्ने, खेल्ने ठाउँको प्रतीकको रुपमा चुल्हो (सुप्तुलुङ्ग) लाई मान्दछन् । त्यसैले साकेवा चाड/पूजामा यी समुदायले चुल्हो पूजा अनिवार्य गर्ने गर्दछन् । साकेवा चाडमा पूजिने चुल्हो पूजाको माध्यमबाट यी जातिले आ-आफ्नो पितृदेवहरुको अमर आत्मलाई खुसी पारी नयाँ अन्नवालहरुको उत्पादनमा बृद्धि गर्न सहयोगको प्रार्थना गर्ने गर्दछन् । त्यस्तै धार्मिक कट्टरता नभएको यस समुदायको धर्म भन्नुनै प्रकृति र पिता पूर्खाहरुलाई पुज्नु हो । साकेवा पूजाको अर्को प्रमुख पाटो भनेको प्रकृतिको पूजा गर्नु हो । प्रकृति भन्नाले धर्ती र धर्तीमा रहेका सबै चीज वस्तुहरुलाई बुझाउँदछ । साकेवा पूजामा यी सबै वस्तुहरुको पूजा गरिने भए तापनि मुख्य रुपमा भने हेन्खामा (धर्तीमाता) को पूजा गर्ने गरिन्छ । किनकी प्रथममा धर्तीबाट नै अन्य वस्तुहकरुको उत्पत्ति भएको विश्वास यी समुदायमा रहेको पाइन्छ ।

वर्षमा दुईपटक वैशाखे पूर्णिमा र मंसिरे पूर्णिमामा पूजिने साकेवा पूजा उभौलीमा अन्नबालीको राम्रो उत्पादनको कामना स्वारुप हेन्खामासँग साकेवा नाक्छोङ्गले प्रार्थना गर्ने गर्दछन् । हेन्खामाको पूजा गरि सकेपछि हेन्खामा खुसी भई अन्नबालीलाई आवश्यक सम्पूर्ण वातावरण मिलाई दिने विश्वास यस समुदायमा रहेका छन् । राम्रो अन्नबालीको उत्पादनको कामना सहित मनाइने उभौली पछि यी समुदायले मंसिरे पूर्णिमामा उधौली साकेवा पूजा गर्ने गर्दछन् । त्यो बेलाको पूजामा फलेको अन्न बालीलाई राम्रोसँग उपभोग गर्न पाइयोस् तथा अन्न बालीको सह राम्रो होस् भन्ने कामनाका साथ हेन्खामासँग प्रार्थना गर्ने गरिन्छ । यसरी उभौली उधौली साकेवा पूजा पश्चात् यी समुदायमा घर परिवार, छर छिमेक, इष्टमित्र, देश विदेशमा रहेका आफन्तजनहरु सबैमा सुब्यफाब्य (राम्रो उन्नति प्रगति) हुने जनविश्वास यस समुदायमा रहेको पाइन्छ । त्यस्तै साकेवा नाच सामूहिक रुपमा बृत्ताकार घेरामा बाल बच्चा, युवा युवती, बृद्ध बृद्धाहरु एकसाथ नाचिने हुनाले यसले यस समाजमा सामूहिक एकताको भावना विकास गर्ने गर्दछन् । यो पूजाको बेलामा देश प्रदेश गएका आफन्तजनहरु फर्कने र प्रदेश लाग्न लागेका मानिसहरु यसै पूजालाई शुभसाईत मानी प्रदेश लाग्ने गर्दछन् । साकेवा नाच शिलीमाहाङ्गपा वा

शिलीमाहाङ्गमाको नेतृत्वमा अनुशासित भई उनीहरुको शिलीको इसाराले नाचिने गर्दछन् । ती नाचिने शिलीहरुमा किरात इतिहासका प्राचीन कालदेखि कृषि युग हुँदै हालसम्मको झल्को पाउन सकिन्छ । जुन यी समुदायको लागि मात्र नभएर आम मानव समुदायको खोज अध्ययन अनुसन्धान गर्न यसले मद्दत गर्दछ ।

## ५.२ आख्यानको आधारमा साकेवाको उत्पत्ति

किरात राई समुदायमा साकेवा चाडको उत्पत्ति कहिले र कसरी भयो भन्ने कुरा अझ पनि खोज, अध्ययन अनुसन्धानको विषय बनेको छ । आज सम्म पनि साकेवाको उत्पत्ति र पूजा थालनीको विषयमा स्पष्ट धारण आउन नसक्नु राई समुदायको लागि दुःखको कुरो हो । तर पनि विभिन्न किसिमका लोककथा तथा किम्बदन्तीहरुमा प्रचलित साकेवाको उत्पत्ति र पूजा थालनीसँग सम्बन्धित लोक आख्यानहरु तल प्रस्तुत गरिएको छ, जसमा साकेवाको उत्पत्ति पूजा थालनीसँग केही मात्रामा मेल खाएको पाइन्छ ।

### (क) पहिलो आख्यान

सृष्टिकालमा किरात राईहरुका सुन्तुम (सृष्टिकर्ता) पारुहाङ र सुम्निमा थिए । पारुहाङको अर्थ पारु-आकाश र हाङ-अधिकारी वा अधिपति हुन्छ भने सुम्निमाको अर्थ सुम्नि-धर्ती र मा-आमा भन्ने हुन्छ । यिनै जगतपिता र जगतमाताको संसर्गबाट यस धर्तीमा चिकिवा (बाघ) र नारावा (भालु) र हेन्कुमबुङ (मान्छे) को जन्म भएको थियो । नारावा जन्मेको केही सयमपछि नै जंगल पसरे फर्केनन् । दुई सन्तान चिकिवा र हेन्कुमबुङ जगतपिता र जगतमाताको हेरचाहमा दिन प्रतिदिन हुर्कँदै गए ।

बाल्यकाल पार गरेपछि धनु विद्या हासिल गरी दुवै दाजुभाइ जङ्गलतिर शिकार खेल्न जान थाले । चिकिवा (बाघ) दाजु भइकन पनि अति घमण्डी थियो । हेन्कुमबुङ (मनुष्य) कान्छो र सानो भइकन पनि बुद्धिमानी र अति चलाख थियो । शिकारको समयमा दुई दाजुभाइमा बाजी चल्थ्यो । यो समयमा पनि हेन्कुमबुङको नै जित हुन्थ्यो साथै तर्क बितर्कको कुरामा त चिकिवाले हेन्कुमबुङलाई उछिन्ने कुरा नै

भएन । चिकिवा भाइ हेन्कुमबुङबाट हार्नुपर्दा भाइमाथि जाइलग्न समेत पछि पर्दैनथ्यो । दाइको यस्तो दुःखदायी व्यवहारको बारेमा आमा सुम्निमालाई बेला-बेलामा सुनाउने गर्थ्यो । सुम्निमा छोराहरुको यस्तो चाल देखेर साह्रै दुःखी हुन्थिन् ।

एक दिन सदाझैं चिकिवा र हेन्कुमबुङ शिकार खेल्न निस्के । सुम्निमाले छोराहरुलाई खाजा खान भनी पेम्पाक (बावर) पकाएर झोलामा राखिदिइन् । खाजा सदाझैं हेन्कुमबुङले नै बोक्यो । जानुभन्दा अगाडिआमाको खुट्टामा दुवैले ढोगे । यसै समय आमाले विगतमा कान्छा छोराले भनेको कुरा सम्झिन् र छोराहरुलाई सम्झाउँदै भनिन् - "बाबु हो ! जति बेला तिनीहरुलाई भोक लाग्छ खानु र सकेसम्म बेलामा घर फर्कनु बुझ्यौ ?" विनयका साथ "हवस्" भन्दै छोराहरु अगाडि के लागेका थिए, आमाले चिकिवालाई बोलाएर सम्झाउँदै भनिन् "ए चिकिवा ! तिमीले जसरी हुन्छ भाइको सुरक्षा गर्नु । सानो छ केही हुन सक्छ । तिमीले भाइलाई नजिस्क्याउनु पनि । उ मनुखे हो, तिमीभन्दा बुद्धिमान छ । अप्ठ्यारोमा पार्ला । तिमीहरुलाई केही भएमा मेरो मातृहृदय दुख्नेछ । त्यसपछि मलाई थाहा हुनेछ कि तिमीहरुलाई केही भएको हुनुपर्छ ।"

आमाबाट बिदा लिइ दुवै भाइ शिकारको लागि जङ्गलतिर लागे । जाँदाजाँदै बाटोको बीच-बीचमा चिकिवाले हेन्कुमबुङलाई धेरैपटक आक्रमण गर्ने जमर्को गरेको थियो । तर हेन्कुमबुङले थाहा नपाए जस्तै गरे । घाम अस्ताउनु अगाडि नै निश्चित ठाउँमा भेट भई खाजा खाई घर फर्कने सल्लाह गरी भाइ उत्तरतिर र दाजु दक्षिण जङ्गलतिर लागे ।

भाइ शिकार खेलेर अगाडि आइसकेको थियो । दाजुको क्रियाकलाप प्रति संशङ्कित भाइले आफ्नो टोपी फुकालेर एउटा ठुटामा राखि आफू नदेखिने गरी रुखमा चढेर पर्खि बसे । अहंकारी चिकिवा शिकार खेल्दै आइपुगे । ठुटाको टोपी देख्ने बित्तिकै झम्टि च्यातचुत गरी धुजाधुजा बनाए । दाइको क्रियाकलापले भाइको होस हवास हरायो । मौका मिलेमा दाइले मलाई बाँकी नराख्ने रहेछ भन्ने पक्का भयो । रुखमै बसि

हेन्कुमबुङले चिकिवालाई बोलाए "ए दाइ ! केगर्न लागेको हँ ?" चिकिवाले अत्तालिँदै जवाफ दिए, "होइन शिकारको लागि अभ्यास गरेको ।"

भाइ हेन्कुमबुङले दाइ चिकिवालाई मार्ने योजना बनाइ खाजा खाने निहुँ पारेर भन्यो, "दाइ ! खाजा खाने होइन ? खानुहुन्छ भने आँखा चिम्लेर आँ गर्नुहोस् । यहाँबाट खसाइ दिउँला ।" चिकिवाले पनि "हुन्छ" भनी आँखा चिम्लेर आँ गऱ्यो । सोही मौका पारी हेन्कुमबुङले दाइको मुखमा धनुषकाँडले हानेर ठहरै पारी मारे । र उनको मृत शरीरलाई स्याउलाले छोपछाप पारेर घर फर्के ।

साँझ हेन्कुबुङ एक्लै घर फर्क्यो । आमाले ऊ एक्लै घर फर्केको देखि शंका लागेर सोधिन "ए हेन्कुबुङ ! खै तिम्रो दाइ ? कहाँ गयो हँ ?" पहिला त "थाहा छैन" भनेर ढाँट्यो । आमाले फेरि सोधिन्, "ए ! नढाँटीकन भन, आज मेरो मातृहृदय दुखेको छ । तिमीहरुलाई केही न केही भएको हुनैपर्छ ।" त्यसपछि हेन्कुबुङलाई भन्न कर लाग्यो र घटनाको सम्पूर्ण विवरण सुनाउन पुगे ।

आमा सुम्निमाले सम्पूर्ण घटना सुनेपछि सिलाढुङ्गा, अदुवा, चामल, मर्चापानी राखेको चिण्डो, चिप्लेकटुसको सेउलीको मुठ्ठा र खुर्पा लिएर हेन्कुबुङलाई भनिन्, "ल हिँड, तिम्रो दाइलाई के, कसो, कहाँ, कसरी राखेका छौं ? देखाऊ ।" आमाछोरा चिकिवा मरेको ठाउँतिर लागे । रगताम्मे, चिसो, कक्रक्क परेको मृत अवस्थामा चिकिवालाई स्याउलाले छोपेर राखेको रहेछ । आमाले रुँदै सुम्सुम्याउँदै चिकिवाको शरीरमा लागेको वाण निकालेर घाउ सफा गरी जडीबुटी लगाइदिइन् । यसका साथै बाँसको काँगियो निकाली चिकिवाको केश कोरी तेल लगाइदिइन । त्यसपछि चिकिवाको शरीरमा सिलाढुङ्गा, खुर्पा, मर्चापानी राखेको चिण्डो राखेर अक्षता छर्केर अदुवाको कच्छुरले हान्दै केही मुन्दुम भन्दै सेउलीले हानेपछि व्युँतेर आयो ।

आमाले यसपछि दुवै भाइलाई बोलाई आ-आफैले चलाएका धनु, वाण, सिलाढुंगा, मर्चापानीको चिण्डो, खुर्पा, अक्षता, अदुवाको कच्छुर, सेउलीको मुठा एक ठाउँमा राखी छुन लगाइन् र भन्न थालिन्, "हेर बाबु हो, तिमीहरु कहिल्यै मिल्दैनौ, एक आपसमा सँगै बस्यौ भने झगडा गरिरहन्छौ । त्यसैले अबबाट तिमीहरु अलग-

अलग रहनु बस्नु । तिमी दाइ जङ्गलमै बस्नु, भाइ खुला ठाउँमा बस्नु । आजबाट यो सिलाढुँगा तिमीहरुको सिमानाका साथै साक्षी पनि भयो । आकाश र धर्ती रहेसम्म धर्म, इतिहास र प्रमाणको रुपमा यो सिलाढुंगा रहनेछ ।यदि तिमीहरुमध्ये कसैले यसको उल्लंघन गरेमा जगत पितामाताको चित्त दुख्नेछ र सुब्बेफाब्बे पनि हुँदैन भन्दै आमालले सिलाढुङ्गामाथि अदुवाको कछुर र अक्षताले हानी मर्चापानी छर्किन् ।

आमाले जेठा छोरालाई बिदा दिने बेलामा आशिर्वाद दिँदै भनिन्, “मैले तिमीलाई पहिले नै भनेकी थिएँ । तिम्रो भाइ मनुखे हो । उसको बुद्धि विवेकले संसार खान्छ, त्यसैले नजिस्काउनु भनेको होइन ? जिस्कायौ यो गति बनाइदियो । अब कहिल्यै नजिस्क्याउनु । भाइ छभर (पल्लो डाँडा) मा हुँदा तिमी दिनभर (वल्लो डाँडा) हुनु, देखभेट भइहालेमा उन्यूँको पातमा भए पनि छलिनु, बुझ्यौ, ल जाऊ ।” भनेर चिकिवालाई विदा दिइन् र चिकिवा आमाले देखाएको बाटो लागे ।

यसैगरी कान्छो छोरालाई पनि बोलाएर आशिर्वाद दिँदै भनिन् तिमी मनुखे हौ । दाइभन्दा धेरैबुद्धिमानी छौ । त्यसैले हामीले परम्पराबाट मान्दै आएको रीतिथिति आजबाट तिमीले राम्ररी पालना गर्नु । आफूले पवित्र कार्य गरी जगत पितामातालाई खुशी तुल्याउनु । यसको लागि तिमीले छ, छ महिनाको फरकमा यो सिला (साकेवा) को पूजा गर्नु । तिमीलाई सुब्बेफाब्बे हुनेछ ।’

यसै समयदेखि शिलाढुंगालाई मृत आत्माको प्रतीक मानी किरात राई समुदायद्वारा वर्षको दुई पटक बैशाखे पूर्णिमामा उभौली र मंसिरे पूर्णिमाको उधौली साकेवा पूजा गर्न थालिएको बृद्ध जानकारहरु बताउँदछन् । यो चाड पूर्णिमा कै दिनबाट मनाउनुका पछाडि केही कारणहरु रहेका छन् । ऋतु परिवर्तनसँगै बैशाख पूर्णिमाका बेलामा कृषि कार्य गर्ने उपर्युक्त समय हुने भएकाले त्यसै बेला अन्नबाली लगाउने, बीउ बीजन राख्नेजस्ता कार्यहरु मौसम अनुकूलता हुने हुनाले यो चाड बैशाखे पूर्णिमा देखि नै मनाउने गरेको किंवदन्ती पाइन्छ ।

(ख) **दोस्रो आख्यान**

'मुन्दुम' धारणा अनुसार तावाँमा र खिखामा जस्ता प्रतिभाशाली चेलीहरुको माइती खम्बुहाङले नायुमासँग विवाह गरेका थिए । एक दिन खम्बुहाङले पासोमा पारेर ढुकुर ल्याए र भोजन गरे । ढुकुरको गोजेरो (गाड) लाई भने घुऱ्यानमा मिल्काइएको थियो । घुऱ्यानमा नयाँ किसिमका बिरुवाहरु पलाए । नायुमाको सल्लाह अनुसार यी बिरुवाहरुलाई जोगाएर राखियो । तीन वर्षसम्म विरुवाहरुले ठूलो जमिन ढाक्न पुगे । फलहरु पाकेपछि खानुपर्छ भन्ने निधोमा नायुमा पुगिन् भने खम्बुहाङले "विष लागेर मरिन्छ कि" भन्ने शंका प्रकट गरे तर शंका निवारण गर्दै नायुमाले भनिन् कि "त्यो खाएर ढुकुर मरेन, त्यसैले खान सकिन्छ ।" त्यसपछि विरुवाका फलहरु भोजन गरे । ती फलहरु धान, कोदो, तोरी आदि अन्नहरु थिए, जो ढुकुरले कतैबाट ल्याएको थियो, जसलाई घुऱ्यानमा मिल्काइएको थियो ।

अन्न खाएपछि नायुमा परिवारलाई असाध्यै विषायो । "खान नहुने खाइएछ" भनेर खम्बुहाङले शंका व्यक्त गरे । नायुमको तर्क फेरि पनि थियो कि "खान नहुने हो भने यो खाएर ढुकुर किन मरेन होला ? बरु हामीले निनाम्मा-सुम्नामा-पारुहाङलाई चढाएर मात्र खानुपर्ने थियो कि ? कुलपितृ रिसाएर पो विषायो कि ?" त्यसपछि पितृलाई पहिले फलेको अन्न चढाएर मुन्दुम फलाक्दा आफै शरीरमा कम्पन भएकोले उनी पहिला भूइफुट्टा खम्बू नाक्छोङ (धामी) पनि भए ।

खुवालुङ अर्थात् हलेसी गुफामा बसोबास गरेका तीनै खम्बुहाङ्ग र नायुमाले थालनी गरेको परम्परालाई नै आज 'साकेवा' भनिन्छ र तिनै खुम्बुहाङ्ग-नायुमा-खियामाले खम्बु किरात सभ्यताको सृष्टि गरे भन्ने मुन्दुममा धारणा रहेको पाइन्छ । उनीहरु नै पृथ्वीमा पहिलो चोटी अन्न भोजन गर्ने मानवहरु थिए ।

(ग) **तेस्रो आख्यान**

करीब सातौं आठौं शताब्दितिर हालको दोलखा जिल्लामा धेरै अगाडि बुधाहाङ्ग नामक किराती राजले राज्य गरेको थियो । आफ्ना पिता पूर्खाहरुले गरी आएको राज्य

गुमेकोमा उनी धेरै चिन्तित थिए । उनका दुई रानी थिए - सिल्टाकुप्मा र वासाङ्कुमारी । साथै एकजना सोइसोइला नाम गरेकी चेली थिइन् । ती किराती राजाले सधैं शत्रुहरुको सामना गरी पराजयको शिकार भइरहनुपर्थ्यो । त्यसैले त्यही समयमा राजा बुधाहाङले सुम्निमा र पारुहाङको छोरा हेन्कुबुङको स्थापना गरी शक्ति प्राप्त गर्न र युद्ध जित्ने निर्णय गऱ्यो । यसको लागि राजाले चेली सोइसोइलालाई पूजा आराधना गरी दोलो (श्रीपेच) तयार गर्ने जिम्मा दिए । आफ्नो जिम्मेवारी अनुसार चेली सोइसोइलाले विभिन्न सामग्रीहरु जुटाएर कलात्मक तरिकाले आम्बाबुङ भिङगुमाचराको प्वाँखबाट तयार भएको दोलो (श्रीपेच) बनाइन् । साकेवा सिली चाहिँ सिल्टाङकुप्माले निकालेकी थिइन् । प्रत्येक ढोल, झ्याम्टाको ताल, धनुकाँड, पानी र मन्त्रको साथमा हेन्कुबुङको पुजा विधिवत् रुपमा गर्दै मुन्दुमीहरुको मन्त्रको साथमा सोइसोइलाले दोलो क्रमशः राजाको काँधमा, कम्मर र शिरमा लगाउनु पर्ने भयो । भुइदेखि क्रमशः राजाको काँधसम्म दोलो पुग्यो । दोलो राजाको शीरमा पुग्दा गाई काटी भोग दिनुपर्ने भयो । दुर्भाग्यवश चेली सोइसोइला त्यही समयमा नै पर सरी र चेली लाजले त्यहाँबाट भागिन् । सबैतिर चेलीको खोजी भयो तर चेली भेटिएन । राजाको शीरबाट दोलो भुइँमा झऱ्यो, उडेर जाला भनेर समाए तर दोलो भुइँमा झरिसकेपछि त्यो दोलो ढुंगा भयो । राजा बुधाहाङले "दोलोकुम्मा दो सोइसोइला" भनेर चेलीलाई बोलाए तर चेली फर्केन । ढोले र झ्याम्टेहरुले झन् झन् ठूलो स्वरले "दोलाकुम्मा दो सोइसोइला" भन्दै ढोल झ्याम्टा बजाउँदै करायो तर चेली फर्किन । त्यसैले भनिन्छ साकेलाको उत्पत्ति यही दोलखाबाट भएको हो ।

यी आख्यानहरुले किरात राईहरु यस देशका प्राचीन समयमा शासक वर्ग थिए भन्ने बुझाउँदछ । यसरी यस आख्यानलाई आधार मान्दा साकेवाको उत्पत्ति गुमेको आफ्नो शासन सत्ता र शक्ती पुन प्राप्त गर्ने क्रममा साकेवा चाडको उत्पत्ति सर्वप्रथममा दोलखा जिल्लाबाट भएको मान्न सकिन्छ । त्यस्तै यी समुदायको सम्बन्ध प्राचीन कालदेखि नै पशुप्राणी (बाघ भालु) तथा वनजंगलसँग निकट रहेकाले यो जातिको प्राचिनता यी आख्यानहरुले झल्काउँदछ ।

यी आख्यानहरुको आधारबाट के निष्कर्षमा पुग्न सकिन्छ भने साकेवाको उत्पत्ति प्राचीन किरात राई जातिको उत्पत्ति सँगसँगै भएको मान्न सकिन्छ। साथै कृषि बालीको थालनी गर्ने क्रममा प्रथममा कृषि कार्यबाट उत्पादित खाद्यान्न उपभोग गर्ने क्रममा ती खाद्य वस्तुको पूजा गरी पिता पुर्खाहरुलाई चढाई सकेपछि मात्र खाने गर्दथे। त्यसैबाट पूजाको थालनी भएको मान्न सकिन्छ।

## ५.३ नागी गा.वि.स.मा साकेवाको उत्पत्ति र थालनी

रमाइलोसँग मनाइने साकेवा चाड राई बान्तवाहरुको बाहुल्यता रहेको माझ किरात क्षेत्रमा पर्ने नागी गा.वि.स. मा कहिले उत्पत्ति भयो र पुज्न कहिले देखि सुरु गरियो भन्ने कुरा भने अझ पनि खोज अनुसन्धानको विषय नै बनेको छ। विगतमा लेख्य परम्पराको अभावमा यस क्षेत्रका राई बान्तवाहरुले आफ्नो इतिहासलाई स्पष्ट रुपमा उतार्न नसक्नु नै आज 'साकेवा चाड' को उत्पत्ति र थालनीको वास्तविक जानकारी पाउन नसक्नु हो। आज हाम्रो धर्म संस्कृति हाम्रो पिता पूर्खाहरुको देहासनसँगै माटोमुनी पुरिने क्रम जारी छ। यसलाई सजग भई युवा पुस्ताले संरक्षण गर्नु त्यतिकै जरुरी देखिन्छ।

नागी गा.वि.स.का साकेवा पुज्ने साकेवा नाक्छोङ्ग धन बहादुर राई लगायत अन्य बृद्धा जानकारहरुका अनुसार, यस अध्ययन क्षेत्रको साकेवाको उत्पत्ति प्रथममा अन्नपूर्ण गा.वि.स.को पुछारमा अवस्थित 'सोइना भिर' मा भएको बताउँदछन्। त्यहाँ उत्पत्ति भएपछि त्यही स्थानमा लामो समय सम्म पुज्ने गरेको र पछि पुज्ने क्रममा अनिष्ठ भई एक जना नाक्छोङ्ग (धामी) को मायाङ्गकालु (सहयोगी) कोरोली गाई काट्ने क्रममा भिरबाट लडी मरेपछि अन्नपूर्ण गा.वि.स.मा पर्ने सागवालामा 'साकेवा शिला' निकाली पुज्न सुरु गरेको जानकारहरु बताउँदछन्। त्यहाँ साकेवा पुज्ने क्रममा स्थानीय बासीहरु र आसपासका बासिन्दाहरु बीचमा कसले साकेवा पुज्ने भन्ने विषयमा झगडा भई साकेवा शिलाको खोसाखोस हुँदा 'साकेवा शिला' टुक्रन पुग्यो। साकेवा शिला टुक्रिएपछि शिर भाग भने अन्नपूर्ण गा.वि.स. को पुछारका बासिन्दाहरुले लगेर गई सुरक्षित स्थानमा साकेवाथान स्थापना गरी साकेवा पूजा गर्न थाले। तर

शिर परेकोले त्यो स्थानको साकेवा पूजा गर्ने नाक्छोङ्ग प्रायस सबै जना नै पुज्न सुरु गरेको केही वर्ष भित्र नै मृत्यु हुने गरेको जानकारहरु बताउँदछन् । आज भोली भने नाक्छोङ्गकै अभावले गर्दा त्यो ठाउँको साकेवा पूजा गर्ने गरेको पाइँदैन । टुक्रिएको साकेवा शिलाको फेद भाग चाहिँ अध्ययन क्षेत्रमा रहेका साकेवा शिला हो । जसलाई नागी गा.वि.स. का साथै आसपासका बासिन्दाहरुले भव्य रुपमा बैशाखे पूर्णिमाको बेला पूज्ने गर्दछन् । यो साकेवा शिलाको फेद भएकोले यसलाई पुज्ने नाक्छोङ्गको आयु भने लामो रहेको जानकारहरु बताउँछन् ।

यस साकेवा पूजा पुज्न थालेको तिथि मिति यकिन रुपमा भन्न सक्ने अवस्था छैन । तर जानकारहरुले यहाँको साकेवा पुज्न थालेको दिवाहाङ्ग, चेहजुको पालबाट नै हो भन्दछन् यसैलाई आधार मान्ने हो भने करिब चार पाँच सय वर्ष पहिले देखि पुज्न सुरु भएको मान्न सकिन्छ । सुरुमा यस साकेवाको पूजा नाक्छोङ्ग भने काङ्गमाङ्गछा पाछाका थिए त्यसपछि रुपाबुङ्ग पाछाका थिए । रुपाबुङ्ग पाछाले निकै लामो समयसम्म पूजेका थिए । रुपाबुङ्ग पछि रुङ्गमाङ्गछा पाछाका नाक्छोङ्गले निकै लामोसम्म पुज्ने भने रुङ्गमाङ्गछाका अन्तिम नाक्छोङ्ग वच्छु राईले ३२ वर्ष सम्म पुजेका थिए । उहाँपछि हाल एवैछा पाछाका ८२ वर्षीय धन बहादुर राईले पुज्दै आइरहेको पाइन्छ । उहाँले हालसम्म २८ पटक (वर्ष) पुजिसक्नु भएको छ । (स्थलगत अध्ययन, २०६७) ।

## ५.४ साकेवा चाडको सामाजिक महत्व

साकेवा चाड प्रकृति पूजक किरात राई समुदायको  सत्य तथा पवित्रताको प्रतीकका रुपमा लिइन्छ । उभौली साकेवा पूजा भगवान् गौतमबुद्धको जन्मदिनका अवसर पारेर बैशाक शुक्ल पूर्णिमाका दिनबाट मनाउन शुरु गरिन्छ । जुन दश दिनसम्म किरात राई संस्कृत अनुसार धुमधामले मनाउने गरिन्छ । यसैगरी उधौली साकेवा पूजा मंसिरे पूर्णिमा देखि १० दिनसम्म मनाइने गरिन्छ । यस चाडमा किरात राई बृद्ध बृद्धा, केटाकेटी, युवायुवतीहरु सामुहिक रुपम भेला भई बृत्तकार भएर ढोल, झ्याम्टाका साथमा तालमा ताल मिलाएर एकै साथ नाच्ने गर्दछन् । यसरी सामुहिक रुपमा नाचिने हुनाले यस समुदायमा यसले सामाजिक एकता तथा सामुहिक भावनाको

विकास गर्ने गर्दछ । जसले यस समाजमा रहेको सदियौं लामो संस्कृतिलई जीवन्तता प्रदान गर्ने गर्दछ ।

यस चाडमा एक अर्को घरपरिवार, छर छिमेकी, वल्लो गाउँ पल्लो गाउँ बीचको घनिष्टता बढाउँदछ । इष्टमित्र, नातागोता, छोरी चेली बीचमा भेटघाट भई आपसी सम्बन्ध, माया ममता, सद्भाव र सदाचार बढाउने कार्य यस चाडले गर्ने गर्दछ । यस चाडमा यस समुदायले जाँड, रक्सीलाई अमृतको रुपमा ग्रहण गर्दै ढोल, झ्याम्टा बजाउनेहरु बजाई रहेका हुन्छन् भने नाचाङ्गेहरु गीत गाउँदै नाचिरहेका हुन्छन् । जसले यस समुदायमा सामाजिक एकता र सामाजिक सद्भावको विकास गर्दछ ।

यस चाडको माध्यमबाट कतिपय राई युवायुवतीहरु बैवाहिक जीवनमा बाँधिन पुग्दछन् । त्यस्तै देश प्रदेश जन लागेका युवायुवतीहरु यस चाडलाई शुभ साइतको रुपमा लिँदै यस चाडमा सबैसँग राम्ररी नाचेर, गाएर, खाएर, पिएर फेरी अर्को चाडमा भेट्ने वाचा गर्दै घर परिवार दरदाजुभाइ इष्टमित्र, छरछिमेकी तथा सबैसँग बिदा मागी प्रदेशतिर आफ्नो सोचेको काम पूरा होस् भनी हिंड्ने गर्दछन् । जसले गर्दा किरात राई बान्तवाहरु बीचमा सामाजिक एकता, भातृत्व, स्दभावको विकास गर्दै यी जातिलाई एकताको सूत्रमा बाँधी यस समुदायमा रहेको संस्कृतिलाई निरन्तरता दिइनुका साथै यसलाई बचाइ राख्ने हुनाले यस चाडको सामाजिक महत्व उच्च रहेको पाइन्छ ।

यस चाडमा बान्तवा राईहरु बिना भेदभाव आफ्नो संस्कार बचाइ रहने कार्यमा बढी उत्सुक हुन्छन् । जहाँ धनी, गरीब, महिला, पुरुष, उच्च निच, विचमा कुनै प्रकारको वर्गीय, लैङ्गिक तथा सामाजिक विभेदको आभाष पाइँदैन । जुन उनीहरुमा सामूहिक प्रतिबद्धता पनि रहेको पाइन्छ ।

**तालिका नं. ५**
**साकेवा चाड र राई बान्तवाहरुको सामाजिक सम्बन्ध**

| क्र.सं. | सामाजिक सम्बन्धको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नराम्रो | ० | - |
| २ | राम्रो | १५ | ४६.८८ |
| ३ | अति राम्रो | १६ | ५०.०० |
| ४ | केही फरक पर्दैन | १ | ३.१३ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा यस समुदायले मनाउने साकेवा चाडमा सामाजिक सम्बन्धको अवस्था के कस्तो छ भनी नागी गा.वि.स. का ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा सामाजिक सम्बन्धको अवस्था नराम्रा भन्नेमा कोही छैन, राम्रो छ भन्नेमा १५ जना अथात् ४६.८८ प्रतिशत, अति राम्रो छ भन्नेमा १६ जना अर्थात् ५०.०० प्रतिशत केही फरक पर्दैनमा १ जना अथात् ३.१३ प्रतिशत रहेको छ । यस मतको आधारमा हेर्दा साकेवा चाड र राई वान्तवा बीचको सामाजिक सम्बन्धको अवस्था अति रामो भएको पुष्टि हुन्छ ।

## ५.५ साकेवा चाडको आर्थिक महत्व

साकेवा चाड किरात राई बान्तवा जातिको महत्वपूर्ण चाड हो । यस चाडमा आर्थिक पक्षको पनि उत्तिकै महत्व रहिआएको छ । साकेवा चाडले हरेक वर्ष बाली लगाउने र बाली थन्काउने समयमा विशेष महत्व राख्दछ । किनकी यस बेला विशेष समय छुट्टाएर विश्राम लिने गरिन्छ । कृषकहरुलाई बढीभन्दा बढी अन्न उत्पादन गर्न यस चाडले प्रेरणा प्रदान गर्दछ । साकेवामा नाचिने चासुम शिली, र सिकी शिलीहरुले नव युवापिडीलाई नयाँ खेती गर्ने तरिका सिकाएको हुन्छ । साकेवा चाडमा गरिने विभिन्न क्रियाकलापहरु मध्ये किरात राई बान्तवाहरुको जीवीकोपार्जन, जीवन पद्धतिसँग घनिष्ट सम्बन्ध रहिआएको छ । ऋृतु परिवर्तनसँगै मनाइने उभौली,

उधौलीमा खेतवारीहरुमा लगाइने अन्नबालीसँग सम्बन्धित छ । अन्नबाली यस समुदायको आय आर्जन गर्ने प्रमुख स्रोत हो । अन्नबालीको राम्रो उत्पादन बृद्धि गर्न उभौली साकेवाको विधिपूर्वक पूजा अर्चना गर्ने गरिन्छ । पूजा अर्चनाको क्रममा साकेवा धामी (नाक्छोङ्) ले विशेष किराती 'मुन्दुम' को सहायतामा हेन्खामा (धर्तीमाता) र आफ्ना पितृदेवता, पिता पूर्खासँग राम्रो अन्नबालीको लागि समयमा घाम पानी र मौसम अनुकुलताको उचित प्रबन्ध मिलाइ दिनका लागि श्राद्धका साथ अनुरोध गर्दछन् । लगाएको अन्नबाली, घर खेत लगायत प्राकृतिक विपत्तिबाट जोगाइ दिन पितृ र धर्तीमातासँग शक्ति माग्ने गर्दछन् । साथै फलेको अन्नबाली हुरी बतासबाट जोगियोस, चरा तथा जनावरले नष्ट नगरोस्, बाढी पहिरोले फलेको वाली क्षति नगरोस्, भित्र्याएको अन्नबालीको सह नहोस्, परिवारमा कुनै प्रकारको रोगव्याधी नओस् भनी प्रार्थना गर्ने गर्दछन् ।

साकेवा चाडमा गरिने यस प्रकारको प्रार्थनाले हेन्खामा (धर्तीमाता) र पिता पूर्खाहरु खुशी भई पर्याप्त मात्रामा अन्नबालीको उत्पादन हुन्छ भन्ने किरात राई बान्तवाहरुमा जनविश्वास आज सम्म पनि रहँदै आएको छ । यसरी साकेवा पूजा गरिसकेपछि यस समुदायमा अब कृषि कार्य गर्नुपर्छ भन्ने उत्साहका साथ शारीरिक तथा मानसिक रुपमा तयार हुन्छन् र उत्साहित भएर कृषि कार्य गर्दा कृषि उत्पादन बृद्धि हुने गर्दछ र राई समुदायको आर्थिक स्थिति सुधार हुन जान्छ । त्यस्तै साकेवा नाचमा नाचिने विभिन्न शिलीहरुमा कृषि कार्य गर्ने तरिकाहरु जस्तै तान बुन्ने, शिकार खेल्ने, अन्नबाली लगाउने, गोड्ने थन्काउने जस्ता कार्य सिकाइन्छ, जसले गर्दा कृषि कार्य गर्ने तरीकाहरु विभिन्न प्रकारका आर्थिक लाभ हुने सीपहरुको हस्तान्तरण क्रमशः एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने गर्दछ भने अर्कोतर्फ कृषकहरुलाई कृषि कार्य तथा विभिन्न सीपमुलक कार्य गर्ने प्रेरणा मिल्दछ । जसले गर्दा किरात राई जातिको जीवन पद्धतिमा सुधार आई आर्थिक पक्ष सुदृढ हुन टेवा पुग्दछ ।

साकेवा चाड र पर्यावरण बीच तादाभ्यता भएको पाइन्छ । पर्यावरणीय आर्थिक दृष्टिले हेर्दा यो चाड उत्तिकै महत्वपूर्ण सिद्ध छ । किरात राई बान्तवाहरु प्रशस्त मात्रामा गाईवस्तुहरु पाल्ने गर्दछन् । गाईवस्तुहरु धेरै पाल्ने भएकाले ती

गाईवस्तुहरुलाई प्रशस्त मात्रामा चरण भूमिको आवश्यकता पर्दछ । जब उभौली लाग्दछ, खेत वारीमा अन्नबाली लगाउने समय हुन्छ, त्यस समयमा त्यो भेगमा गाईवस्तुहरुलाई उपयुक्र चरणभूमिको अभाव हुन्छ र ती गाईवस्तुहरुलाई राई बस्तीको माथिल्लो भूभाग अर्थात लेकतिर निकालिन्छ । जहाँ प्रशस्त मात्रामा चरणभूमि तथा घाँसे मैदान रहेको हुन्छ, चरन, डुल्न खेल्न खुल्ला रुपमा पाउँदा गाईवस्तुहरुको जनसाँख्यकीय रुपमा बृद्धि हुन्छ, जसको प्रत्यक्ष लाभ यस समुदायले लिइरहेको पाइन्छ । त्यस्तै उधौलीसँगै खेत वारीमा लगाएको अन्नबालीहरु थन्काइसकेको हुनाले राई बस्तीको तल्लो भूभाग गाइवस्तुहरुको लागि खुल्ला चरन क्षेत्र भइसकेको हुन्छ भने अर्कोतिर लेकमा अत्यधिक मात्रामा चिसो हुने भएकाले गाईवस्तुहरुको लागि उपयुक्त वातावरण तल्लो भाग नै हुने गर्दछ । त्यस्तै खेतवारीमा भएको घाँस पराल आदि गाईवस्तुहरुले उपभोग गरी प्रशस्त मात्र मल उत्पादन भई त्यसबाट अन्नबालीको राम्रो उत्पादन भई राई समुदायको आर्थिक पक्ष, सुदृढ हुने गर्दछ । यसबाट राई समुदायको जीविकोपार्जन (Livelihood) मा मद्दत पुग्न जान्छ । तसर्थ साकेवा चाड र आर्थिक पक्ष बिच घनिष्ट सम्बन्ध रहेको झल्किन्छ ।

**तालिका नं. ६**

**आर्थिक दृष्टिकोणले साकेवा चाडको अवस्था**

| क्र.सं. | आर्थिक दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कम खर्चिलो छ | ७ | २१.८८ |
| २ | बढी खर्चिलो छ | २ | ६.२५ |
| ३ | समय अनुसार ठीकै छ | २३ | ७१.८८ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका अनुसार यस समुदायले मनाउने गरेको साकेवा चाडमा खर्चको अवस्था कस्तो छ भनी ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा कम खर्चिलो छ भन्नेमा ७ जना अर्थात् २१.८८ प्रतिशत, बढी खर्चिलो छ भन्नेमा २ जना अर्थात् ६.२५ प्रतिशत र समय अनुसार ठीकै छ भन्नेमा २३ जना अर्थात् ७१.८८ प्रतिशत

रहेका छन् । यसरी खर्चको दृष्टिकोणले हेर्दा समय सापेक्ष रहेको पाइन्छ । यस चाडमा आ-आफ्नो आर्थिक अवस्थाको आधारमा बढी या कम खर्च गर्ने गर्दछन् ।

## ५.६ साकेवा चाडको धार्मिक महत्व

धार्मिक आस्थाका आधारमा किरात राई समुदायमा धार्मिक कट्टरता रहेको पाइँदैन । सामान्यतया सबै धर्मलाई सम्मान गर्ने यी जातिको जातिय विशेषता नै हो । सत्य बोल्नु, पवित्र भावनाले अरुलाई सहयोग पुऱ्याउनु, कसैलाई अन्याय नगर्नु, लैङ्गिक तथा वर्गीय विभेदको विरोध गर्नु नै यस समुदायको धार्मिक पहिचान हो ।

किरात राई बान्तवाहरुले आफ्नो मुख्य कूल देवता तथा धर्मको रुपमा आफ्नो चुल्हो, पिता पूर्खा र प्रकृतिलाई पुज्नु नै आफ्नो धार्मिक संस्कृतिको रुपमा लिने गर्दछन् । उक्त प्रक्रिया वर्षभरि नै विभिन्न पूजा आराधनाको माध्यमबाट सम्पन्न गर्ने गरिन्छ ।

साकेवा चाडलाई धार्मिक दृष्टिकोणबाट हेर्दा यो चाडको शुरुवातबाट नै आफ्नो धार्मिक कूलदेवताको रुपमा मानि आएको पिता पूर्खाहरुलाई चुल्हो पूजाको माध्यमबाट पुज्ने गरिन्छ । यसरी चुल्हो पूजा गरी इष्टमित्र, छरछिमेकी तथा आफन्तहरुलाई आफ्नो घरमा बोलाई जम्मा भई साकेवा नाच नाची व्यवस्थित रुपमा खानपानको व्यवस्था गरी खुवाएर सन्तुष्ट तुल्याउनु नै आफ्नो धार्मिक कर्तव्य रहेको मान्दछन् । यस पूजामा किरात राई बान्तवाहरुको चुल्हो, पिता पूर्खा तथा हेन्खामालाई पूजा आराधना गरी खुशी पारेमा यस समुदायलाई सुब्वेफाब्वे मिल्ने, धन सम्पत्ति आर्जन गर्न सकिने, घर प्रदेशमा धनजनको नोक्सान नहुने, चिताएको मनोकांक्षा पूरा हुने आदि धार्मिक विश्वास रहेको पाइन्छ । साकेवा पूजामा आफ्ना पिता पूर्खाहरुले सिकी, सिकाएर गएका सीप, कला र शिलीहरुलाई पिता पूर्खाहरुको मृत आत्म मान्दछन् । त्यही सीप कला शिलीहरुमा नाच्दै गाउँदै, रमाउँदै पिता पूर्खाहरुको मानसम्मान गर्नु आफ्नो धार्मिक कार्य रहेको यस समुदायका मानिसहरु बताउँछन् । यसरी हेर्दा साकेवा चाडले किरात राई बान्तवाहरुको अस्तित्व कायम राख्ने कार्यमा यसले विशिष्ट भूमिका निर्वाह गर्दै आइरहेको देखिन्छ ।

**तालिका नं. ७**

**राई बान्तवाहरुको धार्मिक आस्थाको अवस्था**

| क.सं. | धार्मिक आस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लामा पढ्नु | ० | ० |
| २ | मन्दिरमा गएर पूजा गर्नु | ५ | १५.६३ |
| ३ | गरीबहरुको सेवा गर्नु | १ | ३.१३ |
| ४ | पिता पूर्खा र प्रकृतिलाई पुज्नु | २६ | ८१.२५ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७।

माथिको तालिकामा किरात राई बान्तवाहरुको धार्मिक अवस्था कस्तो रहेको छ भनी ३२ जना उत्तरदाता समक्ष राय बुझ्दा लामा पढ्नुमा शुन्य प्रतिशत, मन्दिरमा गएर पूजा गर्नुमा ५ जना अर्थात १५.६३ प्रतिशत गरीबहरुको सेवा गर्नुमा १ जना अर्थात् ३.१३ प्रतिशत र पिता पूर्खा र प्रकृतिलाई पुज्नुमा २६ जना अर्थात् ८१.२५ प्रतिशत रहेको पाइयो। यसरी हेर्दा किरात राई बान्तवाहरुको मुख्य धमै नै पिता पूर्खा तथा प्रकृतिलई पुज्नु हो भन्ने कुराको पुष्टि हुन्छ।

## ५.७ मनोवैज्ञानिक दृष्टिकोणले साकेवा चाडको महत्व

साकेवा चाड किरात राई बान्तवाहरु माझ धार्मिक, आर्थिक, सामाजिक दृष्टिकोणले मात्र होइन मनोवैज्ञानिक दृष्टिकोणले पनि त्यतिकै मात्रामा महत्व राख्दछ। उभौली पूजाको क्रममा हेन्खामा (धर्तीमाता), पितृ (पिता पूर्खा) नाग नगेनी देवी देउरालीलाई विशेष पूजा आराधना गरी पुज्ने गरेको पाइन्छ। यसरी यिनीहरुको पूजा आराधना गरिसकेपछि किरात राई बान्तवाहरुले आफूले इच्छाएको मनोकांक्षा पुग्ने, समयमा अन्नबाली लगाउने प्राकृतिक वातावरण अनुकूल हुने, खेतवारीमा फलेको अन्नबालीलाई हुरीबतासले लग्दैन भन्ने यस जातिमा मनोवैज्ञानिक रुपमा विश्वास रहेको पाइन्छ।

यसरी साकेवा पुजा आराधना गरिसकेपछि शारीरिक तथा मानसिक रुपमा नै अब हामीले कृषि कार्य गर्नुपर्छ भन्ने भावनाले यी समुदाय तयार भई उत्साहका साथ कृषि कार्य गर्दा बढी मात्रामा अन्नबाली उत्पादन गर्न सक्दछन् भन्ने मनोवैज्ञानिक विश्वास रहेको छ ।

त्यसैगरी यस पूजामा घरको मुल्कीको शिर उभ्याउनी स्वरुप हेन्खामालाई चढाएको भाले हेन्खामालाई भोग दिने गर्दछन् । यसरी भाले हेन्खामालाई भोग दिनु अगाडि अक्षेता, फूलपानी भालेको शिरमा चढाएर सोलोयाले पर्छाउने गर्दछन् । यदि राम्रोसँग पर्छियो (टाउको हल्लायो) भने जुनघरको भाले हो, त्यो घरको फूल, अछेता भाले काटी दिएको भोग हेन्खामाले स्वीकारको विश्वास गरिन्छ र त्यो घरको मुल्की लगायत सबै घर परिवारमा राम्रो हुन्छ, दिनदशा लाग्दैन, धनसम्पत्ति कमाउन सकिन्छ भन्ने मनोवैज्ञानिक विश्वास रहेको पाइन्छ । त्यस्तै राम्ररी पर्सिएन भने, घर परिवार, दरदाजुभाइमा नराम्रो दुःख विमार हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ ।

त्यस्तै यस चाडमा बालबच्चा, युवायुवती देखि बृद्धबृद्धासम्म बृत्ताकार घेरामा नाच्ने गाउने रमाउने भएकाले यी सबै जनामा शाररिक मानसिक सन्तुलन कायम राख्दै, दुःख कष्ट बिर्सिएर नयाँ सोच विचारको विकास गर्दै सबैमा मनोवैज्ञानिक रुपमा भावनात्मक एकताको विकास गर्न मद्दत गर्दछ । यसरी यस पूजामा गरिने विविध पक्षहरुले मनोवैज्ञानिक महत्व राख्ने गरेको पाइन्छ । तसर्थ साकेवा पूजाको मनोवैनिक प्रभाव समाजमा विद्यमान रहिरहेको छ । यी यस्ता प्रभावबाट किरात संस्कृतिको निरन्तरता र संस्कारलाई जीवन्तता राख्न थप सहयोग पुगेको देखिन्छ ।

# परिच्छेद-छ

# साकेवा : हालको अवस्था

साकेवा पूजा परापूर्व कालदेखि पूजी आए पनि हालसम्म आउँदा यसमा धेरै उतार चढाव आएका छन् । यस परिच्छेदमा तिनको चरणहरु, तिनमा आएका परिवर्तन र तिनका असरहरुको व्याख्या गरिएको छ ।

## ६.१ धारा पूजा

धारा पूजाबाट साकेवा पूजाको शुरुवात हुन्छ । यस पूजालाई राई बान्तवाहरुले साकेवा पुजाको सुरुवातको सुचकको रुपमा लिने गर्दछन् । यो पूजा सम्वत नफिर्दै गर्नुपर्ने भएकोले अध्ययन क्षेत्रका राई बान्तवाहरुले चैत्र महिनाको अन्तिम हप्तामा पुज्ने गर्दछन् । यो पूजा साकेवा मूल नाक्छोङ्गका चारजना सहयोगी नाक्छोङ्गहरुले पूज्ने गरेको पाइन्छ । यस पूजाको दिन स्थानीय बासीले आ-आफ्नो नजिकको धाराहरुलाई सरसफाई गर्ने गर्दछन् र सरसफाई गरिसकेपछि धाराको पानीलाई कुवाको रुपमा बारी राख्दछ । त्यसपछि धाराको आसपासमा काठको फलेकमा नागको प्रतीकात्मक नक्सा अंगारले बनाई पातलेको स्याउली सहितको हरियो हागालाई गाडी त्यसमा फलेकलाई झुण्डाएर राख्ने गरेको पाइन्छ । अर्कोतिर एक निश्चित मुली व्यक्तिको घरमा पूर्व जानकारीको आधारमा चारै जना नाक्छोङ्गहरु आ-आफ्नो सहयोगीहरुका साथ धारा पूजाको लागि आवश्यक सर सामानहरु लिएर भेला हुने गरेको पाइन्छ । सबैजना नाक्छोङ्गका साथै छरछिमेकी, इस्टमित्रहरु भेला भई सकेपछि पूर्वतयार पारी राखेको धारा पूजाका सामाग्रीहरु तथा जाँड रक्सी आगनमा निकाल्ने गर्दछन् । त्यसपछि चारैजना नाक्छोङ्गले विधिपूर्ण रुपमा आ-आफ्नो जिम्मेवारी अनुसारको त्यस घरमा पूजा आराधना गर्ने गर्दछन् । पूजा आराधनाको क्रममा चारैजना नाक्छोङ्गहरुले आ-आफ्नो माङ्गलुङ्ग उठाउँदै (पितृदेवहरुको पुकार गर्नु) साकेवा पूजाको सूरु भएको जानकारी आ-आफ्नो चुल्होमा बास बसेका पितृदेवहरुको अमर आत्मलाई जानकारी गराउँदै आफ्नो कार्यमा साथ दिन अनुरोध गर्दछन् । यसरी विधिपूर्ण रुपमा त्यो घरमा पूजा गरी

सकेपछि जाँड रक्सीलाई प्रसादको रुपमा भेला भएका सबै जनाले ग्रहण गरी सकेपछि सबैजना लावलास्करका साथ चारजना नाक्छोङ्गहरुलाई अगाडि लगाएर त्यस गाउँको सबैभन्दा माथि रहेको सबैभन्दा ठूलो मुल भएको ठाउँमा पुग्दछन् । जब पूजा सामग्रीहरुका साथ त्यो गाउँको सबैभन्दा माथि रहेको ठूलो मूलमा पुग्दछन् तब चारै जना नाक्छोङ्गले आ-आफ्नो जिम्मेवारी अनुसारको पानीको मूलको पूजा आराधना गर्ने गर्दछन् । पूजा आराधनाको क्रममा फूलपाती चढाई सकेपछि सोलोयाले दोबकाउँदै (चोखो जाँड चिण्डोमा राखिएको) सँगै लागिएको भालेको खुट्टा काटी धाराको मूलमा रगत चढाई नाग नगेनीहरुसँग समयमा अन्नबालीलाई आवश्यक वर्षात गराई दिन प्रार्थना गर्ने गर्दछन् । विधिगत रुपमा पानीको मूल पूजा गरिसकेपछि भने चारैजना नाक्छोङ्गहरु आ-आफ्नो सहयोगीहरुका साथ त्यस गाउँको चारैतिरबाट छरिएर तलतिर झर्ने गर्दछन् । तलतिर झर्ने क्रममा आ-आफ्नो जिम्मेवारी परेका घर तथा धाराको विधिगत पूजा गर्दै झर्ने गरेको पाइन्छ । घर पूजा गर्दा माङ्गलुङ्ग उठाउँदै पितृदेवको अमर आत्मालाई साकेवा पूजाको जानकारी गराउँदै साकेवा पूजामा सहयोगगर्न प्रार्थना गर्ने गर्दछन् भने धारा पूजामा स्थानीय बासीले बिहान बनाई राखेको कुवा भत्काउँदै नाग नगेनीको प्रतीकात्मक नक्सामा विधिगत पूजा गर्ने गर्दछन् ।

यसरी चारैजना नाक्छोङ्गहरुले गाउँघर डुली सकेपछि त्यस गाउँको सबैभन्दा तल रहेको ठूलो मुल पानीमा भेला भई त्यो मूल पानीको पनि विधिपूर्ण रुपमा आ-आफ्नो जिम्मेवारी अनुसारको पूजा आराधना गर्ने गरेको पाइन्छ । पूजा आराधनाको क्रममा सँगै लगिएका पूजा सामग्रीहरु मूलको शिरमा चढाउने गर्दछन् । विधिपूर्ण पूजाआराधना गरिसकेपछि चारजना नाक्छोङ्गहरुका चारवटा भालेलाई काटी मूलको शिरमा रगत चढाई नाग नगेनीहरुलाई भोग दिने गरेको पाइन्छ । भोग दिइसकेपछि नाग नगेनीहरुसँग समयमा अन्नबालीलाई आवश्यक बर्षात् गराई दिन अनुरोध गर्दै, गाउँघरमा रोगव्याधी नलागोस्, रोगब्याधी, धुलोमैलो, हैजा आदि पानीले बगाएर लैजाओस् गाउँघर सबैमा सुव्यफाव्यका साथ जीवनयापन गर्न पाइयोस् भन्ने कामनाका साथ प्रार्थना गरेको पाइन्छ ।

यस धारापूजाले एकातिर साकेवा पूजाको सुरुवातको संकेत गर्दछ भने अर्कोतिर धारापूजा मानव जीवजन्तु वनस्पति आदिलाई नभै नहुने पानीको पूजा भएकोले यस पूजा मार्फत् धारा सफा गर्ने, पानीको मूलको संरक्षण गर्ने र नाग नगेनीको पूजा गर्ने गरिन्छ । धारा फोहर गर्दा वा मुहानको संरक्षण नगर्दा नाग नगेनी रिसाएर दण्डित गर्दछन् भन्ने जनविश्वासले अनौपचारिक सामाजिक नियन्त्रणको साधनको रुपमा काम गरिरहेको पाइन्छ ।

## ६.२ राई बान्तवाहरुको चुल्होको परिचय

राई जातिमा चुल्हो भन्नाले आत्माको सबै भन्दा ठूलो रक्षकको रुपमा मानिन्छ । एउटा शरीरमा मुटुको जतिको महत्व हुन्छ, राई जातिहरुमा चुल्होको त्यतिकै महत्व रहेको पाइन्छ । राई बान्तवा भाषामा अगेनालाई 'हुत्लुङ्ग' भनिन्छ । अगेना भनेको चार वटा पातलो ढुङ्गाको सहायताले तीनवटा गोलाकार लामो ढुङ्गालाई चुल्होको रुपमा ठाडो पारि बनाइएको विशेष किसिमको खाल्डोलाई बुझाउँदछ । अगेना निर्माणमा रहेका ती विभिन्न ढुंगाहरुको छुट्टाछुट्टै नाम र काम, भौतिक र भावनात्मक रुपमा रहेको पाइन्छ । अगेना निर्माण गर्दा वर्गाकार रुपमा राखिएका चारवटा चेप्टा लामा ढुंगाहरुलाई राई बान्तवा भाषामा छेकालुङ्ग/वारालुङ्ग (चुल्होको वारा/ढुंगा) भनिन्छ । यसले अगेनालाई बर्गाकार रुप दिने कार्य गरिरहेको पाइन्छ । त्यसै गरी सबैभन्दा तल पातलो चापट ढुंगा राखिएको हुन्छ, जसलाई खोपिलुङ्ग भनिन्छ । 'जसले तीन चुल्होलाई निश्चित आकार दिइ अडि रहन मद्दत गरिरहेको पाइन्छ । ती तीनवटा गाडिएका चुल्होहरु मध्ये मूल ढोकातिर फर्काउर गाडिएको चुल्होलाई चासुमलुङ्ग/सायालुङ्ग/दिवालुङ्ग (अन्नबाली सहचुल्हो वा मुल चुल्हो) भन्ने गरिन्छ भने मूल चुल्होको देब्रेपटि गाडिएको चुल्होलाई ढुक्छालुङ्ग/बुबालुङ्ग (दाजुभाइ चुल्हो) भनेर भन्ने गरिन्छ, त्यस्तै, मूल चुल्होको दाहिनेपट्टि रहेको चुल्होलाई दिमालुङ्ग/छेकालुङ्ग ( पाहुना/छोरी चेली चुल्हो) भन्ने गरिएको पाइन्छ । यसरी यी चुल्होहरुले आ-आफ्नै किसिमको विशिष्ट धार्मिक, साँस्कृतिक पहिचान बोकिरहेको पाइन्छ ।

यसरी निर्माण गरिएको आगो बालिने र खानपिन पकाउने स्थानलाई राई बान्तवा भाषामा दाब्वे/हुत्लुङ्ग (चुल्होको सम्पूर्ण भाग वा अगेना) र पितृभाषामा 'साम्खा हुत्लुङ' वा 'सुप्तुलुङ्ग' भन्ने गरिन्छ । राई बान्तवा समुदायका धर्म, संस्कृति अनुसार अगेनालाई आदिम कालबाट पूर्खाहरुले पूजिल्याएका पूजा गर्ने थलोका साथै समसामयिक रुपमा निधन भएका पूर्खा तथा पूर्वजहरुको अमर आत्माहरुको मूल वासस्थानको रुपमा मान्दछन् ।

## ६.३ वारालुङ्ग खोपिलुङ्ग (बार, खाल्डोभित्रको ढुंगा) र तीन चुल्होहरुको भौतिक र भावनात्मक कार्य

बान्तवा राईहरुमा ढुंगा र ढुंगाबाट बनाएका चुल्होले ठूलो साँस्कृतिक र धार्मिक महत्व राख्दछन् । यसले गर्दा यिनीहरुको जीवनमा ढुंगाको अति महत्वपूर्ण स्थान छ भन्ने बुझिन्छ ।

### ६.३.१ भौतिक कार्य

बारालुङ्ग, खोपिलुङ्ग (बार ढुंगा, खाल्डोको भित्री ढुंगा) र तीन चुल्होको आ-आफ्नै किसिमका विशेष महत्व रहेको पाइन्छ । बारालुङ्गले मुख्यतया: अगेनालाई वर्गाकार तीन चुल्होहरुलाई फारिन नदिई सुरक्षित रहन मद्दत गरिरहेको हुन्छ । त्यस्तै खोपिलुङ्गले, तीन चुल्होहरुलाई साँगुरिन नदिई यथास्थानमा रहि रहन मद्दत गर्दछ भने तीन चुल्होहरुले राई मुदायको खानपिन बनाउन, बाहन बसाउनको लागि आगो बाल्न उपयुक्त स्थान प्रदान गरिरहेको पाइन्छ (स्थलगत अध्ययन, २०६७) ।

### ६.३.२ भावनात्मक कार्य

भावनात्मक रुपमा वारालुङ्गले धार्मिक सांस्कृतिक सिमा निर्धारण गर्दै राई समुदायमा समसामयिक निधन भएका आ-आफ्ना पितृ, पूर्वज पूर्खाहरुको अमर आत्माको 'वासस्थान' निर्धारण गरी प्रवेश दिने गर्दछ भने असमायिक निधन भएकाहरु

र आफ्नो समुदाय भन्दा पराई समुदायबाट बुहारी/नयाँ दुलही ल्याएमा चुल्होमा प्रवेश निषेध गर्दछ । (स्थलगत अध्ययन, २०६७)

### ६.३.३ तीन चुल्होको अर्थ

**(क) चासुमलुङ्ग/सायालुङ्ग दिवालुङ्ग (मूल चुल्हो)**

यो चुल्हो भित्रबाट मूल ढोकातर्फ फर्काएर गाडिएको हुन्छ । यस चुल्होलाई सम्बन्धित घरको मुली मानिसको प्रतिनिधिको रुपमा मानिन्छ । यस चुल्होले घर, परिवारको सबै मानिसहरुको रक्षा गर्ने, रोग कष्ट, दैवि प्रकोप, शत्रुबाट बचाई राख्ने, धनसम्पत्ति अन्नबाली प्राप्त गर्न सहयोग गर्ने, भएका अन्नबाली धनसम्पत्तिको सह रहिरहन मद्दत गर्ने जस्ता कार्य गर्दछ भन्ने जनविश्वास राई बान्तवा समुदायमा रहेको पाइन्छ । त्यस्तै राई बान्तवा समुदायले यस चुल्होलाई आफ्नो मुख्य कुलदेवता तथा समसामयिक निधन भएका आ-आफ्ना विशिष्ट पिता पूर्खाहरुको अमर आत्मको बासस्थानको प्रतीकको रुपमा पनि मान्ने गर्दछन् (स्थलगत अधययन, २०६७) ।

**(ख) दुक्छालुङ्ग/बुवालुङ्ग (दाजुभाइ चुल्हो)**

मूल चुल्होको देब्रेपट्टि गाडिएको चुल्होलाई दाजुभाइ चुल्हो भनेर भन्ने गरिन्छ । यस चुल्हो दर दाजुभाइ, छरछिमेकी, इष्ट मित्रहरुसँग गरिने विभिन्न धार्मिक, साँस्कृतिक कार्यहरुसँग सम्बन्धित रहेको पाइन्छ । जस्तो बुहारी भित्र्याउँदा कुन पाछा (उपथर) बाट ल्याएको हो ? स्वीकार्न मिल्ने वा नमिल्नेहो ? यसै चुल्होको सहायताले निर्धारण गर्ने गरिन्छ र नमिल्ने भएमा निषेध गर्दछ । यस चुल्होमा भित्रि सकेपछि भने मर्दा अनिवार्य रुपमा छाक जुठो बार्नु पर्दछ । त्यस्तै यस चुल्होलाई विशिष्ट व्यक्तित्व बाहेक सामसामयिक निधन भएका अन्य सबै जनाको अमर आत्माहरुले खाने, बस्ने, खेल्ने ठाउँको प्रतीकको रुपमा पनि मानिन्छ (स्थलगत अध्ययन, २०६७) ।

(ग) **दिमालुङ्ग/छेत्कालुङ्ग (छोरी चेली चुल्हो)**

मूल चुल्होको दाहिने पट्टि रहेको चुल्होलाई छोरी चेलीहरुको प्रतीकको रुपमा लिइन्छ । यस चुल्होमा छोरी चेलीहरु जन्मिनसाथ वास बस्ने गर्दछ भन्ने विश्वास राई समुदायमा रहेको पाइन्छ । छोरी चेलीहरुको विवाह नगरी मृत्यु भएमा यही चुल्होमा उनीहरुको अमर आत्माले खाने, खेल्ने, बस्ने गर्दछ भन्ने विश्वास छ । छोरी चेलीहरुको विवाह हुँदा यही चुल्होको सहायताले कुटुम्बलाई दिने र चुल्होबाट उनलाई निकाल्ने गरेको पाइन्छ । यसरी चुल्होबाट निकाली सकेपछि दर दाजुभाइले छोरी चेली मर्दा छाकजुठो बार्नु पर्दैन, यो चलन अझ पनि राई समुदायमा कायम रहेको पाइन्छ ।

यसरी यी तीनै वटा चुल्होमा रहेका किरात राई बान्तवाहरुको जुजुबाजे, जिमा बज्यू, पितृदेवहरुको अमर आत्महरुको खाने, खेल्ने तथा साझा बासस्थानको रुपमा खोप्तालुङ्गलाई मान्दछन् ।

समग्रमा राई समुदायको जन्म देखि मृत्यु पर्यन्तसम्म हुने विभिन्न धार्मिक, सामाजिक, साँस्कृतिक, क्रियाकलापहरु यसै चुल्होको सहायताले गर्ने गरिन्छ । त्यसैले यो चुल्हो आम बान्तवा राई समुदायको सर्वोपरी, चोखो पवित्र आत्मको मन्दिर मान्न सकिन्छ । (स्थलगत अध्ययन, २०६७) ।

राई बान्तवाहरुमा चुल्हो स्थापना (साम्खायुङमा) गर्दा आवश्यक सामग्रीहरु निम्न छन् :

(१) तुप्ला - केराको पातको टुप्पो भाग

(२) वाबुक -दुईवटा चोखो जाँड वा मर्चा कोदोपानी लगाएको चिण्डो ।

(३) सुविचोङ्ग/माकिचाङ्ग – अदुवा

(४) आरावा - अक्षेता

(५) वामालोङछा - कोरलीपोथी

### ६.३.४ राईहरुको चुल्होसँग सम्बन्धित माङलुङ

#### (क) माङलुङ्ग (कुलदेव/पितृदेव) शब्दको शाब्दिक अर्थ

'माङलुङ्ग' शब्द राई बान्तवा भाषाबाट बनेको हो । यसमा राई बान्तवा भाषाको दुई शब्द 'माङ' + 'लुङ्ग' मिलेर बनेको छ । जसको छुटाछुट्टै शाब्दिक अर्थ रहेको पाइन्छ । 'माङ' भनेको राई बान्तवा भाषामा सहकाली कुलदेवताहरु हुन् । जुन राई बान्तवाहरुले सहकाली कुल देवताहरुको प्रतीक मानी अन्नबाली राख्ने 'भक्कारी' लाई पुज्ने गर्दछ । त्यस्तै 'लुङ्ग' भनेको राई बान्तवाहरुको पितृदेवहरुको अमर आत्मको प्रतित्मक 'ढुंगो' हो जहाँ समसामयिक निधन भएका पिता पुर्खाहरुको अमर आत्माले खाने, बस्ने, खेल्ने गर्दछ ।

#### (ख) माङलुङ्ग उठाउनु भनेको के हो ?

राईहरुको कुलदेवता, पितृदेवताहरुको उत्पत्ति र विकासको सम्बोधन गर्नु नै माङलुङ्ग उठाउनु हो । माङलुङ्ग उठाउने कार्य राई समुदायको शुभ अशुभ दुवै कार्यमा गर्ने गर्दछन् । जस्तो शुभ कार्यमा छेवार, विवाह, चुल्हापूजा, साकेवापूजा मसिरे पूजा आदि पर्दछन् भने अशुभ कार्यमा राईहरुको निधनपछि नाक्छोङ्गले माङलुङ्ग उठाई मृत्यु अन्यको वासस्थान तोकि दिन्छन् ।

### ६.३.५ साकेवा चाडमा चुल्हो पूजा

किरात राई बान्तवाहरुले साकेवा पूजा गर्नुभन्दा अगाडि अनिवार्य रुपमा चुल्हो पुज्ने गर्दछ । चुल्होपूजा, धारापूजा पछाडि पुज्ने गरेको पाइन्छ । यो पूजा साकेवा पूजारीले प्रथममा आफ्नै घरबाट पूजा गरी सुरु गर्ने गर्दछन् । चुल्हो पूजा किरात संस्कृतिको महत्वपूर्ण पाटो हो । आज पनि यस समुदायमा यसको महत्व दिनानुदिन बढ्दो रुपमा रहेको छ । एउटै शब्दमा भन्नुपर्दा चुल्हो पूजा यस समुदायको पूर्खाहरुको अमर आत्मको पूजा हो । चुल्हो पुज्ने कार्य बुद्ध जयन्तीबाट शुरु हुने गर्दछ अर्थात् पूर्णिमाको दिनबाटै शुरु गरिने भएता पनि क्रम मिलाएर टाढाटाढाबाट चुल्हो पुज्ने

कार्य सक्दै ल्याएर साकेवा पूजा वा हेन्खामा (धर्तीमाता) पूजा गर्ने दिनको बिहान घर छिमेकीको चुल्हो पुज्ने चलन रहेको छ । यो कार्य हेर्दा सामान्य देखिन्छ तर यसले प्रतीकात्मक अर्थ बोकेको हुन्छ जस्तो कि चुल्हो एउटा भौतिक वस्तु हो त्यसलाई पूजिन्छ, यसको सांकेतिक अर्थ भनेको चुल्होलाई पिता पूर्खाहरुको आत्माको रुपमा मानेर पूजा गरेको पाइन्छ । जसको सम्बन्ध आफ्ना पिता पूर्खाहरुसँग जोडिएको हुन्छ ।

चुल्हो पुज्दा मुख्य रुपमा प्रत्येक घरको मुख्य चुल्होलाई आत्माबल मागिने तथा प्रत्येक घरको वा पाछा (उपथर) अनुसारको माङ्गलुङ विधिपूर्ण तरिकाले उठाएर उक्त कार्य सम्पन्न गर्ने चलन यस समुदायमा विद्यमान रहेको छ । चुल्हो पुज्ने क्रममा नाक्छोङ्ग (धामी) ले मुख्य रुपमा माङलुङ उठाउँदा पिता पूर्खाहरु को कहाँबाट आए ? कसरी उत्पत्ति भयो ? को कसका सन्तान हुन् ? आदि कुराको जानकारी गराउँदै, अब हामी ॠतु परिवर्तन सँगै हाम्रो नयाँ अन्नबाली लगाउन जाँदैछौं । हामीलाई बल दिनु होला हामीले गर्न लागेको नयाँ कार्यहरुमा मद्दत गरिदिनु होला भन्ने प्रार्थनाका साथ श्रद्धा भावपूर्ण तरिकाले कुखुराको पोथी काटी मुल चुल्होलाई भोग दिने गर्दछन् ।

किरात राई बान्तवाहरुले उभौली साकेवा पूजा, चाछुवा पूजा (नयाँ चलाउने) र मंसीरे पूजा गरी यी तीनवटा चाडमा चुल्हो पुज्ने गर्दछ । उधौली भन्नाले बैशाखे पूर्णिमा (विशेष गरी साकेवा अवधि) मा अब वर्षा लाग्यो र खेती किसान गर्दैछौं, कूल पित्रहरुले राम्रो सहयोग गरिदिनुहोस् भनेर चुल्हो पूजा गर्दछन् । यसैगरी पुरानो अन्न सकिएपछि नयाँ अन्नबाली खाने समयमा विशेष गरेर आश्विन पूर्णिमाको अवधिमा चाछुवा नुवाङ्गी (नयाँ चलाउने) पूजा गर्दछन् । उधौली ॠतु लागेको संकेतमा मंसिरे पूर्णिमाको अवधि (लगाएको अन्नबाली थन्काइ सकियो भनेर पितृहरुलाई पूजा गर्ने मंसिरे मा पनि चुल्हो पुजा गर्ने गर्दछन् (मुकारुङ्ग २०६१: २०) ।

### ६.३.६ चुल्हो पूजामा आवश्यक सामाग्रीहरु

चुल्हो पूजा गर्दा आवश्यक सामाग्रीहरुका सम्बन्धमा साहित्यकार राजन मुकारुङ्गले यो पूजा गर्दा आवश्यक सामाग्रीहरु क्रमशः सोलोइवा (वाबुक) कोदो, मर्चा पानी लगाएर केराको पातले सिंगारिएको चिण्डो एउटा, तुप्ला : केराको हरियो पात

टुप्पोतिरको एक जोर वा सो उपलब्ध नभएमा भर्लाको पात एकजोर, थोके छारी फोगेरी (आरी खेङ्गा : काठको वटुको वा कुनै प्याला (भए पनि हुन्छ) माथि चिण्डो राख्ने, आरावा : अछेता, वाखुलुचाः कोदोको बाला वताप्सुलाः नयाँ धानको सुकेको बाला, सुविचोङ, माकिचोङ, अदुवा, साम्खा कोक् (पितृभात, पितृलाई चढाउने एक माना चामलको भात जसलाई 'बुछुकुलुक' माटोको हाडीमा चोखो गरी पकाउनु पर्छ ।) हात्तिवा : सानो हाडिमा कोदो मर्चा पानी हालेर केराको पातले छोपेर बनाएको जाँडको प्रकार दिवुसाः मृगको मासु, जोरोमिसाः भालुको मासु आदिलाई चुल्होको अगाडि सजाउने गर्दछन् भने मानी ल्याए अनुसार एउटा पोथी (फूल नपारेको कुखुरा १ ओटा आवश्यकीय वस्तु तथा सामाग्रीहरु मानिन्छन् ।

## ६.४ हेन्खामा थान पूजा

हेन्खामा थान पूजा किरात राई बान्तवा समुदायले पुज्ने एक विशिष्ट किसिमको पूजा हो । किरात राई बान्तवाहरुले मनाउँदै आइरहेको साकेवा चाडको मुख्य पूजा नै साकेवा थान पूजा वा हेन्खामा पूजा हो । अध्ययन क्षेत्र नागी गा.वि.स.मा रहेको साकेवा थान वा हेन्खामा थान वडा नं. ५ मा अवस्थित रहेको छ । यस हेन्खामा थानलाई पूजा गर्नु भन्दा पहिला अन्य साकेवा नाक्छोङ्गको सहयोगीहरुले आ-आफ्नो निर्धारित कार्यहरु गर्दछन् । यी सबैलाई एकैचोटी व्याख्या विश्लेषण गर्नुभन्दा फरक फरक ढंगबाट व्याख्या विश्लेषण गर्नु उपर्युक्त मानिएको छ ।

### ६.४.१ हेन्खामा (धर्तीमाता) थानको सरसफाई

हेन्खामा थान वा साकेवा पूजाथानलाई बेला बेलामा सरसफाई गर्ने गरिन्छ । मुख्यतयाः हेन्खामालाई पुज्ने समयमा त्यो भन्दा केही दिन अगाडि स्थानीय टोलबासीहरु मिली, राम्ररी सरसफाई गर्ने गरेको पाइन्छ । यस समुदायले उक्त हेन्खामा पूजा वर्षमा दुई पटक उभौली र उधौलीमा पुज्ने गरेता पनि अन्य समयमा पनि यस थानको सरसफाई गर्ने गर्दछन् । साथै समय-समयमा यस थानमा राई बान्तवाहरुले दर्शन गर्ने, भेटी चढाउँदै बल माग्ने, यस थान वरपर फोहोर मैला नगर्ने, कसैले फोहोर मैला गरेमा मनोवैज्ञानिक रुपमा गाउँघरमा अनिष्ट हुने, मान्यता यद्यपि

यस समाजमा छँदैछ । यी विविध धार्मिक, सामाजिक तथा साँस्कृतिक कारणले पनि यस थानलाई सरसफाई राखिराख्न मद्दत पुग्दछ ।

### ६.४.२ साम्खिमाङ्ग (पितृदेव) थान पूजा

यो थान साकेवा पूजाको दिन साकेवा थान नजिकै विशेष रुपले स्थापना गरिएको हुन्छ । साम्खिमाङ्ग थान भन्नाले राई बान्तवाहरुको पिता पूर्खाहरुको अमर आत्माले खाने, खेल्ने, बस्ने स्थानलाई जनाउँदछ । साम्खा नाक्छोङले साकेवा पुज्ने दिन प्रथमत आफ्नो कूल पित्रहरुलाई आज हामी साकेवा हेन्खामा पूजा गर्न जाँदैछौ, हामीलाई साकेवा पूजा गर्नमा बल दिई सहयोग दिनु होला भनेर अनुरोध गर्दछन् । ततपश्चात् आफ्नो सहयोगीहरुका साथ साकेवा थान नजिकै रहेको साम्खिमाङ्ग थानमा आई विधिपूर्ण तरिकाले साम्खिमाङ्ग थानको पूजा आराधना शुरुवात गर्दछन् । पूजाको क्रममा आज हामी हेन्खामा देवी देउराली नाग नगेनीहरुलाई पुज्न जाँदैछौ, हेन्खामासँग राम्रो अन्नबालीको लागि बल मागिदिनु होला अन्नबालीलाई आवश्यक वर्षात गराईदिनु होला भन्दै साकेवा पूजाको शुरुवात भएको जानकारी गराउँदै साकेवा पूजामा साथ दिनु हुन आग्रह गर्दछन् । साम्खा धामीले सुब्यफाव्यको प्रार्थना गर्दै आफ्नो माङलुङ उठाइसकेपछि एउटा भाले काटेर हेन्खामालाई बली चढाए पछि साकेवा नाक्छोङलाई साकेवा थानमा प्रवेशको अनुमति मिल्दछ । त्यस दिन गाउँघरबाट साम्खिामाङ्ग थानमा चढाउन ल्याएका विविध सामाग्रीहरु विधिपूर्वक साम्खा नाक्छोङ्गले साम्खिमाङ्ग थानमा चढाउने गर्दछ ।

यो थान साकेवा पूजाको दिन साकेवा थान नजिकै विशेष स्थानमा स्थापना गरिन्छ । उक्त थानमा साम्खा नाक्छोङ्गले उक्त गाउँको प्रत्येक घरबाट आफ्नो कुल पित्रलाई चढाई, ल्याइएका विविध सामाग्रीहरु साम्खिमाङ्ग थानमा चढाउँदै साकेवा/हेन्खामाको पूजा गर्न जाँदैछौ, हामीलाई सहयोग गरिदिनु होला भन्दै साम्खिमाङ्ग थानमा रहेका पितृहरुलाई बल मागिने गरिन्छ । हेन्खामासँग राम्रो अन्नबालीको लागि बल माग्ने गरिन्छ ।

### ६.४.३ धानमाङ्ग (पोखरी चा /दुदियाचा) थान पूजा

साकेवा पूजा वा हेन्खामा पूजाको दिन धानमाङ्गको अस्थायी थान साकेवा थानको नजिकै स्थापना गरिन्छ । उक्त थानमा विधिपूर्ण तरिकाबाट सम्बन्धित नाक्छोङले धानमाङ पूजा गर्न थाल्दछ । पूजाको क्रममा प्रथमतः आफ्नो पितृ तथा पूर्वज/पूर्खाहरुलाई सम्झदै आफ्नो माङलुङ उठाउने कार्य सम्पन्न गर्दछन् । आफ्नो माङलुङ उठाइ सकेपछि आफूले ल्याएको धानको बोट उक्त थानमा चढाउँदै धानबालीको लागि आवश्यक वर्षात् समयमै गरिदिनुस्, धानबालीलाई बाढी पहिरोले नोक्सान नगरोस् भन्दै अन्नबालीको लागि आवश्यक वातावरण मिलाइदिन हेन्खामा (धर्तीमाता) सँग बल माग्ने काम गर्दछन् । त्यस समयमा गाउँ घरबाट ल्याएको धानको 'गाभा' सम्बन्धित नाक्छोङले उक्त थानमा चढाउँदै गाउँ घरमा यस वर्ष धान खेती राम्रो होस् भन्ने कामना गर्दै शक्तिदाता हेन्खामा, देवी देउरालीका साथै नाग नगेनीसँग वल माग्दछन् ।

### ६.४.४ कोदोमाङ (साम्पिचा) थान पूजा

साकेवा पूजाको दिन यस थानको पनि अस्थायी रुपमा थान स्थापना गरिन्छ । राई बान्तवाहरु बसोबास गरेको यस क्षेत्रमा अन्नबालीको रुपमा प्रमुख बाली मध्ये कोदो (साम्पिचा) पनि एक प्रसिद्ध बाली हो । जसलाई किरात राई बान्तवाहरुले जीवन पद्धतिको प्रत्येक पाइला-पाइलामा प्रयोग गर्ने गर्दछन् । साकेवा पूजाको दिन साकेवा नाक्छोङले आफ्नो पितृ देवताको प्रतीक माङलुङ उठाइसकेपछि क्रमबद्ध रुपमा स्थापना गरिएको कोदोमाङको पूजा गर्न थाल्ने प्रचलन रहेको छ । सम्बन्धित नाक्छोङले शक्तिदाता हेन्खामाको पूजाको दिन यस बालीको राम्रो उब्जनीको लागि उपयुक्त प्राकृतिक वातावरणको व्यवस्था होस्, खडेरी नलागून, समयमै यस बालीलाई लगाउन, थन्काउन सकियोस् भन्दै प्रकृति, देवी देउराली नाग नगेनी साथै धर्तीमाता हेन्खामासँग पुकार गर्दछन् ।

वास्तवमै यस समुदायको लागि महत्वपूर्ण अन्नको रुपमा कोदोलाई लिने गरिन्छ । जन्मदेखि मृत्यु पर्यन्त कोदो किरात राईहरु सबैमा नै आवश्यक रहेको हुन्छ । जन्मदा शुभ कार्यदेखि मृत्यु संस्कार सम्म यसबाट बनेको जाँड, रक्सीको अनिवार्य आवश्यक रहेको हुन्छ । जस्तै पास्नी, विवाह, बेला बेलामा हुने पितृ कार्यहरुमा जाँड रक्सी विना कुनै पनि काम चल्दैन । जब कुनै किरातीको सामयिक वा असामयिक निधन हुन्छ, त्यो बेला अनिवार्य रुपमा कोदोको जाँड रक्सी चाहिन्छ । त्यसैले किरात राईहरुको हरेक कार्यमा आवश्यक यो बाली राम्ररी उत्पादन होस् भनी यसमा आवद्ध नाक्छोङले किरात पिता पूर्खा शक्तिदाता हेन्खामा, नाग नगेनी, देवी देउरालीसँग राम्रो उत्पादन तथा उत्पादित अन्नको सह-रहोस् भन्ने कामनाका साथ प्रार्थना गर्ने गरेको पाइन्छ (प्रत्यक्ष अवलोकन, २०६७) ।

### ६.४.५ बादरदेउ (हेलावामाङ) थान पूजा

यस हेलावामाङको पनि साकेवा पूजाको दिन साकेवा थान नजिकै अस्थायी रुपमा यस थानको पनि स्थापना गरिनछ । राई बान्तवा भाषामा 'हेलावा' भनेको वादर हो र 'माङ्ग' भनेको देवता अब यसरी यी शब्दलाई सयुक्त रुपमा हेर्दा वादरदेवता भन्ने बुझिन्छ ।

वादरदेउ के हो त भन्ने प्रश्न उठ्न सक्छ, जसको आफ्नै किरात लोककथा रहेको छ । किरात लोककथा अनुसार किरातहरको दाजुभाइ मध्ये नुरुहाङ कान्छा थियो । किरातहरु प्रायः शिकार गर्न जंगल जाने गर्दथे । एक दिन नुरुहाङलाई अल्छी लागेछ र भनेछ - "बुवाची आइल अंका खिम्दा युङ्गाने खानान्ची खोक्ली खाराने" ( दाजुहरु आज म घरैमा बस्छु तपाईहरु जंगल जानुहोस्) । अरु भाइहरुले स्वीकार गरेछ, घरमा बस्नेले खाना दानाको व्यवस्था गर्नुपर्ने सर्त बमोजिम अब नुरुहाङले खानाको व्यवस्था गर्नुपर्ने भयो । तर नुरुहाङ एक त अल्छी भएको अर्को खाना बनाउन अनभिज्ञ रहेकोले खाना बनाउन सकेन दाजुहरु जंगलबाट आइपुग्ने समय भयो । नुरुहाङ आफै लाजले घरछाडी जंगल पसे । जंगल पसेका नुरुहाङको जंगलमै मृत्यु भयो । त्यसपछि बेला बखत घरमा आई विगार गर्न थाल्यो । यो कुरा अन्य दाजुभाइहरुले थाहा पाए

पछि नुरुहाङलाई फकाइफुलाई धुप बत्तीले पूजा गर्दै हामीलाई दुख दिन मिल्दैन, न त तिमीलाई हामीले दुख दिन मिल्छ । त्यसैले तिमीले हामीलाई दुःख नदिनु बरु जंगलछेउ पाखावारीमा हामी बाली लगाउँछौ, त्यसैको रक्षा गर्ने काम तिम्रो हो, भनी नुरुहाङको पूजाको शुरुवात भएको हो (वालाखाम्छा, २०५९) ।

यी माथिको कथा वास्तवमै किरात राई बान्तवाले पुज्ने गरेको हेलामाङ्गसँग मिल्ने गरेको छ । जुन हेन्खामा पुजाको दिन हेलावामाङ्गको पूजा गरिन्छ । त्यो दिन सम्बन्धित नाक्छोङले त्यो थानमा गाउँघरबाट मकैको बोट बिरुवाका साथ ल्याइएका अन्य सामाग्रीहरु आरावा, चुङ्गे, बेछु फल फलेदो आदि ल्याई यो वर्ष मकैको उत्पादन गाउँघरमा राम्रो होस्, फलेको मकै लगायत अन्य अन्नबालीको सह रहोस् भनी प्रथममा बादर देवतासँग र पछि हेन्खामा, नागनगनी देवी देउरालीसँग वल मागिने गरिन्छ । यो कार्य हेन्खामा पुज्नु भन्दा अगाडि सम्पन्न गरिन्छ ।

## ६.५ साकेवा थान भित्रका थानहरु

### ६.५.१ देवी देउराली थान पूजा

उभौलीमा साकेवा/हेन्खामा पूजा गर्ने क्रममा देवी देउराली थानको पनि पूजा गर्ने गरिन्छ । थानभित्र रहेको तीन थानहरु मध्ये एक देवी देउराली थान हो । जसमा साकेवा नाक्छोङ्ग लगायत अन्य सहयोगी नागछोङ्गहरुले फूल फलेदो चुढाउने तथा धुपवत्ती बाली बल माग्ने कार्य गर्ने गरेको पाइन्छ ।

किराँत राई बान्तवाहरुले वैशाखे पूर्णिमामा पुज्ने साकेवा उभौली भएकोले यस समयमा वर्ष याममा गरिने विभिन्न अन्नबाली उत्पादनका समय भएकाले यो बेला देवी देउरालीसँग अब ऋतु परिवर्तन भयो, वर्ष लाग्यो, अन्नबाली, धान, मकै, कोदो, आदि लगाउँदैछौं । यसलाई आवश्यक प्राकृतिक वातावरण सृजना गरिदिनु होला, समयमा वर्षात् गराई दिनु होला, वाढी पैरो खोलानालाले अन्नबालीको नोक्सान नगरुन् अन्नबाली समयमा मुरी मुरी भकारी भरी भित्र्याउन पाइयोस् भित्र्याएइएको

अन्नबालीको सह रहोस् भन्ने प्रार्थनाका साथ वल माग्दै, पूजाआजा सम्पन्न गर्ने काम गरिन्छ ।

यस थानले भोग नखाने भएकोले गाउँ घरबाट ल्याएको फुलपाती चढाउँदै धुप बत्ती बाली देवी देउरालीको प्रतीकको रुपमा पूजा गर्ने गरिन्छ (प्रत्यक्ष अवलोकन, २०६७) ।

### ६.५.२ नाग नगेनी थान पूजा

साकेवा थानभित्र दोस्रो पानीसँग सम्बन्धित नाग नगेनीको प्रतीकात्मक थान रहेको छ । जसलाई पानीको प्रतीक मानी पुज्ने चलन रहेको पाइन्छ । सम्बन्धित क्षेत्रका राई बान्तवाहरुले उभौली साकेवा पूजाको बेला पुज्ने गर्दछन् । धारा पूजा र यसमा खासै फरक पाइँदैन ।साकेवा पूजाको दिन यस थानलाई अब पूजा गर्न जान लागेका धार्मिक, सांस्कृतिक कार्यहरुको जानकारी गराउँदै, समयमा अन्न बालीलाई प्रयाप्त वर्षात गराई दिनु, अन्नबाली राम्ररी फल्ने वातावरण मिलाई दिनु, खोला, बाढी-पैरोले अन्नबाली नष्ट नगरुन्, खेतबारीमा अन्नबालीको उत्पादन राम्रो रहोस् अन्नबाली हावा हुरीले नबिगारुन्, गाई वस्तुहरुको वथानमा बृद्धि होस्, भिर पैरोमा नपरुन्, भन्ने मनोकांक्षाका साथ बल माग्ने कार्य गरेको पाइन्छ । यस थानमा भने बली दिइएका कुखुराहरु तथा सुँगुरको रगतले स्वागत गरिएको पाइन्छ । यसरी नाग नगेनीलाई स्वागत गरिसकेपछि भीर पार्खा रसाउने, पानीको मूल फुट्न सुरु हुने समग्रमा धर्ती अन्नबाली लगाउन योग्य हुने, समयमा प्रयाप्त वर्षात् हुने, दैवी प्रकोप, प्राकृतिक विपत्ति नहुने जनविश्वास किरात राई बान्तवाहरुमा रहेको पाइन्छ (प्रत्यक्ष अवलोकन, २०६७) ।

### ६.५.३ हेन्खामा थान पूजा

अध्ययन क्षेत्रका किरात राई बान्तवाहरुले पूज्दै आइरहेको साकेवा पूजाको मुख्य पूजा नै हेन्खामा (धर्ती) को पूजा गर्नु हो । हेन्खामा शब्द राई बान्तवा भाषाबाट लिइएको हो । जसको नेपालीमा अर्थ 'धर्ती' भन्ने हुन्छ । त्यसैले 'साकेवा पूजा' भन्नु नै

धर्तीको पूजा गर्नु हो । हेन्खामा थान पूजाको दिन हेन्खामा थान वरीपरि सबै सरसफाई गर्ने गरिन्छ । हेन्खामाको प्रतीकात्मक प्रतिमामा फूलमाला र अविरले सजाइन्छ । हेन्खामा थान बाहिर रंगीचंगी कागजका टुक्राहरुलाई धगोमा सजाई सजिसजावट गरिएको हुन्छ । त्यस्तै गाउँघरबाट साकेवा/हेन्खामा पूजा गर्न, नाच्न गाउन, तयारीका साथ मानिसहरु आइरहेका हुन्छन् । यसै क्रममा प्रथम चरणमा हेन्खामाको पूजाक्रम क्रमशः अगाडि बढ्दै जान्छ ।

### ६.५.३.१ हेन्खामा (धर्तीमाता) पूजाको दिन नाक्छोङ्गको भूमिका

पञ्चमीको दिन साकेवा नाक्छोङ्ग (पूजारी) ले त्यो बिहान सबेरै उठी शारीरिक रुपमा, सरसफाई गरी पवित्र भावनाका साथ छिमेकीहरुको बाँकी रहेको चुल्हो पुज्ने काम गर्ने गरिएको पाइयो । छरछिमेकीहरुको चुल्हो पुजीसकेपछि आफ्नो घरमा सहयोगीहरुका साथ साकेवा पूजाको लागी तयारी गर्ने गरेको पाइयो । सहयोगीहरुले साकेवा नाक्छोङ्गको आगनको बीचमा, साकेवा नाक्छोङ्गको मुन्दुमको सहायताले पातलेको सेउली गाड्ने गर्दछ । भेला भएका छरछिमेकीहरु यही सेउलीको वरिपरी ढोल झ्याम्टाको झ्याङ्गको झ्याङ्गको तालमा नाचिरहेको पाइन्छ । उता नाक्छोङ्गले भने आफ्नो माङ्गलुङ्ग (देवाढुंगा) लाई पुजिन लागेको हेन्खामा पूजाको बारेमा जानकारी गराई आफ्नो पूजा कार्यमा सहयोग गरिदिन आफ्नो पिता पूर्खा, जिजुबाजे, जिमाबज्यू आदिका बासस्थानको प्रतीक, सुप्तुलुङ्ग/खोप्पिलुङ्गसँग वल भाग्ने कार्य विशेष 'मुन्दुम' पुकारी गर्ने गरेको पाइन्छ । यसरी नाक्छोङ्गले 'मुन्दुम' पुकारी माङ्गलुङ्ग अठाई सकेपछि भने विशेष पहिरण पहिरने गरेको पाइन्छ । पहिरानमा नाक्छोङ्गले कपालमा विशेष किसिमको श्रीपेच (दोलो) पहिरिने गर्दछ । जुन मयुरको प्वाँख, लुइचे कुखुराको प्वाँस दुम्सीको काँडा, आदिबाट बनेको हुन्छ । त्यसको अतिरिक्त सेतो खाडी कपडाको फेटा गुथेको पाइन्छ । त्यस्तै शरीरमा दौरा सुरुवाल लगाउने र कम्मरमा तरवार भिर्ने गरेको पाइन्छ । पूर्खाहरुले चलाई ल्याएको धनुकाँड हातमा लिने गर्दछ । त्यस्तै चोखो जाँड पानी भरिएको चिन्डो (आपचुङ्गे) फुरु (काठको) वटुका लगायत अन्य विभिन्न फूल फुलेदोहरु पनि सहयोगीहरुले जुटाइ रहेको पाइन्छ । चिलिम टिप्ने भनेर केही सहयोगीहरु बेलैमा जम्मा भई आवश्यक फुल फलेदो, धानको बोट, मकैको बोट,

कोदोको बोटहरु संकलन गर्दछन् । संकलन गर्दा कन्याकेटीले गरेमा राम्रो हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । चारवटा वासको चुङ्गेमा चोखोजाँड लगी चार जान सहायक नाक छोङ्गहरुलाई बुझाइन्छ ।

यसरी सम्पूर्ण सरसमानहरु तयार भएपछि र साकेवा नाक्छोङ्ग, शारीरिक, मानसिक रुपमा पूर्ण तयारी भएपछि नाक्छोङ्गका साथ नाक्छोङ्गको घरमा भेलाभएका सम्पूर्ण मानुभावहरु साकेवा थानतिर लावालस्करै कसैले बाँसको लिङ्गो, कसैले सेउली त कसैले फुलफलेदो, चोखो जाँडा, कुखुराको भाले बोकी ढोल झ्याम्टाको झुङ्गको-झुङ्गकोमा साकेवा नाक्छोङ्गलाई विचमा राखी साकेवा थान तिर प्रस्थान गर्ने गर्दछन् । नाक्छोङ्गले शिरमा श्रीपेच, कम्मरमा तरवार, हातमा धनुकाँड (सायताली) र वेछुक (अदुवा) लिएर हिंड्दा युद्धमा हिँडे जस्तो देखिने गरी साकेवा, लाक नाच्दै गाउँदै नाक्छोङ्गलाई विचमा राखी अगाडि (साकेवा थानतिर) बढ्दछ ।

### ६.५.३.२ साकेवा नाक्छोङ्गको स्वागत कार्य

आकर्षक पहिरनमा सजिएका साकेवा नाक्छोङ्ग आफ्नो सहयोगीहरुका साथ, ढोल झ्याम्टाको गड्गडाई झुङ्गकोको अविरल ध्वनी, हर्षउल्लासमय गीतको गुञ्जाई, हातमा स्याउली, लिङ्गो, चालिम, लिइ नाच्दै र गाउँदै साकेवाथान तीर अगाडि बढ्दै जान्छ, भने अर्कोतिर साकेवा नाक्छोङ्गलाई सहयोग गर्न साकेवा थानमा भेला भएका चारजना सहायक नाक्छोङ्गहरु जम्मा भएका भानुभावहरु सहित मूल नाक्छोङ्गलाई भव्य रुपमा स्वागत गर्ने गर्दछन् । स्वागतपछि साकेवा नाक्छोङ्गलाई बीचमा राखी हेन्खामा थानलाई तीन फन्को लगाउँदछ । त्यसपछि सहयोगी साम्खा नाक्छोङ्गले भालेकाटी साम्खिमाङ्गलाई भोगदिई साकेवा नाक्छोङ्गलाई हेन्खामा थानमा प्रवेशको ढोका खुल्ला गरिदिन्छ ।

### ६.५.३.३ हेन्खामा थानको सामूहिक पूजा

जब साम्खा नाक्छोङ्गले साम्खिमाङ्गमा पितृ देवहरुलाई सम्झँदै भालेकाटी भोग दिइन्छ तब मूल नाक्छोङ्ग सबै सहयोगी पूजारीका साथ हेन्खामा थानमा बडो भावपूर्ण

मुद्रमा पस्दछन् र शक्तिदाता, धर्तीमाता हेन्खामाको पुजा आराधना गर्ने कार्य शुरु गर्दछन् । प्रथमत गाउँघरको सबै पाछाबाट लयाएको फूल अक्षेता हेन्खामा थान भित्र रहेको सबै थानमा चढाउने गर्दछन् । प्रत्येक घरको शुभलाभको कामना गर्दै, प्रत्येक घरको आरावा अछेता, फूलपाती, भेटीपैशा, चोखोजाँड, सबै थानमा चढाई सकेपछि मूल धामीले विशेष 'मुन्दुम' पुकारदै शक्तिदात हेन्खामासँग नयाँ अन्नबाली लगाउने समय भयो, नयाँ अन्नबाली धान, कोदो, मकै, आलु आदि लगाउन जाँदैछौ है ! धर्तीमाता हामीलाई यसपाली यी अन्नबालीहरुको उत्पादनमा सहयोग गरी दिन आज वल माग्दैछौं है ! मकैको बिरुवा, धानको गाभा, कोदोको बिरुवा चढाएका छौं है ! अन्न बालीलाई आवश्यक वातावरण तयार गरिदिनुहोस है ! गाई वस्तुहरुको वथानहरु लेकतिर पठाएका छौ, यसको वथानमा बृद्धि गरिदिनु होस् है ! वाघ भालु, खोलानाला बाढी पहिरो आदिबाट संरक्षण गरिदिनु होस् है ! भनि बल माग्दैछौ है ! घर परिवारका सदस्यहरु, छर-छिमेकका सदस्यहरु गाउँघरका दाजुभाइ नरनाताहरु, जो प्रदेश गएका छन् सबैको रक्षा गरिदिनु हुन वल माग्दैछौ है ! यति भन्दै हाम्रो सबै जीवन गाथा धर्तीमातामा नै अडेको छ, हाम्रो भाग्य भविष्य, जन्म, मृत्यु, दुःख सुख धर्तीमाता हेन्खामासँग नै निर्भर रहेको छ, त्यसैले हाम्रो प्राणलाई सुब्य फाब्य गरिदिनु हुन वल भाग्दै आज बलि चढाउँदै छौ है । आदि भावपूर्ण प्रार्थना अर्पन गरी सकेपछि बलिदिने कार्य सुरु गरेको पाइन्छ ।

### ६.५.३.४ सुँगुर पाठाको भोग

साकेवा मूल पूजारीले सामूहिक रुपमा धर्तीमाता हेन्खामालाई फुलपाति चढाई सकेपछि सुँगुर काटी भोग दिने चलन यस समुदायमा रहेको पाइएको छ ।

बलि दिने क्रममा साकेवा नाक्छोङ्गले त्यसदिन प्रथममा छडी पलाएको भाले काटी हेन्खामालाई भोग दिने गरेको पाइन्छ । साकेवा नाक्छोङ्गको पूजापछि सबै सहायक नाक्छोङ्गहरुको आ-आफ्नो 'मुन्दुम' पुकार्दै हेन्खामालाई मूल पूजारीको अनुरोध पछि चारै जना सहायक नाक्छोङ्गहरुको भालेकाटी भोग दिने गर्दछन्, त्यसपछि सहायक

नाक्छोङ्गहरु आ-आफ्नो थानमा गई गाउँघरबाट ल्याएका फूलपाती लगायत विविध पूजाको सामाग्री आ-आफ्नो थानमा चढाउने गर्दछन् ।

यता मुख्य नाक्छोङ्गले सुँगुरको भोग हेन्खामालाई दिनुभन्दा अगाडि आवश्यक 'मुन्दुम' हेन्खामा सामू, पुकारेको पाइन्छ । आवश्यक मुन्दुम पुकारदै सुँगुरलाई सोलोथाले छरकिँदै अछता चढाउँदै जान्छ, जसमा सुँगुरले तीन चोटी पर्छि सकेपछि भने सुँगुरलाई काटी (भालाले घोच्ने) रगत हेन्खामाको प्रतीकात्मक प्रतीकमा चढाउँदै यस वर्षको अन्नबाली राम्रो होस्, खोलानाला, बाढी पैरोले अन्नबाली नोक्सान नगरुन, अन्नबालीलाई आवश्यक प्राकृतिक वातावरण मिलोस्, गाई, वस्तुभाउको वथान फैलियोस्, घर प्रदेश सबैमा सुब्य फाब्य रहोस्, अन्नबालीको सह रहोस्, आदि बल माग्ने कार्य साकेवा मूल नाक्छोङ्गबाट गर्ने गरेको पाइएको छ ।

### ६.५.३.५ पेवा पूजा

यस उभौली साकेवा पूजामा हेन्खामालाई सुँगुरको भोग चढाई सकेपछि गा.वि.स. भरिका विभिन्न पाछा भित्रको पेवा पूजा गर्ने गरिन्छ । पेवा पूजा भन्नाले प्रत्येक घरको मुल्की व्यक्तिको शिर सदा उच्च रहोस् चिताएको काम गर्न सकियोस आयआर्जन राम्रो गर्न सकियोस् हिंड्दा ठेस नलागोस्, शत्रुको हमलाबाट बच्न सकियोस् भन्ने बल हेन्खामा (धर्तीमाता) सँग माग्नको लागि शिर भाले हेन्खामालाई बाचा गरी चढाइएको हुन्छ । यसरी चढाएको भाले र सँगै ल्याएको फुल अक्षेता साकेवा नाक्छोङ्गले विधिपूर्ण 'मुन्दुम' हेन्खामालाई पुकारी सकेपछि, भालेलाई पर्छिने कार्य गरिनछ । पर्छने क्रममा सम्बन्धित घरको सोलोया पानी र अक्षेता, भालेको शिरमा लगाइन्छ यसरी पानी लगाउँदा भालेले पर्छियो भने जुन घरको भाले हो, त्यो घरको मुली मानिस घरबाट परिवार सबैले चिताएको पुग्छ भन्ने जनविश्वास रहेको छ । यसरी पर्छि सकेपछि भालेलाई काटी हेन्खामाको प्रतीकमा रगत चढाइन्छ । तर भालेले पर्छिन् मानेन, पर्छेन भने अशुभ हुन्छ भन्ने जनविश्वास पनि रहेको पाइन्छ ।

पेवा पूजा करीब त्यस गा.वि.स.का १०० घर जतिले गर्न ल्याउँदछन् । पेवा पूजा गर्दा क्रमश पाछा अनुसारको गर्ने गरेको पाइन्छ । त्यस्तै आसपासका गा.वि.स.बाट पनि पेवा पूजा गर्न आउने गरेको पाइन्छ ।

एकातिर यसरी पेवापूजा गर्ने क्रम चलि राखेको हुन्छ भने अर्कातिर बडो हर्षोउल्लासमय वातावरणमा ढोल झ्याम्टाको झुङ्को-झुङ्को तालमा राई बान्तवाहरु एक शिलीमाहाङ्पाका साथ साकेवा लाक् नाचिरहेको हुन्छ ।

ढोल झ्याम्टा बजाउनेहरु ढोल झ्याम्टाको तालमा ताल मिलाई बजाइरहेका हुन्छन् भने गीत गाउनेहरु गीत गाउँदै नाचिरहेका हुन्छन् । त्यसबेला रमणिय पक्ष के हुन्छ भने, के बालक, के युवायुवती, के बृद्ध बृद्धा एकै साथ रहेर रहर लाग्दो गरी वृत्ताकार घेरामा साकेवालाक् नाचिरहेको पाइन्छ । रमित हेर्न आएकाहरु रमित हेरिरहेका हुन्छन् भने इष्टमित्र, नातागोतासँग भेटघाट पनि भइरहेको हुन्छ भने अर्कोतिर ढोल झ्याम्टाको ठूलो आवाजले त्यस क्षेत्रका वनजंगल नै थर्कि रहेको हुन्छ ।

### ६.५.३.६ सोधपुछ (खासेनमा)

यसरी साकेवा नाक्छोङ्ले धर्तीमाता हेन्खामालाई बलिदिने काम सकिएपछि साकेवा नाक्छोङ्ले हेन्खामा सँग सोध-खोज गर्ने गरेको पाइन्छ । उँभौली साकेवा पूजा सम्पन्न गरियो अब यसपाली यस क्षेत्रको अन्न बालीहरुको उत्पादन कस्तो हुन्छ ? वर्षात समयमा हुन्छ कि हुँदैन ? गाउँघरमा रोग व्यादि लाग्छ कि लाग्दैन ? गाई वस्तुभाउको बथानमा बृद्धि हुन्छ कि हुँदैन ? खडेरी पर्छकि पर्दैन ? बाढी पैरोले धनजनको क्षेति गर्छकि गर्दैन ? अन्नबालीको सहकाल कस्तो छ ? आदि कुराहरु गाउँलेहरुले साकेवा नाक्छोङ्लाई सोध्ने गर्दछ भने साकेवा नाक्छोङ्ले धर्तीमाता हेनखदामालाई सोध्ने गर्ने गरेको पाइन्छ । हेन्खामाबाट जस्तो लक्षण देखाउँदछ त्यो कुरा साकेवा नाक्छोङ्ले गाउँलेहरुलाई बताइदिने गर्दछन् । यही लक्षणको आधारमा साकेवा नाक्छोङ्ले त्यो सालको त्यो गाउँको आर्थिक अवस्था कस्तो हुन्छ । भविष्यवाणी गर्न सक्दछ । यसै कार्यलाई सोधपुछ भनेर भन्ने गरिन्छ (स्थलगत अध्ययन: २०६७) ।

यस विधिबाट यो वर्ष हेनकुवुङबाट गाउँको रीतिरिवाज, मौसम, चासुम लावा, खावा लावा (खाद्यान्न सह, धन सम्पत्ति सह) के कस्तो हुन्छ भनेर लक्षण हेर्ने हुन्छ । मावीयो (धामी) लाई गाउँको मानिसहरुले सोध्दछन् । मावियोले हेनकुवुङलाई सोध्दछ । मावियोले मन्त्र भन्दै सोधी सकेपछि हेनकुवुङको फेदमा खनेर हेर्दछ, त्यहाँ एक प्रकारको राम्रो गोलो अडाकार ढुंगा देखा परेमा सबै क्षेत्रमा राम्रो असल हुन्छ भन्ने जनविश्वास रहेको छ । त्यही ढुंगाको आकारमा सानो ठूलो चोट पटकको आधारमा सबै रोग व्याधी, मौसम, खाद्यान्न, शान्ति, अशान्ति लक्षण छुट्याउँछ । यसलाई खाससेनमा सोधपुछ भनिन्छ । (वालाखाम्छा, २०५९: ४१) ।

### ६.५.३.७ उभौली सेवा (ढोङवाङा)

यस साकेवा पूजा वर्षमा दुईचोटी उँभौली र उधौलीमा पुज्ने गरिन्छ । वैशाखे पूर्णिमादेखि मंसिरे पूर्णिमा सम्मको अवधिलाई उभौली (दोङवाङा भनिन्छ भने मंसिरे पूर्णिमा देखि वैशाखे पूर्णिमा सम्मलाई उधौली (दोङदावा) भनिन्छ । यहाँ भने उभौली सेवाको चर्चा गरिएको छ ।

जब वसन्त ऋतुसँगै वर्षातको समय शुरु हुन्छ, तब गाउँघरमा अन्नबाली लगाउने बेला पनि शुरु हुन्छ । यसै समयबाट बोट बिरुवाहरुले नयाँ जीवनस्वरुप पाउलो फेर्न थाल्दछन्, चराचुरुङ्गीहरुले भाषी फेर्दै मधुर धुन जुन्जाउन थाल्दछन् । खोला खोल्सीहरु रसाउँन थाल्छन् अर्थात् समग्र धर्ती रसाउन थाल्दछन् । धर्ती रसाउने क्रमसँगै जुका सर्पहरु धर्तीमा देखा पर्न थाल्दछन्, साथै माछाहरु पनि पानीको अविरल बेगसँगै छालमा डुबुल्की मार्दै उत्तर तर्फ लाग्ने गर्दछन् । प्रकृतिको यो परिवर्तनसँग किरात राई बान्तवाहरुले बैशाख पूर्णिमाको दिन अर्थात् बुद्ध जयन्तीको दिनदेखि शुरु हुने उभौली साकेवा पूजा पूज्न शुरु गर्दछन् । यहि दिनबाट राई बान्तवा समुदायले साकेवा पूजाको विधिवत् रुपमा शुरु भएको मान्दछन् । यो दिन नागी गा.वि.स.मा अवस्थित साकेवा थानमा सरसफाई गरी पुज्न तयारी अवस्थामा राख्ने गरेको पाइन्छ भने यस क्षेत्र वरपर तथा आसपासका क्षेत्रमा भने साकेवा पुज्ने प्रचलन रहेको छ ।

'मुन्दुम' अन्नबाली लगाउन जाँदैछौ, यसबेला अन्य जीव जन्तु किरा फट्याङ्ग्राहरुमा पर्न जाने असरमा माफ गर्नुहोला, हे धर्तीमाता यो सारा सबै संसार तपाइको सृष्टि हो, पृथ्वी आकास तपाई नै हो है । नायुमा तपाइको पूजा गऱ्यौ, गर्दैछौ, हाम्रो नमस्कार लिनुस् र तपाईको शक्तिको सिद्ध जागोस् शिर उठोस्, जानी नजानी तपाइकोसन्तान तपाईको खटनको बाल बच्चा हामी पूजा आराधना गऱ्यौ, दिर्घायूको वरदान माग्दछौ शक्ति माग्दछौं, उज्यालो रुप लिनुस् र आयुको दिन सकिए आयुदिनुस्, धन अन्नको आयु सकिए त्यसको आयु दिनुस्, अन्नको सह-सकिए अन्नको सह दिनुस्, धनको सह दिनुस्, हे धर्ती हेन्खामा नमस्कार ! हे धर्तीमा तपाइकै खटनमा रोगव्याधि छ हामीलाई शान्ति दिनुस्, देवग्रह (दिनदशा) रात दशा, ग्रहदसाबाट सधैं रक्षा गर्नुहोस् । हावापानी विघ्न वाधा, बज्रवाणबाट जोगाउनुहोस् । शत्रु झैंझगडाबाट जोगाउनुहोस् तन्त्रमन्त्र जादू टुना अग्नि, आगलागी र भूकम्पबाट रक्षा गर्नुहोस् नमस्कार (दोवाङदूम शामकालिङ २०५५: ५५, ५६) ।

समग्रमा बुझ्दा उभौली पूजा भनेको अन्नबाली लगाउने बेला भयो भनी हेन्खामा (धर्तीमाता) सँग पुकार गरी वल (शक्ति) माग गरिने पूजा हो । यसलाई आर्थिक उपार्जनको प्रतीकको रुपमा लिँदा खासै फरक पर्दैन किनकी यस बेलाबाट राई बान्तवाहरुले पूर्ण रुपमा कृषि कार्य शुरु गर्ने, अन्नबाली लगाउने, गोडमेल गर्ने, राम्रो उत्पादनको लागि कामना गर्ने गर्दछन् । यस बेला यो समुदायको तल्लो वस्तीहरुमा अन्नबाली लगाउने समय हुने भएकाले गाईवस्तुहरुलाई उपयुक्त चरणक्षेत्रको अभाव हुने भएकाले गाईवस्तुहरुलाई यस समुदायमा बसोबासगरेको माथिल्लो क्षेत्र (लेक) मा उपयुक्त र अनुकूल चरण हुनुका साथै ठूला ठूला घासे मैदान हुने भएकाले पशुपालनमा अनुकलता हुन सक्दछ । फलस्वरुप पशुपालन कार्यबाट राम्रो आम्दानी भई राई बान्तवा समुदायको जीवनस्तरमा आर्थिक लाभ हुन पुग्दछ ।

### ६.५.३.८ उधौली सेवा (दोङदावा)

किरात राई वान्तवाहरुले उधौली सेवा पनि मनाउने गर्दछन् । उधौली सेवा भन्नाले मंसीर पूर्णिमबाट बैशाखे पूर्णिमा सम्मको अवधिलाई जनाउँदछ । हेमन्त

ऋतुको आगमन सँगै लगाएको अन्नवालीहरुलाई घर भित्र्याउने समय आउँदछ । वर्षभरि दुःख गरी लगाएको मेहनतको कमाई थन्काउने बेलामा उधौली साकेवालाई पुजिन्छ । त्यसवेला मुख्यतया थन्काइएको अन्नवालीको राम्रो सह रहोस्, समय सम्म फलेको अन्नवालीले खान पुगोस्, कमाएको धनसम्पत्तिको सही सदुपयोग होस् भनी पिता पूर्खा, पारुहाङ सुम्निमा, धर्तीमाता (हेन्खामा) निनाम्मासँग 'मुन्दुम' पुकारी बल माग्ने गरिन्छ । किरात राई वान्तवाहरुमा धान, कोदो बेग्ला बेग्लै भकारीमा भरि भरि पारि राख्ने गरेको पाइन्छ । यसरी राखिएको अन्नलाई घरको विशेष मुल्कीले मात्र निकाल्ने प्रचलन रहेको पाइन्छ । यदि घरका अन्य व्यक्तिहले अन्न निकालेमा दुःख विमार हुने, सह नरहने, अनिष्ट हुने जनविश्वास रहेको पाइन्छ । विशेषतः राई वान्तवाहरुमा नयाँ अन्नवालीलाई विशेष पूजा गरेर पिता पुर्खाहरुलाई चढाएर मात्र खाने प्रचलन रहेको छ ।

क) 'मुन्दुम' नुवाङ्गी उधौली सेवा मुन्दुम् ओ ज्ञान मन उज्यालो पार्ने सर्वव्यापी परम् आत्म आदि अनादि ईश्वर नमस्कार छ । हे ईश्वर नमस्कार ! सुम्दिमा नायुमा, पारुहाङ, रुमुहाङ नमस्कार । मेरो कुल माता सुम्दिमा महावाजे देवा पारुहाङ हुन है । आज त ऋतु परिवर्तन आयो हावा पानी वद्लियो वालेसुङमा वावोरान्मा हिमालचुली तिर फिऱ्यौ र नयाँ नयाँ वाली पाक्यो । नयाँ सत्विउ पलवीउ देखि हिमाली पंक्षी औंलोमा झऱ्यो र अब त अन्नवाली पाक्यो र नुवाङ्गी पुजा चढाउँदैछु फलाना सालको फलानको पूजा यो अदुवा, कोदो, घैया धान अछेता, कागुनी पुजा लिनुस् । (दोवाङदुम/शामकालिङ २०५५ : ५७) ।

यसरी धर्तीमातालाई सबै कुराको जानकारी गराएर उधौली साकेवा पूजा सम्पन्न गर्ने गरिन्छ ।

### ६.५.४ साकेवा शिलीलाकको परिचय

साकेवा "सिलीलाक" भन्नाले विधिगत रुपमा निश्चित नियम भित्र रहि सिलिमाहाङ्गपा वा सिलिमाहाङ्गमाको सांकेतिक ईशारामा पिता पूर्खा, प्रकृति वातावरण, जीवजन्तु, चराचुरुङ्गीहरु आदिको नक्कल गरी आदिम सृष्टिकालको अभिनय गरिने कार्य

नै साकेवा "सिलिलाक्" हो । शाब्दिक रुपमा साकेवा सिलिलाक शब्दको अर्थ खोज्दा 'सिलिलाक' शब्द राई वान्तवा भाषाको दुई शब्द "सिली" + "लाक" को सन्धि भई बनेको छ । राई वान्तवा भाषामा शिलीको अर्थ भाका टिप्नु, इशारा गर्नु वा नक्कल गर्नु भन्ने बुझाउँछ र लाक् को अर्थ हल्लिनु वा नाच्नु भन्ने बुझाउदछ । यसर्थ नियमबद्ध रुपमा भाका टिपी हल्लि हल्लि प्रर्दशन गर्नु वा नाच्ने कार्यलाई नै शिलीलाक भनिन्छ (स्थलगत अध्ययन, २०६७) ।

### ६.५.५ शिलीको उत्पत्ति

शिलीको उत्पत्तिको सन्दर्भ जोड्दा हिजो किरात पूर्खाहरु भष्मे फाड्ने, खोरिया फाडि खेती गर्ने, शिकार खेल्ने, कन्दमूल बटुल्ने कार्य गर्दथे । मानव सभ्यताको ऐतिहासिक विकास क्रम सँगै जीवीकोपार्जन गर्ने कार्य शैलीमा पनि क्रमबद्ध रुपमा परिवर्तन हुदै अगाडि बढ्दै जाँदा, हालको अवस्थामा आइपुगेका किरात पूर्खाहरुले मानव इतिहासको प्राचीन युगमा आफुले कष्टकर जीवन यापनको क्रममा सिकेका, पत्ता लगाएका राम्रा पक्षहरु जो वास्तवमै जीवन उपयोगी थिए र छन् ती पक्षहरुलाई आ-आफ्नो शाखा सन्ततीहरुलाई हस्तान्तरण गर्ने क्रमको सबै भन्दा सजिलो माध्यम अभिनय गरेर सार्ने कार्य नै आज आएर शिलीको रुपमा परिचित छ । हिजो लेख्य परम्पराको संभव थिएन तर जीवन जिउने क्रममा सिकेका जीवन उपयोगी कुराहरु आफ्नो शाखा सन्तानलाई सिकाउनु नितान्त आवश्यक थियो । यसै क्रममा शिलीको उत्पत्ति भएको कुरा राई वान्तवाका जानकारहरु बताउदछन् । (स्थलगत अध्ययन, २०६७) ।

यसै सन्दर्भमा शिलीको उत्पत्ति सम्बन्धि एक पौराणिक लोक आख्यानलाई लिदा किरातपूर्खा हेन्कुवुङको दुई छोरी र एक छोरा थिए । छोरीहरु तावाँमा र खियामा थिए भने छोरा हेच्छाकुप्पा थिए । दिदीहरु र भाइको बीचमा दुःखद बिछोड भएको थियो र दुःखद छुटमा दिदीहरुले भाइलाई मृत घोषणा गरी बनकेरा र कर्दा भाइको लास गाडेको ठाउँ माथिछाडि दिएका थिए । तर पछि भाइ बाँच्छ र दिन दिनै हुँर्कदै जान्छ । हुर्कदै जाँदा जवान हुन्छ तत्पश्चात विवाह गर्ने निधो गरि दिदीहरुलाई खोजी विवाहमा

बोलाउँदछ मऱ्यो भनेको भाइको विवाहमा उपस्थित हुन पाउँदा दिदीहरु ज्यादै खुशी हुन्छन् । विवाह सकिन्छ दिदी भाइ बीच छुटिने वेला हुन्छ । त्यो बेलामा दिदीहरुले भाइलाई खुशीको चिनो छाड्ने विचार गर्दछन् तर दिदीहरुसँग केही पनि चिनो हुँदैन "हामी त चरा भयौ चिनो दिने वस्तु केही पनि छैन वरु नङनुमा लोक्तुमा (सुब्बेफाब्बे रमाइलो) गरेर फर्कनु पर्छ । यसको लागि ढोलहरु रोकिकेयान, वारुकेन र हितोकेन तयारी पारी दिनु हामी लाक नाच्छौ । यही समयबाट साकेवा शिलीलाकको शूरुवात भएको किरात राई वान्तवाहरु बताउँदछन् (हतुवाली : २०६४ :१५) ।

सत्य पवित्र भावना बोकेका प्रकृति पुजक राई वान्तवाहरुको जीवित र एक ऐतिहासिक सांस्कृतिक चाड 'साकेवा' मा प्रयोग हुदै आइ रहेको शिलीहरुको विभिन्न पक्षहरुसँग सम्बन्ध रहेको पाइन्छ । किरात राईहरुले सृष्टि पिता र सृष्टिमाताको रुपमा पारुहाङ (आकाश) र सुम्निमा (हेन्खामा) धतीमाताको रुपमा मान्ने गरेको पाइन्छ । किरातीहरुको मुख्य धर्म पिता पूर्खा र प्रकृतिलाई पुज्नु नै हो । त्यसैले साकेवा चाडमा यिनै मुख्य तीन पक्षको पुजा अर्चना गर्ने र पुजा अचर्नाको साथ साथै साकेवा शिलीको सहयोगमा साकेवालाक नाच्ने गरिन्छ । साकेवालाक नाच्दा क्रमबद्ध रुपमा शिलीहरुको प्रयोग हुन्छ । शिली विनाको साकेवालाक हुन सक्दैन । यी दुई बीचमा नङ् र मासुको झै सम्बन्ध रहेको छ । काँधमा ढोल हातमा झ्याम्टा, धनुषकाँड, तरवार चमार आदि लिएर शिलीमहाङ्गपा वा शिलीमाहाङ्गको इशारालाई साथ दिई नाच्नु नै शिली हो । शिलीमाहाङ्गपा वा शिलीमाहाङ्गमाले विभिन्न प्रकृतिका कार्यहरुको नक्कल वा इसारा गर्दछन् । त्यो नक्कल वा इशारा गर्ने व्यक्तिलाई शिलीमाहाङ्गपा वा शिलीमाहाङ्गमा भनिन्छ । शिलीमाहाङ्गपाले गरेको नक्कल वा इशाराले किरात इतिहासलाई झझल्काउने गर्दछ । शिलीमा किरात पूर्खाहरुले वाटो बनाएको, भष्मे फाडेको, कपास छरेको, वीउ छरेको, अन्नवाली लगाएको, तान बुनेको, जंगली जनवारहरुको नक्कल गरेको, चराचुरुङ्गीहरुको नक्कल गरेको आदि आउँदछन् । यसरी शिलीमा आउने अनगिन्ति कार्यहरुले मानव इतिहास वा किरात इतिहासलाई उजागर गर्ने गरेको पाइन्छ । वाहिरबाट झलक्क हेर्दा नाचिरहेको रमाइलो गरिरहेको देखिन्छ । वास्तवमै साकेवालाकले किरातीहरुलाई मनोञ्जन त दिएको नै हुन्छ तर पनि साकेवा लाकमा

निश्चित सीमा वा परिधिभित्र रहि हात खुट्टा ढोल झ्म्टाको तालमा चलाइरहेको हुन्छ ती चाल वा नचाइमा किरात पिता पूर्खाहरुको जीवन यापन कार्य, रहन सहन ऐतिहासिक विकास क्रम, विभिन्न काल खण्डको घट्नाक्रम आदिलाई झझल्काई रहेको हुन्छ । त्यसैले साकेवा शिलीलाकलाई किरातीहरुको जीवीत इतिहासको रुपमा लिन सकिन्छ भनेर किरात राई विज्ञहरु बताउँदछन् (स्थलगत अध्ययन २०६७) ।

**तालिका नं. ८**
**सिलीको अर्थको सम्बन्ध**

| क.सं. | शिलीको अर्थ | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राईहरुले प्रकृतिको नक्कल गर्नु | ३ जना | ९.३८ |
| २ | चराचुरुङ्गीहरुको नक्कल गर्नु | २ जना | ६.२५ |
| ३ | प्रकृति वातावरण र राई जातिको जीवीकोपार्जनको झलक | २६ जना | ८१.८८ |
| ४ | पिता पूर्खाहरुको परम्पराको नक्कल गर्नु | १ जना | ३.१३ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका अनुसार शिलीको अर्थ के सँग सम्बन्धित छ भनी नागी गा.स. का ३२ जना उत्तरदातासँग राय बुझ्दा किरात राईहरुले प्रकृतिको नक्कल गर्नुमा ३ जना अर्थात ९.३८ प्रतिशत चराचुरुङ्गीहरुको् नक्कल गर्नुमा २ जना अर्थात ६.२५ प्रतिशत, प्रकृति वातावरण र राईजातिको जीविकोपार्जनको झलकमा २६ जना अर्थात ८१.८८ प्रतिशत र पिता पूर्खाहरुले गरेको परम्पराको नक्कल गर्नुमा १ जना अर्थात ३. १३ प्रतिशत रहेको छ । यसरी माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने साकेवा शिलीको अर्थको सम्बन्ध प्रकृति वातावरण र राई जातिको जीवीकोपार्जनसँग सम्बन्ध रहेको पृष्टि हुन्छ ।

### ६.५.६ शिलीको प्रकार

किरात राई वान्तवाहरुको एक जिवित ऐतिहासिक सांस्कृतिक चाड साकेवामा प्रयोग हुदै आइ रहेका विभिन्न शिलीहरु छन् । यी शिलीहरु यति नै छन् भनेर यकिन गर्न सक्ने अवस्था छैन । किरात राई विज्ञ तथा ऐतिहासिक जानकार व्यक्तिहरुका अनुसार कसैले १८४ कसैले १५१ कसैले १०६ हुन्छन् भनी दावी गरेको पाइन्छ । शिलीहरु यति नै छन् भनी यकिन गर्न गाह्रो भएता पनि विशेषताको आधारमा मुख्य रुपमा शिलीलाई निम्न चार भागमा विभाजन गरिएको पाइन्छ ।

(क) कृषि चित्रणको अभिनय शिली

(ख) प्राकृतिक चित्रणको अभिनय शिली

(ग) प्राणीहरुको चित्रणको अभिनय शिली

(घ) आत्मिक अभिनय चित्रणको शिली

### (क) कृषि चित्रणको अभिनय शिली

यस समुदायले कृषि पेशासँग सम्बन्धित रहेर सांकेतिक रुपमा प्रस्तुत गरिने अथवा सिली/नृत्यको माध्यमबाट कृषि जनजीवन र यससँग सम्बन्धित यथार्थता झल्काउनु नै कृषि चित्रणको अभिनय शिली हो ।

मानवलाई जीवन यापनको लागि विभिन्न किसिको उपभोग्य वस्तुहरुको आवश्यक पर्दछ । जुन उपभोग्य वस्तुहरु कृषि कार्यबाट आम मानव समुदायले प्राप्त गर्दै आइरहेका छन् । त्यस्तै किरात राई बान्तवाहरुको पनि प्रमुख पेशा कृषि कार्य नै हो । त्यसैले गाँस, बास र कपासको लागि गरिने विभिन्न क्रियाकलापहरु कसरी गरिन्छ भन्ने कुराको प्रस्तुती यस शिलीबाट प्राप्त गर्न सकिन्छ । उदाहरणको रुपमा भष्मे फडानी गरी अन्नबालीको बीउ छरेको, बीउ गोडेको, बीउ उखेलेको, बीउ रोपेको, गोडमेल गरेको, टिपेको, काटेको, कुटेको, पिसेको, केलाएको, पकाएर खाएको, त्यस्तै भस्मे फाडेको, कपास खेती लगाएको, कपास गोडमेल गरेको, टिपेको, फड्काएको,

धागो कातेको, तान थापेको, तान बुनेको, कपडा बुनेर लगाएको आदि अभिनयहरु यसमा गरिन्छ ।

**(ख) प्राकृतिक चित्रणको अभिनय शिली**

समग्र मानव समुदाय प्रकृतिप्रति निर्भर रहेको हुन्छ । प्रकृतिबाटै आफ्नो सम्पूर्ण आवश्यकताहरु पूर्ण गर्ने गर्दछन् । फलस्वरुप प्रकृति जस्तै जल, वायु, तेज, सूर्य आदिलाई खुशी पार्नु अति आवश्यक मानिन्छ । त्यसकारण यस चाडमा सम्पूर्ण प्राकृतिक वस्तुहरुको पूजा अर्चना गर्नु, विभिन्न चराचुरुङ्गी, जंगली जनावरहरु आदिको नक्कल गर्नु यस सिलीको विशेषता हुन् ।

मानव र प्रकृतिको बीचमा नङ र मासुको झैं सम्बन्ध रहेको छ । मानिसले जे जति क्रियाकलाप गर्दछन्, यसै प्रकृतिमा प्रदत्त वस्तुहरुसँग गर्दछन् । प्रकृति नै मानव जीवन हो । मानिसहरुका प्राण यसै माथि निर्भर रहेको छ । प्रकृति भन्नाले आकाश, धर्ती, सूर्य, चन्द्र, हावा, पानी, दृश्य अदृश्य शक्ति आदिलाई बुझाउँछ । जसमाथि मानव विजय असम्भव छ, साथै मानव जीवनका लागि यी वस्तुहरु अति आवश्यक भएकाले यिनीहरुको पूजा आराधना गरेर खुशी पार्न सकेमा किरात राई बान्तवाहरुमा पनि सुव्यफाव्य हुने भएकाले ती वस्तुहरुलाई खुशी पार्न विभिन्न प्रकारका पुजा अर्चना आदि गरिएको यस प्रकृति चित्रणको अभिनयद्वारा प्रस्तुत गर्ने गरेको पाइन्छ ।

**(ग) प्राणीहरुको अभिनय चित्रणको शिली**

विभिन्न प्राणीहरुले गर्ने क्रियाकलाप तथा अभिनयलाई जस्ताको त्यस्तै सिलीको माध्यमबाट झल्काउनु नै प्राणीहरुको चित्रणको अभिनय शिली हो । जसमा चराचुरुङ्गी जनावरहरु आदिको नक्कल गरिन्छ ।

यस प्रकारको अभिनय शिली किरात पूर्खाहरुले विगतमा विभिन्न किसिमका जंगली जनावर चराचुरुङ्गीहरु जस्तैः बाघ, भालु, मृग, डाँफे, कालिच, कऱ्याङकुरुङ, कल्चुडा आदिले गर्ने विभिन्न किसिमका क्रियाकलापहरुको अनुकरणात्मक अभिनय गरी मानव सभ्यताको विकास क्रमलाई झल्काउने गर्दछ । यसबाट के कुरा स्पष्ट हुन

जान्छ भने मानिसहरुले हाल गर्दै आइरहेका कतिपय कार्यहरु पशुपंक्षी, जंगली जनावर आदिबाट सिकेका रहेछन् भन्ने बुझाउँदछन् । ऋतु परिवर्तनसँगै किरात राई बान्तवाहरुको जीवन पद्धतिमा पनि परिवर्तन हुने साथै गाईवस्तुहरु लेकतिर लैजाने र जाडो याम शुरुवात सँगै गाईवस्तु, चराचुरुङ्गीहरु किरात राई वस्तीको तल्लो भूभागमा झर्ने यो पनि अभिनयको रुपमा प्रस्तुत गरिन्छ ।

## (घ) आत्मिक अभिनय चित्रणको शिली

आत्मिक अभिनय चित्रणको सिली अन्तर्गत भावनात्मक पक्षको अभियनको चित्रण भएको पाइन्छ । जस्तै मिलन, विछोड आदिमा रमाइलो र रोदनका साथै दुःख सुखका क्षणहरु झल्काउने, रुने, कराउने, चिच्याउने आदि आत्मका यथार्थ कुराहरुलाई यस सिलीका माध्यमबाट झल्काइन्छ ।

आत्मिक अभिनय शिलीमा विशेषतः किराती पूर्खाहरुले गरेका आत्म अनुभूतिका कुराहरुलाई अभिनयद्वारा प्रष्ट पार्ने कार्य गरिन्छ । यस शिलीमा मानिसहरुको शारीरिक सरसफाई, नुहाई धुवाई, सिंगार पटार, कोरिबारी टिका लगाउने, फूल सिंउरिने आदिको अभिनय गर्ने गर्दछन् । यो शिलीमा मानिसहरु बिहान उठेदेखि दिनभरी गर्ने विभिन्न कार्यहरु र बेलुका सुत्ने बेलासम्मको सम्पूर्ण क्रियाकलापसँग सम्बन्धित रहेर अभिनय गर्दछन् । यसमा मुख्यतया सुन्दिशिली, तावाँमा खियामा शिली, सिकी शिली आदि पर्दछन् ।

यसरी विशेषताको आधारमा साकेवा शिलीहरुलाई चार भागमा विभाजन गरेको भए तापनि अध्ययन क्षेत्रमा रहेका किरात राई बान्तवाहरुले प्रयोगमा ल्याई रहेका यस मध्येका लोकप्रिय शिलीहरु निम्न छन् :-

## १. तावँमा खियामा शिली

यो शिली पूर्णरुपमा लोक कथामा आधारित शिली हो । त्यसैले यस शिलीमा अभिनयको माध्यमबाट लोक कथालाई झल्काई रहेको पाइन्छ । यस लोककथा अनुसार टावँमा-खियामा नाम गरेकी दुई जना दिदी बहिनी थिइन् । उनीहरुको दैनिकी तान

बुन्नमा बित्दथ्यो, तान बुन्न दुवैजना खप्पिस थिइन् ।यस शिलीमा यी दिदी बहिनीहरुले गरेका तान सम्बन्धी कार्यहरुलाई शिलीको रुपमा अभिनय गरेर प्रत्येक खण्ड खण्डमा प्रस्तुत गरिन्छ ।

यस शिलीमा तान बुन्नको लागि आवश्यक कपासलाई भष्मे फडानी गर्ने, खन्ने, बिउँ छर्ने, गोड्ने, कपास टिप्ने, कपास धनुले फट्काउन, चर्खामा धागो कात्ने, धागो पोल लगाउने, तान थाप्ने, कपडा कोर्ने, नाप्ने, कपडा सिलाउने र लगाउने आदि अभिनय यस शिलीमा गरिन्छ । प्रत्येक शिलीहरुमा शिलीको चाल अवधि लगभग ८ देखि १२ मिनेट सम्मको रहेको हुन्छ र प्रत्येक शिलीमा सिलसिसलाबद्ध अभिनय गरेर विधिगत रुपमा अन्त्य गरिन्छ । यसबाट किरात राई बान्तवाहरुको पूर्वज पिता माता तान बुन्ने कार्य गर्दथे, भन्ने प्रमाणित गर्दछ ।

## २. चासुम शिली

किरात राई बान्तवा भाषामा ‘चासुम’ भन्नाले खाद्यान्न वा अन्नबालीलाई बुझाउँदछ । किरात पिता पूर्खाहरुले मानव विकास क्रमको प्रथम चरणमा गरेका विभिन्न जीवन उपयागी खोजपूर्ण कार्यहरुलाई कथा वस्तुमा आधारित रही चरणबद्ध रुपमा यस शिलीको माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । यस शिलीमा प्रथममा खेती गर्नको लागि जंगलमा भष्मे फडानी गर्न जंगल हिंडेको खुट्टाको शिली गरिन्छ । त्यसपछि क्रमशः शिलीका चालहरु जंगल वा भष्मे फाँडेको, खानीखोस्री गरेको, बिउँ छरेको, बिउँ गोडमेल गरेको, बिउँ उखेलेको, विउँ मुठा पारेको, बोकेर अर्को स्थानमा लगेको रोप्ने जमिन तयार पारेको बिरुवा रोपेको, गोडमेल गरेको, काटेको, झाटेको, निफन्नेको, कुटनी पिसनी गरेको, अन्त्यमा पकाएर घर परिवार जम्मा भई, खाई खुसियाली साथ रमाइलो गरी यस शिलीको विधिवत रुपमा अन्त्य गरिन्छ । यो शिली अन्य शिलीहरु भन्दा बढी मात्रामा किरात राई बान्तवाहरुले प्रयोगमा ल्याउने गरेको स्थलगत अध्ययनले जनाएको छ (स्थलगत अध्ययन, २०६७) ।

## ३. शिकारी शिली

जंगली जनावरहरुलाई पिछा गरी मार्नु वा आफ्नो आहारा बनाउनु नै नै सिकार गर्नु वा विकार खेल्नु हो । यस सिलीमा आफ्ना पूर्खाहरुको शिकार खेलेको क्रियाकलापको झल्को प्रस्तुत गरिन्छ । यस शिलीमा विशेषतः किरात पिता पूर्खाहरुको रहन, सहन विभिन्न किसिमका क्रियाकलाप, चालचलन आदिको अभिनय गरिन्छ । यस शिलीमा प्राचीन समयमा किरातीहरु शिकारी भएकोले प्रथममा किरात पूर्खाहरुसँग शिकार खेल्न अनुमति मागेको, त्यसपछि धनुकाँड निर्माण गर्ने गरेको, धनुकाँड बोकि जंगल हिंडेको, धनुकाँड तन्काएको, ताँदो चढाएको, शिकार हानेको, मारेर ल्याएको, शिकारको मुटुकलेजो निकाली,पोली शिकारीलाई चढाएको साथै उक्त शिकारलाई पकाई, सबै जनाले भेला भएर खाई मनोरञ्जन गरेको अवस्थामा यो शिलीको विधिगत रुपमा अन्त्य हुन्छ । यो शोधपत्र अध्ययनको क्रममा यसरी खुसियाली मनाउने क्रममा नै साकेवा शिलीको उत्पत्ति भएको हो भन्ने भनाइ पनि रहेको पाइन्छ (स्थलगत अध्ययन, २०६७) ।

## ४. नारावा शिली

यो शिलीको उत्पत्त पंक्षीहरुको नक्कल गर्ने क्रममा भएको पाइन्छ । पंक्षीहरुमा पनि विशेषत कर्‍याडकुरुङ्ग चराको अभिनय यस शिलीमा गर्ने गरिन्छ ।

यो शिली अन्य शिलीहरुको तुलनामा अभिनय गर्नु अप्ठ्यारो मानिन्छ ।यस शिलीमा शिलीमाहाङ्गपा वा शिलीमहाङ्गमाको चाल या भाकालाई सजिलै सँग टिप्न सकिँदैन । नाच्ने क्रममा भाका टिप्न नसक्दा एक आपसमा ठोक्किने, कुल्चने लड्ने जस्ता अप्ठ्याराहरु पर्न सक्दछ ।

यस शिलीका क्रमहरुमा प्रथममा चराले गुड लगाउने, अण्डा पार्ने, अण्डा कोरल्ने, बच्चा काड्ने, बच्चा उड्ने प्रयास गर्ने, उड्ने चिलको आक्रमणबाट जोगिने, गर्मी मौसममा आकासै ढाक्ने गरी पहाडतिर जाने । जाडो मौसममा आकासै ढाक्ने

गरी मधेशतिर जाने, अन्तमा छुट्टिएर पहिलाकै अवस्थामा आइपुगि विधिवगत रुपमा अन्त्य हुन्छ ।

यो शिलीले ऋतु परिवर्तन, राई समुदाय र पशुपंक्षीवीच रहेको सम्बन्धलाई झझल्काउने गर्दछन् (स्थलगत अध्ययन, २०६७) ।

**५. झेक्वा शिली**

यस शिलीमा पनि पंक्षीको नै अभिनय गरिन्छ । 'झेक्वा' भनेको राई बान्तवा भाषामा भनिएको हो । जसको नेपालीमा अर्थ खोला खोल्सा तिर पाइने "झाले चारा' हो यो चरा निकै फुर्तिलो हुने भएकोले यस शिलीमा साकेवा नाच्दा निकै रमाइलो देखिन्छ । यो शिलीमा अगाडि पछाडि सर्ने, फर्रर घुम्ने, भित्र पस्ने, बाहिर निस्कने र फेरी फर्रर घुम्ने आदि अभिनय गर्ने गरेको पाइन्छ । यस शिलीमा नाच्न प्रायस युवायुवतीहरु मन पराउँदछन् भने केटाकेटी बृद्ध बृद्धाहरुलाई भने भाका टिप्न कठिन हुन्छ । यो शिली राई बान्तवाहरुले कम मात्रमा नाच्ने गरेको पाइन्छ (स्थलगत अध्ययन, २०६७) ।

**६. फाक्लेवा शिली**

यो शिलीलाई शिलीहरुको पनि शिलीको रुपमा लिइन्छ । किनकी यो शिली प्रायस सबै शिलीहरुको सुरुवात गर्दा यसै शिलीबाट नै सुरुवात गर्ने गरिन्छ । यस शिलीमा खुट्टाको मत्र चाल रहेको हुन्छ । राई बान्तवा भाषामा 'फाक्लवा' को अर्थ बाटो बनाउनु वा सफा गर्नु हुन्छ । यही अर्थ लगाउँदा नृत्यमा आउने प्रत्येक शिलीको बाटो निर्माण गर्ने तथा बाटो देखाउने शिलीको रुपमा लिन सकिन्छ ।

**७. सिकी शिली**

यो शिली किराती लोक कथामा आधारित शिली हो ।यस शिलीमा दिदी बहिनी र भाइबीचको पौराणिक सम्बन्लाई शिलीको माध्यम्बाट प्रस्तुत गर्ने गरिन्छ । दिदी बहिनी र भाइ विचमा कति नजिकको सम्बन्ध हुँदो रहेछ । दिदी बहिनी र भाइ मध्ये

एकको अनुपस्थितिमा कति नरमाइलो लाग्दो रहेछ आदि पक्षको यस शिलीले झझल्काउने काम गर्दछ ।

यस शिलीमा तान बुन्ने, भाइ सानो हुन्छ त्यसैले भाइको हेरचार गर्ने, भाइलाई खाना पिनाको व्यवस्था मिलाइ दिने, भाइ भोकले मर्दछ, भाइ मरेकोमा रुने, भाइलाई गड्ने, भाइको चिहान (गाडेको स्थान) हेर्ने, भाइ मरेको विलापमा रुँदै दिदी बहिनी छुट्टिने बेलामा चिनो साट्ने, चिनो साटिसकेपछि दिदी बहिनी चराको रुप धारण गरी एकजना हिमाल तिर अर्को जना तराईतिर जान्ने यसरी यो शिली, विधिगत रुपमा अन्त्य हुन्छ । आज भोली यो शिलीलाई किरात लोककथाको रुपमा राई बान्तवाहरुले साकेवा शिलीको रुपमा नाच्दै आइरहेका छन् । (वालाखाम्छा, २०४९) ।

माथि उल्लेख गरिएका शिलीहरुको अतिरिक्त राई बान्तवाहरुले प्रयोग गर्दै आइरहेका शिलीहरु अरु धेरै छन् । त्यस्तै आम राई समुदायभित्र शिलीको कुरा गर्ने हो भने बसोबास स्थानको आधारमा, खोलाको आधारमा, पाछ्राको आधारमा फरक फरक किसिमका शिलीहरु पाउन सकिन्छ । शिलीहरु आम राई समुदायमा फरक फरक भएता पनि यसको मूल मर्म भने एउटै रहेको पाइन्छ । जुन प्रकृति, पूर्वज पिता पूर्खा, प्राणी चराचुरुङ्गी आदिको अनुकरण गरि भाका टिप्नु नै यसको मूल मर्म रहेको पाइन्छ ।

## ६.६ स्याउली स्थापना तथा समापन

किरात राई बान्तवाहरुले साकेवा पूजा गर्दा अनिवार्य रुपमा स्याउलीको स्थापना गर्ने गर्दछन् । स्याउली विशेष व्यक्ति वा साकेवा नाक्छोङ्गको घरमा मात्र स्थापना गर्ने प्रचलन रहेको छ । जो कोहिले स्याउली स्थापना गर्न सक्दैन । स्याउली स्थापना गर्नको लागि साकेवा नाक्छोङ्गको उपस्थिति अनिवार्य मानिन्छ । साकेवा नाक्छोङ्गको घरमा वा अन्य कुनै व्यक्तिको घरमा स्याउली स्थापना गर्दा, साकेवा नाक्छोङ्गले राई बान्तवाहरुको विशेष 'मुन्दुम' (मन्त्र) पुकारने गर्दछन् । विशेष 'मन्दुम' पुरकारी सकेपछि नाक्छोङ्गको सहयोगीहरुले जुन घरमा स्याउली (लिंगो) स्थापना गर्नुपर्ने हो त्यो घरको आगनको बिचमा गाड्ने (स्थापना) गर्ने गर्दछन् ।

यदि नाक्छोङ्गको अनुमति बिना जो कोहिले स्याउलीको स्थापना गरेको खण्डमा सम्बन्धित व्यक्ति, घर-परिवार, गाउँघरमा अनिष्ठ हुन्छ भन्ने जन विश्वास राई समुदायमा रहेको पाइन्छ । नाक्छोङ्गको घर बाहेक अरु घरमा स्याउली स्थापना गर्दा राई बान्तवाहरु मध्येको जो कोहीको घरमा पनि स्याउली स्थापना गर्न सकिने भएता पनि प्रायसः मुलघर वा जेष्ठ बृद्धा व्यक्तिको घरमा स्थापना गर्ने गरेको पाइन्छ । स्याउली स्थापना गर्दा भने अनिवार्य रुपमा साकेवा नाक्छोङ्गको विधिगत 'मुन्दुम' को सहयोग चाहिन्छ । यसरी विधिगत रुपमा व्यक्तिको घरमा स्याउली स्थापना गरिसकेपछि भने अनिवार्य रुपमा तीन वर्ष सम्म क्रमशः स्याउली स्थापना गर्नुपर्ने हुन्छ । तीन वर्ष पुगेपछि त्यो घरमा साकेवा स्याउली स्थापनाको समाप्ति हुन्छ । साकेवा स्याउली स्थापनाको तीन बर्ष पुगेर समाप्त गरेको खुसीयालीमा विशेष साकेवा पूजा गरी सुँगुर, कुखुराको भोग हेन्खामलाई दिई, दरदाजुभाइ, छरछिमेकी नाताकुटुम्बा भेला भई साकेवालाक नाची, हाँसी खुसीसाथ साकेवाको प्रसाद ग्रहण गरी त्यो घरमा साकेवाको विधिगत समापन भएको अवगत गराउने गरेको पाइन्छ । त्यसपछि अर्को साल अरु व्यक्तिले विधिवत रुपमा स्याउली स्थापना गर्ने गर्दछन् ।

यसरी स्थापना गरिएको स्याउलीको वरिपरी नाच्नु भन्दा अगाडि साकेवा नाक्छोङ्गले विशेष राई 'मुन्दुम' (मन्त्र) पुकरी जुन पाछाको घरमा स्याउली स्थापना गरिएको हो त्यो पाछाको 'माङलुङ्ग' उठाई पितृहरुको प्रतिक 'चुला' मा कुखुरा काटी भोग दिएर बाहिर आई तयारी अवस्थामा स्थापना गरिएको स्याउली, धनुकाँड, तरवार आदिको पूजा गर्ने गर्दछन् । पूजा गरिसकेपछि नाक्छोङ्गको साथसाथै भेला भएका सबै जना ढोल झ्याम्टा बजाउँदै स्याउलीको वरिपरी नाच्न थाल्दछन् । नाच्ने क्रम ५ देखि १० दिनसम्म हुने गर्दछ । यसरी गाडिएको स्याउली नसुकेर हरियै समापन सम्म रहेमा, त्यो साल त्यो स्याउली स्थापना गरिएको घर परिवार, लगायत गाउँघर सबैमा सुब्यफाब्य हुने, रोग कष्ट नलाग्ने, अन्नबालीको राम्रो उब्जनी हुने, सह काल रहने, धन सम्पत्ति जोड्न सकिन्छ भन्ने जनवश्वास यस समुदायमा रहेको पाइन्छ । यसरी स्थापना गरिने स्याउली पहाडि भेगमा पाइने पातले (कटुस) को हुन्छ ।जसको सिधा हाँगालाई काटी आवश्यक मात्रामा छाटकाट गरी तयार गरिन्छ । स्याउली स्थापना गर्ने

क्रममा अन्य आवश्यक सामग्रीहरु एउटा भाले, पिता पूर्खाहरु देखि चलाई ल्याएको तरवार, धनुकाँढ, केराको बोट, बासको लिङ्गो आदि पर्दछन् ।

आजभोली राई बान्तवा समुदाय लगायत अन्य राई समुदाय स्थायी, अस्थायी बसाई सराई सर्नेक्रम बढ्दो छ । यी समुदायहरु देशभित्र देश बाहिर जुन जुन ठाउँमा बसाई सराई सर्दछन् ती ठाउँहरुमा आफ्नो धर्म संस्कृति पनि सँगै लैजाने गरेका छन् । त्यसैले आज भोली साकेवा चाड पनि भोजपुर जिल्लाको आसपास हुँदै पूर्व अञ्चलको विभिन्न जिल्लाहरु, सुनसरी, मोरङ्ग झापादेखी राजधानीका काठमाडौं भक्तपुर ललितपुर आदि जिल्लाहरुमा पनि आजभोली बैशखे पूर्णिमा र मंसिरे पूर्णिमाका बेला साकेवा पूजा गरी नाच नाच्न थालेको पाइन्छ । यति मात्र नभएर हङ्कङ्ग बेलायन, अमेरिकामा पनि यो बेला साकेवा नाच नाच्ने गरिन्छ । यो बेला भने स्याउली पातलेको नभई अन्य रुख बिरुवाको प्रयोग गर्ने गरेको पाइन्छ । यसरी साकेवा पूजामा स्थापना गरिने स्याउलीको धार्मिक, सामाजिक, साँस्कृतिक मान्यता अनुसार, यसलाई शित्तलता दिने, पानीपार्ने, 'सङकोङबुमाङ्ग' देवताको प्रतीकको रुपमा स्थापना गर्ने गरिएको पाइन्छ ।मानव विकास क्रममा किरात राई बान्तवाहरुको पूर्वज् पिता पूर्खाहरुले मानव उद्विकासको विभिन्न चरणहरु पार गर्दै हालको अवस्थामा आइपुगेका हुन् भन्ने राई बान्तवाहरु विश्वास गर्दछन् । यी विभिन्न चरणहरु पार गर्ने क्रममा धेरै समयसम्म किरात पूर्खाहरु वनजंगलमा आस्रित भएर बाँचेका थिए ।जुन बेला जंगलमा पाईने गिट्ठा, भ्याकुर, कन्दमुल आदि खाई बाचेको र वनजंगलले मानव जीवनलाई अति आवश्यक वस्तुहरु उपलब्ध गराउने भएकोले वन जंगलको रक्षा गर्नुपर्छ भनेर स्याउलीको स्थापना गर्ने गरेको अध्ययन क्षेत्रका जानकार राई बान्तवाहरु बनाउँदछन् । एकातिर यसले मानव जीवनमा वनजंगलको महत्व दर्साई रहेको हुन्छ भने अर्कोतिर अनुशासित भई बृत्ताकार रुपमा रही साकेवा लाक नाच्न सहयोग गर्ने गर्दछ ।

### तालिका नं. ९

### साकेवा चाडमा स्याउली स्थापनाको उद्देश्यको सम्बन्ध

| क्र.सं. | उद्देश्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वातावरण र मानवचीचको सम्बन्ध देखाउन | ९ | २८.१३ |
| २ | वनजंगलको महत्व झल्काउनु | ७ | २१.८८ |
| ३ | किरात राईहरुको धार्मिक परम्परा झल्काउन | ५ | १५.६३ |
| ४ | माथिका सबै | ११ | ३४.३८ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा किरात राई बान्तवाहरुले साकेवा पूजामा स्थापना गरिने स्याउलीको उद्देश्य केसँग सम्बन्धित छ भनी ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा, वातावरण र मानव बीचको सम्बन्ध देखाउनुमा ९ जना अर्थात् २८.१३ प्रतिशत, वनजंगलको महत्व झल्काउनुमा ७ जना अर्थात् २१.८८ प्रतिशत, किरात राईहरुको धार्मिक परम्परा झल्काउनुमा ५ जना अर्थात् १५.६३ प्रतिशत र यी माथिका सबै हुन्मा ११ जना अर्थात् ३४.३८ प्रतिशत मत रहेको पाइएको छ । यसरी हेर्दा माथिको तालिकाबाट साकेवाचाडमा स्याउली गाड्नुको उद्देश्यको सम्बन्ध मानवजीवनमा धार्मिक परम्परा, प्राकृतिक वातावरण, वनजंगलको सम्बन्ध नजिक रहेको पुष्टि हुन्छ ।

### ६.६.१ साकेवा नाचमा आवश्यक मौलिक बाजाहरु

यस देशका प्राचीन तथा आदिमबासी मध्येका एक किरात राई जाति पनि हुन् । यी जातिले परापूर्व कालदेखि नै आफ्नै किसिमको धर्म, संस्कार, संस्कृति मान्दै, मनाउँदै आइरहेका छन् भने यिनीहरुले प्रयोग गर्दै आइरहेको बाध्य सामग्रीहरु पनि आफ्नो धर्म संस्कार अनुसारको रहेको पाइन्छ । किरातहरु प्रकृति प्रेमी मात्र होइनन्, गीत संगीत, साहित्य प्रेमी पनि हुन् भन्ने कुराको पुष्टि साकेवालाकमा नाचिने विभिन्न शिलीहरुले प्रमाणित गर्दछ । साकेवालाकमा नाचिने विभिन्न शिलीहरुमा पिता पूर्खाका दुःख सुखका गाथाहरु, माइती चेली विचका अविस्मरणीय क्षणहरु, जंगली जनावरका हिंडाई,

उफ्राईका तालहरु, चराचुरुङ्गीहरुका ऋतुपरिवर्तन सँगै फेरिने भाषिहरु आदिको आधारमा नै आज किरात राईहरुले प्रयोग गर्ने बाध्य सामाग्रीहरुको सृजना भएको हो भनी अनुमान गर्न सकिन्छ ।

हिजोकै परम्परालाई निरन्तरता दिने क्रममा यी जातिले प्रयोग गर्दै आइरहेका मुख्य बाध्य सामाग्रीहरुमा बिनायो, मुचुँगा, बासुरी, मुरली मादल, ढोल, झ्याम्टा बासको मादल आदि रहेका छन् । यी बाध्य सामाग्रीहरुमा किरात राईहरुको आफ्नै किसिमको मौलिक विशषता रहेको पाइन्छ । यी माथिका मध्ये साकेवा नाचमा प्रयोग हुने मुख्य बाध्य सामाग्रीहरु निम्न छन् ।

### ६.६.१.१ ढोल

साकेवा नाचमा प्रयोग हुने मुख्य बाजा मध्ये ढोल एक हो । यो काठ र छालाको मद्दतबाट बनाइएको हुन्छ । ढोल बनाउने काठ प्रायस पातलेको हुन्छ । यसको अलावा ओखर तथा मउवाको पनि बनाउँन सकिन्छ । ढोल बनाउन प्रयोग गरिने छाला भने गाई वस्तुको नै हुन्छ । यसरी काठको गोलो आकारको करीब दुई फिट लामो काठलाई छालाले मोरेर बनाइएको ढोल वनजंगल थर्कने गरि बज्दछ । बजाउँदा यसलाई चोकेमा झुण्डाएर वा काँधमा बोकेर वा भुँइमा राखेर जसरी भए पनि बजाउन सकिन्छ ।बजाउँदा भने काठको जगाले बनाउने गरिन्छ । ढोल मात्र बजाउँदैन ढोलका साथै हृदयस्पर्सी परम्परागत साकेवा गीत पनि युवाहरु गाउने गर्दछन् ।

### ६.६.१.२ झ्याम्टा

साकेवा नाचमा बजाइने अर्को प्रमख बाजाको रुपमा झ्याम्टालाई लिन सकिन्छ । यो कासा वा पितलबाट बनाइएको हुन्छ । स्थानीय स्तरमा यो बनाउन असम्भव हुने भएकोले शहरी क्षेत्रबाट किनेर राईहरु लैजाने गर्दछन् । यो दुईओटा जुम्ल्या झ्याम्टे टोपी आकारको हुन्छ । बजाउँदा दुईवटा झ्याम्टालाई एक आपसमा ठोक्याएर एक प्रकार को कडा आवाज निकालिने गरिन्छ ।जुन बजाउँदा ढोलको साथ

एकै चोटी तालमाताल मिलाएर बजाउनु पर्दछ । प्रायस यो राई समुदायका महिलाहरुले बजाउने गर्दछन् ।

### ६.६.१.३ सिर्लिङ्गे

यो पनि राई बान्तवाहरुले प्रयोग गर्ने बाजा मध्ये एक हो । जुन फलाम या पितलबाट बनेको हुन्छ । यसको आकार दाविलोको जस्तो हुन्छ । यसले किरात राईहरुको प्राचिन हतियारको झल्को दिने गर्दछ । यो हातमा लिएर हल्लाउँदै नाच्ने गरिन्छ । बनाउँदा यसको छेउ छेउ वरिपरि साना साना प्वाल पारी त्यो प्वालमा सानो गोल रिङ्ग झुण्डाइने गरिन्छ । जसको आवाज छिरलिङ्ग छिरलिङ्ग आउने गर्दछ । प्रायस यसलाई युवाहरुले हातमा लिएर नाच्ने गर्दछन् । राई बान्तवाहरुले साकेवा नाचमा प्रयोगमा ल्याइएतापनि बढी मात्रामा चाम्लिङ्ग राईहरुले प्रयोगमा ल्याउने गर्दछन् ।

### ६.६.१.४ चमार

यो विशेष लेखकतिर मात्र पाइने चौरीगाईको झ्याम्मा परेको पुछरबाट बनेको हुन्छ । यसको रंग प्रायस सेतो वा कालो हुने गर्दछ । यो ढोल झ्याम्टाको तालमा साकेवा नाच्दा महिला, पुरुष जो कोहिले हातमा लिएर हल्लाई नाच्ने गर्दछन् । यसले पशुप्राणीसँग किरात राईहरुको प्राचिन, धार्मिक, साँस्कृतिक, सम्बन्ध रहेको अर्थ दिने गर्दछ ।

### ६.६.१.५ पंक्षीहरुको प्वाँख

पंक्षीहरुको प्वाँख पनि साकेवा नाचामा प्रयोग हुने गर्दछ । यो मुख्यतया साकेवा नाक्छोङ्गले आफ्नो शिरमा लगाउने गरेको पाइन्छ । पंक्षीहरुमा डाँफे, मुनाल मयुरको प्वाँख प्रयोग हुने गरेको पाइन्छ (स्थलगत अध्ययन, २०६७) ।

# परिच्छेद-सात

# साकेवामा देखिएका परिवर्तन

## ७.१ साकेवा पुज्ने विधि र नाचमा आएको परिवर्तन

किरात राईहरुमा सामाजिक महत्व बोकेका धेरै चाडपर्वहरु रहेका छन् । ती विभिन्न चाडपर्वहरु मध्येका राईहरुको एक मात्र जीवित धार्मिक सांस्कृतिक विशेष महत्व बोकेको चाड साकेवा हो । यसले राई जातिको धर्म र दर्शनका पक्षहरुलाई पनि झल्काउने गर्दछ साथै राईहरुको वास्तविकतालाई बुझ्नु र यी जातिले मनाउने गरेको साकेवा चाडलाई बुझ्न नितान्त आवश्यक छ । यही चाडको माध्यमद्वारा किरात इतिहासदेखि किरात राईहरुको हालको अवस्थासम्म बुझ्न यस चाडले पुलको रुपमा मद्दत गर्दछ ।

### ७.१.१ साकेवा पुज्ने विधि, विगत र वर्तमान

राई बान्तवाहरुले पुज्दै आइरहेको साकेवा पूजा विधिमा खासै परिवर्तन नपाईए तापनि बलि दिने, कार्यमा भने परिवर्तन आएको पाईन्छ । विगतमा किरात पूर्खाहरुले हेन्खामा (धर्तीमाता) लाई भोग/बलि दिंदा कोरली बाछी काटेर भोग दिने चलन थियो, तर पछि किरातराईहरु राज्य सत्ताबाट हट्दै गए र नेपालमा हिन्दु धर्मको बोलवाला हुन थालेपछि गाईको बलि दिन निषेध गरिएको हो भन्ने कुरा राई बान्तवाहरु मध्येका जानकारहरु बताउँदछन् (स्थलगत अध्ययन, २०६७) ।

यसरी विगतमा कोराली वाछी काटी हेन्खामा (धर्तीमाता) लाई भोग/बलि दिने राई बान्तवाहरुले हाल आएर भने सुँगुर, कुखुराको बलिदिने गरेको पाइन्छ । त्यस्तै साकेवा पूजा गने 'मुन्दुम' (मन्त्र) मा भने विगत र वर्तमान अवस्थामा खासै फरक पाइँदैन । विगतमा साकेवा पूजा गर्दा जसरी 'मुन्दुम' (मन्त्र) पुकारिन्थ्यो आजभोली पनि सोही बमोजिम पुकारिने गरेको पाइन्छ ।

त्यस्तै अन्य साकेवा पूज्दा आवश्यक पर्ने सर सामानहरुमा पनि खासै परिवर्तन आएको पाइँदैन । उभौली र उधौली गरी वर्षमा दुईपटक साकेवा पूजा राई बान्तवाहरुले पूज्ने गरेको पाइन्छ । उभौलीमा साकेवा पूजामा चाहिने आवश्यक मुख्य सामाग्रीहरु ढोल (केन), झ्याम्टा (मानकेन), केराको पात (तुप्ला), अक्षता (आरावा), चिण्डो (बाबुक), चोखोजाँड (वासिम्), भाले (पावा), अदुवा (वेछुप), मृग वा घोरलको सिंग (पुङ) मृगको मासु (खिरिसा) आदि छन् । यी माथिका सामाग्रीहरु विगतबाट हालसम्म उभौली सकेवा पुज्दा अनिवार्य रुपमा आवश्यक पर्न जान्छ (मुकारुङ्ग, २०६५: ७९) ।

त्यस्तै साकेवा नाक्छोङ्गले प्रयोग गर्ने विभिन्न सामग्रीहरुमा पनि विगत र वर्तमानमा खासै परिवर्तन आएको पाइँदैन । विगतमा जे जस्ता सामग्रीहरु प्रयोग गर्ने गर्दथे आज भोली पनि सोही सामग्रीहरु प्रयोगमा ल्याएको पाइन्छ । ती सामाग्रीहरु । धनुकाँड (सायाताली), तरवार (वान्छान), चिन्डो (आप्चिवी), मयुरको प्वाँख (वासाङ), काठको आरी (कोरुखङ्ग), श्रीपेच (ढोलो) आदि रहेका छन् । यी माथिका अतिरिक्त अन्य सामाग्रीहरु पनि नाक्छोङ्गले प्रयोग गर्ने गर्दछ (मुकारुङ्ग, २०६५: ८१) ।

### ७.१.२ साकेवा चाडमा आएको परिवर्तन

आज विश्वमा कुनै पनि वस्तु स्थिर रुपमा रहि रहन सक्दैन । त्यस्तै समाज पनि स्थिर रुपमा नरहेर समय सापेक्ष परिवर्तन भइरहन्छ । कुनै पनि समाजमा परिवर्तन आउनु भनेको त्यो समाजले अँगाल्दै आइरहेको धर्म संस्कृति रीतिरिवाज परम्परा, चालचालनहरु आदिमा परिवर्तन आउनु हो । तर कुनै पनि धर्म संस्कार संस्कृतिमा परिवर्तन त्यसै आउँदैन, त्यसको पछाडि पनि केही न केही चल तत्वहरुले प्रभाव पारेको पाइन्छ । त्यसैगरी किरात राई बान्तवाहरुले मनाउँदै आइरहेको साकेवा चाडमा पनि विगत र वर्तमानमा केही परिवर्तन आइरहेका छन्, जसका पछाडि विभिन्न कारणहरु हुन सक्छन्, जस्तो राजनीतिक परिवर्तन, वैज्ञानिक आविस्कारले संचार क्षेत्रमा आएको परिवर्तन, शैक्षिक स्तरमा बृद्धि आर्थिक स्तरमा बृद्धि,

विश्व भू-मण्डलीकरणको प्रभाव आदि हुन सक्दछन् । यी यस्ता पक्षले कुनै पनि समुदायको धर्म संस्कृति संस्कारहरुमा सजिलै परिवर्तन ल्याउन सक्दछन् ।

यसै सन्दर्भमा यस शोधपत्र तयार गर्ने क्रममा शोधकर्ताले नागी गा.वि.स.मा बसोबास गर्ने ३२ जना उत्तरदातासँग बुझिलिएको उत्तरदाताहरु भावना तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**साकेवा चाडमा परिवर्तन आउनुको आधार**

| क.सं. | परिवर्तनको आधार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राई समुदायको शैक्षिक र आर्थिक स्तरमा बृद्धि | १२ | ३७.५० |
| २ | विश्व भुमण्डलीकरण र राई जनसंख्यामा बृद्धि | ५ | १५.६३ |
| ३ | वैज्ञानिक आविस्कारको विकास | ५ | १५.६३ |
| ४ | माथिको सबैमा | १० | ३१.२५ |
| | जम्मा | ३२ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा ३२ जना उत्तरदाताको भावना अनुसार साकेवा चाडमा परिवर्तनको आधार बुझ्दा राई समुदायको शैक्षिक र आर्थिक स्तरमा बृद्धि भन्ने संख्या १२ जना अर्थात् ३७.५० प्रतिशत, विश्व भु-मण्डलीकरण र राई जनसंख्याको बृद्धि भन्नेमा ५ जना अर्थात् १५.६३ प्रतिशत, वैज्ञानिक आविष्कारको विकास भन्नेमा ५ जना अर्थात् १५.६३ प्रतिशत र यी माथिको सबै कारणले साकेवा चाडमा परिवर्तन आएको हो भन्नेमा १० जना अर्थात् ३१.२५ प्रतिशत रहेका छन् ।

यसरी माथिको तालिकाले साकेवा चाड/पूजामा परिवर्तन आउनुका आधारहरुमा राई समुदायको शैक्षिक र आर्थिक स्तरमा बृद्धि नै हो भन्ने पुष्टि हुन्छ भने अन्य पक्षले पनि केही मात्रामा प्रभाव परेको पाउन सकिन्छ ।

### ७.१.३ साकेवा नाचमा विगत र वर्तमानमा देखिएका परिवर्तन

प्रकृति पूजक किरात राई जातिले सदियौ देखि पूज्दै आइरहेको चाड यो जातिको आफ्नो मौलिक जातिय पहिचान बोकेको एक जीवित साँस्कृतिक चाड हो । किरात राई जातिको छाता सङ्गठन किरात राई यायोक्खा' को अभिलेख अनुसार भाषाको आधारमा २८ भाषी किरात राई जाति रहेको देखिन आउँदछ भने थरको आधारमा हेर्दा चाहिँ १७ थरीका किरात राईहरु देखिन्छ (मुकारुङ्ग, २०६५: २७) ।

राई समुदाय भित्र पनि २८ थरी भाषा बोल्ने १७ थरमा विभाजन भएको पाइन्छ भने ती १७ थर भित्र उपथरहरु (पाछाहरु) अनगिन्ति रहेको पाइन्छ । यी विभिन्न भाषा बोल्ने र विभिन्न थर, उपथर (पाछा उपपाछा) मा विभाजित किरात राईहरुलाई एउटै मालामा उन्ने काम यही साकेवा चाडले गरेको पाइन्छ ।

मानवशास्त्रीय प्रसारवादी सिद्धान्त अनुसार कुनै पनि संस्कार संस्कृतिहरुको उत्पत्ति निश्चित एक ठाउँमा हुने गर्दछ र मानिसहरुको बसाई-सराई, आवत जावत, रहन सहन आदि कारणले त्यो संस्कृति अन्य क्षेत्रहरुमा प्रचार प्रसार हुँदै जाने गर्दछन् । यस सिद्धान्त अनुसार साकेवा नाचमा आएको परिवर्तनलाई लिँदा पहिले साकेवाको उत्पत्ति किरात राई समुदायको बाक्लो वस्ती रहेको भोजपुर जिल्लाको सोइना भन्ने भिरमा भएको राई बान्तवा जानकारहरु बताउँछन् । तत्पश्चात् भोजपुरबाट किरात राई बान्तवाहरु नेपालको पूर्व तर्फ धनकुटा, सुनसुरी, मोरङ्ग, झापा, इलाम आदि जिल्लाहरुमा बसाई सरी गएको पाइन्छ । त्यस्तै यी जिल्ला बाहेक किरात राईहरु राजधानीको काठमाडौं, ललितपुर, भक्तपुर देखि विदेशमा हङकङ्ग, बेलायत अमेरिका आदि मुलुकमा पनि बसोबास गर्न थालेको पाइन्छ । आफ्नो माटो जन्मभूमि जति प्यारो लाग्दछ, त्यस्तै आफ्नो संस्कृति पनि त्यसैले यी जातिहरु भोजपुरबाट जुन-जुन स्थानमा स्थायी अस्थायी बसाईसराई सरेर गए ती स्थानहरुमा यस चाडलाई पनि सँगै लगी परम्परा अनुसार मनाउन थाले । यसै क्रममा साकेवा नाचमा सामान्य रुपमा परिवर्तन आएको यस शोधकार्यको अनुसन्धानको क्रममा पाइएको छ । त्यस्तै वैज्ञानिक आविष्कारको कारणले संचार माध्यममा आएको परिवर्तन, विभिन्न समयमा भएको राजनीतिक परिवर्तनको कारणले, शिक्षामा आएको

परिवर्तनले साकेवा नाचमा पनि केही परिवर्तन ल्याएको किरात राई बान्तवाहरुका जानकारहरु बताउँदछन् ।

**तालिका नं. ११**

**साकेवा नाचमा विगत र वर्तमानमा देखिएका परिवर्तनको सम्बन्धको अवस्था**

| क.सं. | उत्तरदाताको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत नै छ | ३ | ९.३८ |
| २ | सामान्य परिवर्तन आएको छ | २७ | ८४.३८ |
| ३ | अत्याधिक मात्रामा परिवर्तन आएको छ | १ | ३.१३ |
| ४ | थाहा छैन | १ | ३.१३ |
| | जम्मा | ३२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकामा किरात राई बान्तवाहरुले मनाउने गरेको साकेवा चाडमा विगत र वर्तमान अवस्थामा के कस्ता परिवर्तनहरु आएका छन् भनी नागी गा.वि.स. का ३२ जना उत्तरदाताहरुसँग राय बुझ्दा साकेवा नाच परम्परागत नै छ भन्नेमा ३ जना अर्थात् ९.३८ प्रतिशत, सामान्य परिवर्तन आएको छ मा २७ जना अर्थात् ८४.३८ प्रतिशत, अत्यधिक परिवर्तन आएको छ मा १ जना अर्थात् ३.१३ प्रतिशत र साकेवा नाचमा परिवर्तन आए नआएको केही थाहा नहुने संख्या १ जना अर्थात् ३.१३ प्रतिशत रहेको छ । यसरी माथिको तालिकाबाट साकेवा नाचमा सामान्य परिवर्तन आएको तथ्य पुष्टि हुन्छ । मुख्य रुपमा यस समुदायको साकेवा नाचमा देखिएका परिवर्तनहरु हेर्दा विगतमा गाउने गीतहरु विस्तारै विस्थापित भई आधुनिक गीत तर्फ युवा युवतीहरु उन्मुख भएको देखिन्छ । लोकलयमा आधारित गीतहरु आज यस नृत्यमा कमै मात्रमा सुन्न पाइन्छ भने पुराना बाजाहरु भदा आकारको ढोलहरुको ठाउँमा हल्का र पित्तलको ढोलहरु प्रयोग हुन थालेको पाइन्छ । युवतीहरु विगतमा जस्तो साडी चोलीमा मात्र नभएर पाइन्ट, सर्ट, हाफ पाइन्ट आदि आधुनिक फेसनमा रमाएको देखिन्छ । यस सिली/नृत्यमा अचकल युवाहरुले खैनी माड्ने, चुरोट पिउने जस्ता विकृतिपूर्ण अभिनय गरी नाच्ने गर्दछन् । परम्परागत ढुंग्री, मुन्द्रीहरु लगाउनेमा अहिले त्यो प्रचलन विस्तारै विस्थापित भएको पाइन्छ ।

# परिच्छेद-आठ

# सारांश, निष्कर्ष र सुझावहरु

## ८.१ सारांश

विविध जात जातिहरुको मनोरम संगमस्थल नेपालमा विभिन्न भाषा, धर्म र संस्कृतिको समिश्रण रहेको पाइन्छ । यसै गरी यहाँका कला र साहित्यले पनि यसमा उर्जा थपेको छ । १०१ जातजाति र ९२ भाषा भाषीहरुको एउटै समाज नेपाल जहाँ हिमाली, पहाडी क्षेत्रका शेर्पा, तामाङ्ग, गुरुङ्ग, राई लिम्बु हुँदै तराईका थारु, धिमाल, मुसर,कोचे, मेचे सम्मका जात जातिहरु आफ्नो संस्कार रीतिरिवाज र परम्परालाई अक्षुण रुपमा बचाई रहेका छन् । यी विविध जात जातिहरुको मौलिक संस्कृति, परम्पराहरुलाई दिगो रुपमा कायम राखी राख्न, आपसी सद्भाव र एकताले टेवा प्रदान गर्दछ । देशको विभिन्न जातजातिहरुको धर्म, संस्कृति उनीहरुका परम्परागत मौलिक संस्कृति ज्ञान, सीप, कला, साहित्य राष्ट्रका आधार स्तम्भ नै हुन् । राष्ट्रिय मौलिकता र विशिष्टताको उत्थान र संरक्षणको लागि आदिवासी जनजातिहरुको संस्कृति र धर्मको प्रचार प्रसार हुन अत्यावश्यक देखिएकोले शोधकर्ताले भोजपुर जिल्लाको नागी गा.वि.स.मा बसोबास गर्ने किरात राई बान्तवाहरुको महत्वपूर्ण चाड साकेवाको एक समाजशास्त्रीय अध्ययनमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ । किरात राईहरुको मौलिक संस्कृतिको रुपमा परिचित साकेवा चाडको आफ्नै किसिमको विशिष्ट पहिचान रहेको पाइन्छ । यसलाई यी समुदायले महत्वपूर्ण चाडको रुपमा लिने गर्दछन् ।

प्रस्तुत शोधकार्य किरात राई जातिको महत्वपूर्ण चाड साकेवा विषयसँग अन्तरनिहित/सम्बन्धित कारणहरु खोज्नेगरी साकेवा चाडको सामाजिक, आर्थिक, धार्मिक महत्व, हालको पद्धतिको पहिचान साथै विगत र वर्तमानमा देखिएका परिवर्तनका सन्दर्भमा खोजमूलक तथ्यमा आधारित रहेर पूर्ण रुपमा स्थलगत अध्ययन गरी वर्णात्मक ढाँचामा (Descriptive research design) मा आधारित रहेको छ ।

प्रस्तुत शोधपत्र भोजपुर जिल्लाको नागी गा.वि.स.का ३२ जना सूचनाकर्तासँग प्रत्यक्ष अन्तर्वार्ता लिई यस शोधपत्रमा समेटिएको छ । (अनुसूची ३)

अध्ययन क्षेत्रमा नाक्छोङ्ग स्थानीय बुढापाका यस संस्कृतिसँग सम्बद्ध जानकार व्यक्तिहरु, किरात राई यायोक्खाका केन्द्रीय पदाधिकारीहरु आदिसँग छलफल र सोधपुछ गरी तथ्याङ्क संकलन तथा त्यसको शुद्धताको जाँच गरी पूर्ण रुपमा सम्पादन गरिएको छ । यसरी प्रस्तुत शोधपत्र सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन र अभिलेखहरुको अध्ययन विश्लेषणबाट किरात राई बान्तवाहरुको साकेवा चाडको विगत, वर्तमानमा देखिएका परिवर्तनका साथै हालको पद्धतिको पहिचान गरिएको छ ।

१) किरात राई समुदाय नेपालका प्राचीन तथा आदिम जाति रहेको कुरा शोधकार्यबाट पुष्टि हुन्छ । किरात भन्ने शब्द र उत्पत्तिको सन्दर्भमा विज्ञहरु बीचमा नै मतभिन्नता रहेता पनि विभिन्न लेख, रचना, पुरातात्विक, ग्रन्थ, पुराण, शिलालेख, ताम्रपत्र, आदि सामाग्रीहरुको अध्ययन गर्दा हेर्दा यी जाति नेपालको आदिवासी मध्येका एक शाखा राईहरु हुन् भन्ने कुरा, प्राचीन वेद उपनिसद, पुराण तथा अभिलेखहरुले प्रमाणित गर्दछ । राई भन्ने शब्द कुनै खास जातिको नाम वा थर होइन यो त गाउँको ठालु वा मुखिया जनाउने पदावली मात्र हो । राई भन्ने पद्धवी केही शताब्दी अगाडि किपट प्रथामा गुथी दिएको उपाधि मात्र हो ।

२) नेपालको जनगणना २०५८ अनुसार किरात राईको कुल जनसंख्या ६,३५,१५१ रहेको देखिन्छ अर्थात् २.७९ प्रतिशत र किरात धर्मावलम्बीहरु ३.६ प्रतिशत रहेको तथ्याङ्कले देखाउँदछ । यो समग्र जनसंख्याको आधारमा हेर्दा अत्यन्तै न्यून प्रतिशत हो । फलस्वरुप केही समय अगाडिबाट यस जातिको पहिचान अस्तित्व रक्षाको निम्ति खोजमूलक अनुसन्धान गरिएको पाइन्छ र यस शोधपत्रको उद्देश्य पनि साकेवा चाडको अध्ययनबाट यस जातिको जातिय पहिचान खोज्दै यस जातिको रक्षा गर्नु नै हो ।

३) साकेवाको उत्पत्ति कहिले भयो र पुज्न कहिले देखि थालियो भन्ने कुराको लिखित दस्तावेज प्राप्त गर्न कठिन छ । साकेवाको उत्पत्ति र पूजाको थालनी लोक आख्यान तथा किम्बदन्तीहरुमा मात्र पाउन सकिन्छ । लोक आख्यान र किंवदन्तीको आधारमा साकेवाको उत्पत्ति दोलखा जिल्लामा भएको हो ।

४) साकेवा पूजाको अर्थ 'आत्म र धर्ती' को पूजा गर्नु हो । प्रकृति पूजक किरात राई समुदाय मुख्य रुपमा प्रकृतिलाई खुसी पार्नु आफ्नो कर्तव्य ठान्दछन् । सम्पूर्ण प्राणीहरुको रक्षा गर्ने कुलदेवता/पितृदेवलाई सर्वोपरी ठान्ने गर्दछन् भने यसै गरी धारा पूजाका साथै हेन्खामा (धर्तीमाता) को पूजा गरी प्रकृतिलाई खुशी पारी समयमा अन्न बालीलाई आवश्यक वर्षात् गराई दिन अनुरोध गर्ने प्रचलन रहेको पाइन्छ ।

५) पिता पुर्खा र प्रकृति पुजकका रुपमा चिनिने किराँत राई बान्तवा समुदाय संस्कृतिका धनि मानिन्छ । यिनीहरुको महत्वपूर्ण चाड मध्ये साकेवा पूजा प्रमुख हो । यो चाड वर्षको दुईचोटी वैशाखे पूर्णिमामा दश दिनसम्म र मंसीरे पूर्णिमामा पनि भव्य रुपमा मनाउने गर्दछन् । जसको मुख्य उद्देश्य घर परिवार, गाउँघरमा सुब्य फाब्य होस्, प्रकृति खुशी भई समयमा वर्षात गराई अन्नबाली सप्रियोस् रोगब्याधी नलागोस् भन्ने नै हो ।

६) प्रस्तुत शोधकार्य अध्ययन अनुसार किरात राई समुदायको मुख्य धर्म नै पिता पूर्खा र प्रकृतिलाई पूजा गर्नु हो । पिता पूर्खा र प्रकृतिलाई पुज्ने क्रममा मूर्ति बनाएर पूज्ने प्रचल भने पाइँदैन । धार्मिक कट्टरता नभएको यो समुदायले अन्य धर्महरुलाई सम्मान गर्ने गर्दछन् ।

७) साकेवा चाड/पूजाले किरात राई समुदायहरुलाई एकताको सूत्रमा बाँधी, सामाजिक मूल्य, मानयता, जातिय सद्भाव लैङ्गिक समानता आदिको विकास गर्दै निरन्तर रुपमा अघि बढ्न मद्दत पुऱ्याई रहेको पुष्टि हुन्छ ।

८) राईहरु ‘मुन्दुम’ लाई अलिखित प्रचलित शास्त्र मान्दछन् । यही ‘मुन्दुम’ को माध्यमबाट राई समुदायले आफ्नो विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक कार्यहरु सु-सम्पन्न गर्ने गर्दछन् ।

९) साकेवा पूजामा बलिदिने गर्दछ । पहिले कोरोली गाईलाई काटी हेन्खामालाई भोग दिने चलन थियो तर आजभोली सुँगुर तथा कुखुराको बलिदिने प्रचलन रहेको छ ।

१०) किरात राई समुदायको जन्मदेखि मृत्यु परान्त हुने धार्मिक, सामाजिक, सांस्कृतिक कार्यमा जाँड, रक्सी र अदुवाको प्रयोग अनिवार्य मानिन्छ । चाडवाड, पितृपूजा, पाहुना सत्कार, आदिमा जाँड, रक्सीले सत्कार गर्ने गरिन्छ ।

११) मानव जिवनमा प्राकृतिक स्रोत र साधनहरुको उपयोग र सरक्षण अति आवश्यक रहेको तथ्य साकेवा पूजाले पुष्टि गर्दछ । बिना प्रकृति जीवित प्राणी कसेको पनि अस्तित्व रहँदैन, वैज्ञानिकहरुले गरेका खोज, अनुसन्धान कार्य प्रकृतिमा रहेको वस्तुहरुको उपज मात्र हो । जे, क्रिया प्रतिक्रिया हुन्छ यही प्रकृति छ र नै हुन्छ, त्यसैले साकेवा पूजामा प्रकृतिको पूजा गर्ने, गरेकोले यो मानव मात्रले गर्ने पूजा आजा मध्ये एक उत्कृष्ट पूजा हो ।

१२) साकेवा नाचको प्रमुख विशेषता भनेको शिली हो । शिलीको उत्पत्ति साकेवा पूजाको थालनीसँगै भएको पाइन्छ । शिलीहरुले किरात राई समुदायको उत्पत्तिको काल खण्डबाट वर्तमान समयसम्म जीवन यापनको क्रममा सिकेका सीप, कला, ज्ञान, आदिको यथार्थताको झल्को दिने गर्दछ । साकेवा शिलीहरु अनगिन्ती छन् त्यस मध्ये मुख्य शिलीहरुमा, चासुम, शिली, तावाँमा, खियमा, शिली, नारावा शिली, शिकारी शिली आदि पर्दछन् भने विशेषताको आधारमा कृषि चित्रणको अभिनय शिली, प्राकृतिक चित्रणको अभिनय शिली, प्राणी चित्रणको अभिनय शिली, आत्मिक चित्रणको अभिनय शिली रहेका छन् ।

१३) साकेवा नाचमा स्थापना गरिने स्याउली, नाचिने शिली र गरिने पूजा आजालाई मानव र प्रकृति विचको घनिष्ट सम्बन्धका रुपमा लिइएको पाइन्छ । मानव जीवनमा प्रकृतिको जे जति महत्व हुन्छ त्यसको संरक्षण र सम्बर्द्धन गर्नु पर्ने कुराको सांकेतिक रुपमा यसमा स्थापना गरिने स्याउली नाचिने शिलीहरुले झल्को प्रदान गर्दछ ।

१४) यस जातिले पारुहाङ्ग र सुम्निमालाई आफ्नो सृष्टि पिता र माताको रुपमा मान्दछन् । साकेवा पूजाको अवसरमा आफ्नो कुलदेवता/पितृदेवताको प्रतिकको रुपमा चुल्हो पूजा गरिन्छ । जहाँ कोरलीपोथी काटेर भोग दिने संस्कार विद्यमान छँदैछ । यसका अलावा साकेवा पूजामा पातलेको स्याउली, मकैको बिरुवा, कोदोको बिरुपा, धानको गाभा, चोखो जाँड, अक्षेता, चिण्डो, सुँगुरको पाठो, भाले आदि सामाग्रीहरु अति आवश्यक हुन्छन् ।

१५) साकेवा नाचमा विगत र वर्तमानमा केही परिवर्तन आएको पाइन्छ । विशेषतः यसमा युवा पुस्ताको जीवनयापनको शैली र बृद्धहरुको जीवन यापनको शैलीमा आएको भिन्नताले गर्दा नाचमा भिन्नता आएको मान्नुपर्छ । हिजो पूर्णरुपमा कृषि पेशामा संलग्न किरात राईहरु आज पूर्वी पहाडी जिल्ला भोजपुर खोटाङ्ग धनकुटा आदिबाट झापा मोरङ्ग सुनसरी हुँदै काठमाडौं ललितपुर भक्तपुर देखि हङ्गकङ्ग बेलायत, अमेरिकासम्म बसोबास तथा रोजगारी गर्न थालेकोले यस नाचमा पनि परिवर्तन आउन थालेको प्रष्ट हुन्छ ।

१६) साकेवा चाडलाई २८ भाषी १७ थरी राईहरुले विभिन्न नाम उपनामले चिनाउने गर्दछ, विविध नामले चिनिने साकेवा पूजाको प्रमुख जड् भने 'प्रकृति र आत्म' को पूजा गर्नु हो भन्ने समान धारण रहेका छन् । यसलाई किरात राईहरुको अलेख्य 'मुन्दुम' को एक पाटोको रुपमा लिन सकिन्छ । यसले विभिन्न दर्शन धर्मशास्त्रले जस्तै किरात राईहरुलाई मूल्य मान्यताको पालना गर्दै गराउँदै सामाजिकीकरण गर्ने गर्दछ ।

१७) साकेवा पूजाले विशेषत आर्थिक महत्व राख्दछ । बैशाख पूर्णिमामा पूजिने साकेवा पूजा अन्नबाली लगाउने समयमा अन्नबालीको राम्रो उत्पादनको कामन स्वरुप हेन्खामाको पूजा अर्चना गरी राम्रो उत्पादनको कामना गर्ने गरिन्छ । हेन्खामाको पूजापछि त्यो सालको अन्नबालीको भविष्यवाणी गर्ने गर्दछन् । पूजा पछाडि देखा पर्ने लक्षणमा कुन बालीको के-कस्तो उत्पादन हुने हो निक्यौंल नाक्छोङ्गले गर्ने गर्दछ ।

१८) किरात राईहरुको मौलिक बाध्य सामाग्रीहरुमा ढोल, झ्याम्टा, सिर्लिङ्ग, चमार बिनायो, मुचुङ्गा मादल, बासुरी आदि पर्दछन् । यी बाजाहरु परम्परागत देखि नै चलन चल्तिमा आएको पाइन्छ भने आज भोलि पनि यिनीहरुको उत्तिकै महत्व यस समुदायमा रहेको पाइन्छ ।

१९) विश्वमा बढ्दै गइरहेको बैज्ञानिक आविष्कार र भूमण्डलीकरणले गर्दा आज परम्परागत संस्कृतिहरु लोप हुने अवस्थजामा पुगेका छन् तर किरात राई जातिले मनाउने साकेवा चाडले यस जातिको धर्म संस्कृतिलाई बचाइ राख्ने, सामाजिक एकता बृद्धि गर्ने, भातृत्व एकता कायम रहिरहने, धार्मिक सहिष्णुता जस्ता पक्षको संरक्षण गर्ने गरेको पाइन्छ ।

## ८.२ निष्कर्ष

फरक भाषा धर्म संस्कृति र मौलिकताभित्र जेलिएको नेपाली समाजमा किरात राई जातिको पनि आफ्नै छुट्टै अस्तित्व र पहिचान रहेको छ । कला साहित्यमा रुची राख्ने प्रकृति पूजक किरात राईहरु आफ्ना परम्परागत संस्कृतिहरुलाई बचाइ राख्नेकार्यमा कटिबद्ध रहेको पाइन्छ । किरात राई समाजमा परम्परादेखि मनाउँदै आइरहेका मौलिक संस्कार रीतिरिवाज र मूल्य मान्यताहरुलाई निरन्तरता दिने क्रममा यस समाजको विभिन्न संस्कृति संरचनागत इकाहरु पनि मजबुत भएको पाउन सकिन्छ ।यस समुदायमा विगतदेखि आजसम्म निरन्तर रुपमा विभिन्न संस्कारहरु विद्यमान रहेको पाइन्छ । जस्तो न्वारान, पास्नी, छेवार, गुन्यूचोली, विवाह लगायत मृत्यु संस्कार सम्मका कार्यहरु किरात राई संस्कार र विधिअनुसार गर्ने गरेको पाइन्छ ।

यस समुदायमा यो विभिन्न संस्कारहरुका अतिरिक्त अन्य थुप्रै चाडपर्वहरु पनि यी जातिको पहिचानको आधार स्तम्भको रुपमा रहेका छन् ।

यी विभिन्न चाडपर्वहरु मध्ये यो समुदायले मनाउँदै आइरहेको साकेवा एक प्रमुख चाड हो । यस चाडले किरात राई सामुदायको आफ्नो छुट्टै मौलिक पहिचान दिइरहेको छ । साकेवा चाड र किरात राई समुदाय बीचमा ऐतिहासिक कालखण्डदेखि घनिष्ट सम्बन्ध स्थापित हुँदै आइरहेको छ । यसमा नाचिने शिलीहरुले ऐतिहासिक कालखण्डको स्मरण गराउँदछ, त्यसैले यस चाडको माध्यमबाट किरात राई समुदाय यस देशका प्राचीन आदिवासी मध्येका प्रमुख एक हुन भन्ने पुष्टि हुन्छ । त्यस्तै किरात शब्दको उत्पत्तिको सन्दर्भमा विज्ञहरु बीचमा नै मत भिन्नता रहेता पनि विभिन्न, लेख, रचना, पुरातात्विक अभिलेख, शिलालेख, ताम्रपत्र आदि सामाग्रीहरुको आधारमा यो जाति नेपालको आदिवासी मध्येको एक प्रमुख बासी नै हुन भन्ने पुष्टि हुन्छ ।

प्रकृतिपूजक किरात राईहरुमा धार्मिक कट्टरता पाइँदैन । यस समुदायको धर्म भन्नु नै प्रकृति र पिता पूर्खालाई पूज्नु हो । वर्षमा विभिन्न चाडपर्व, धर्म, संस्कारका माध्यमबाट यो समुदायले आफ्नो पिता पूर्खाहरुलाई पूज्ने गरेको पाइन्छ । त्यस्तै वर्षमा दुईपटक बैशाखे पूर्णिमा र मंसीरे पूर्णिमामा पूजिने साकेवा पूजामा चुल्हो पूजाको माध्यमबाट आफ्ना पितृदेवहरुको पूजा आराधना गर्ने गर्दछन् । यी समुदायले आफ्नो पिता पूर्खाहरुलाई खुसी पार्नु आफ्नो धार्मिक कर्तव्य ठान्दछन् भने प्रकृतिलाई पूजा गर्नु आफ्ना पितृदेवहरुले गरेको कार्यलाई निरन्तरता दिनु हो भन्ने यस शोधपत्र अध्ययनबाट पुष्टि हुन्छ । त्यस्तै साकेवा पूजामा गरिने प्रमुख पूजा नै हेन्खामा धर्तीको पूजा हो । यस समुदायले गर्ने हेन्खामा पूजाले प्रकृति नै मानव जीवनको जीउने आधार हो, आज मानव समुदायले जे क्रिया प्रतिक्रिया गर्दछन्, यसै धर्तीमाथी गर्दछन्, यदि धर्ती रहन त यहाँ केही चीज वस्तुहरु रहन्न त्यसैले धर्तीमाता हाम्रो जीवनदाता हुन् जसको हामीले संरक्षण र सदुपयोग सही तरिकाले गर्नु पर्छ भन्ने देखिन्छ । किरात राई समुदायले यस साकेवा पूजाको माध्यमबाट प्रकृतिका विविध पक्षहरुको पूजा आजा गर्ने गर्दछन् । जसमा मानव जीवन तथा प्राणी जगत्का लागि अति आवश्यक पानी या धारा पूजा पनि एक हुन् । धारा पूजाको माध्यमबाट मानव र प्राणी जगतको लागि

पानीको अति आवश्यक छ र यसको संरक्षण र सदुपयोग उचित मात्रामा गर्नुपर्ने देखिन्छ ।

किरात राई समुदायको 'मुन्दुम' नै अलिखित धर्म ग्रन्थ हो । नाक्छोङ्ग (धामी) को 'मुन्दुमी' सहायताले विभिन्न धार्मिक, साँस्कृतिक तथा सामाजिक परम्परागत कार्यहरु सु-सम्पन्न गर्ने गरिन्छ । यस समुदायलाई परम्परादेखि यहाँ सम्म दोऱ्याएर ल्याउने, यस समुदायमा नीति नियमका आधारभूत पक्षहरु सिकाइने, समाजका रहन सहन, मूल्यमान्यता, सद्भाव सामाजिकीकरण गर्ने आदि पक्षहरु यदि 'मुन्दुम'को सहायताले सिकाउँदै, जानकारी गराउँदै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आइरहेको यस शोध अध्ययनले पुष्टि गर्दछ ।

साकेवा पूजा एकातिर प्राकृतिक नियमका सिद्धान्तसँग सम्बन्धित देखिन्छ भने अर्कोतिर यसमा नाचिने साकेवा शिलीहरु र परम्परागत धार्मिक, साँस्कृतिक, सामाजिक कार्यहरुले यस जातिलाई उसको ऐतिहासिक कालखण्डसँग जोड्ने पुलको रुपमा काम गरेको पाइन्छ । यस चाडमा विभिन्न शिलीहरुमा विशेष व्यक्ति शिलीमाहाङ्गमा वा शिलीमाहाङ्गपाको निर्देशनमा गोलो बृताकार घेरामा बृद्ध बृद्धा, बालबालिका, युवा युवतीसँगै साकेवा नाच नाचिने गर्दछन्, जसले यस समुदायमा सामुहिक एकताको संकेत गरिरहेको पुष्टि हुन्छ । यस नाचमा नाचिने क्रम क्रमश: १० दिनसम्म रहने भएकोले यस बेला थुप्रै इष्टमित्र, नाता गोताहरुसँग भेटघाट हुने, एक आपसमा भावनात्मक सम्बन्धको विकास हुने तथा यही मौकामा देशविदेशबाट घर फर्कने र यस चाडको अन्त्यसँगै यससलाई शुभसाइत मान्दै देश विदेशको यात्रा सुरु गर्ने गर्दछन् जसले एकपछि अर्को शुभकार्यहरु प्रारम्भ गर्न यसले मद्दत गर्दछ । यहि नाचको समयमा कतिपय युवा युवती वीचमा प्रेमसम्बन्ध भई वैवाहिक जीवनमा बाँधिन पुग्दछन् जसले एक परिवार र अर्को परिवार वीचमा नयाँ सामाजिक सम्बन्ध स्थापना गर्दै यस समुदायलाई अविछिन्न रुपमा रहिरहन मद्दत पुग्दछ ।

वर्षमा २ पटक उभौली र उधौली गरी पूजिने यस पूजामा ऋतु परिवर्तनसँगै नयाँ आर्थिक क्रियाकलापमा संलग्न हुनुपर्ने सोचको रुपमा लिन सकिन्छ । उभौली

साकेवा पूजामा नयाँ अन्न बालीको राम्रो उत्पादनको कामना स्वरुप हेन्खामा (धर्तीमाता) लाई पूजाआजा, आराधना, राम्रो अन्नबाली उत्पादनको प्रार्थना गर्ने गरिन्छ । यसका अलावा गाउँ घरमा रोगब्याधी नलागोस्, समयमा वर्षात होस्, घर, परिवार गाउँघर, देश पदेश सबैमा सुब्यफाब्य होस् भन्ने प्रार्थना गर्ने गर्दछन् । यसबाट समग्रमा राई समुदायको आर्थिक उन्नति प्रगति होस् भन्ने पुष्टि हुन्छ । त्यस्तै उधौली साकेवा पूजा पाकेको अन्नबालीहरु थन्काउने समय अर्थात् मसिरे पूर्णिमामा गरिन्छ । यस बेलाको पूजामा अन्नबालीको सहकाल रहोस्, समयसम्म अन्नबालीले खान पुगोस् भन्दै प्रथममा पिता पूर्खाहरुलाई अन्नबाली चढाई उपभोग गर्ने गरिन्छ जसले आर्थिक पक्षको झल्को दिने गर्दछ ।

साकेवाको उत्पत्ति र पूजाको थालनी कहिलेबाट सुरु भयो अझ पनि खोज अध्ययन अनुसन्धानको विषय नै बनेको छ । साकेवाको उत्पत्ति आख्यानको आधारमा भने थुप्रै पाउन सकिन्छ । त्यस्तै साकेवा शिलीहरुको उत्पत्तिको लिखित दस्तावेज पाउन कठिन छ तर आख्यानको आधारमा भने शिलीहरुको उत्पत्तिका थुप्रै लेख रचनाहरु प्राप्त गर्न सकिन्छ । शिली यति नै प्रकारका छन् भनी यकिन गर्न कठिन छ तर विशेषताको आधारमा भने प्रकृति चित्रणका अभिनय शिली, कृषि चित्रणको अभिनय शिली, प्राणी चित्रणको अभिनय, शिली र आत्मिक चित्रणको अभिनय शिली गरी वर्गीकरण गरेको यस शोध अध्ययनबाट पुष्टि हुन्छ । यी विभिन्न शिलीहरुमा गरिने अभिनयहरुले किरात राई समुदाय यस देशका प्राचीन आदि बासी हुन भन्ने पुष्टि हुन्छ । साथै यी जातिको परम्परागत कार्यहरुको झल्को शिलीहरुले दिने हुँदा यस शिलीहरुको अध्ययन अनुसन्धानको क्रमले यी जाति पिता पूर्खा र प्रकृति पूजक नै हुन भन्न सकिन्छ ।

साकेवा पूजामा विशेष व्यक्ति वा साकेवा नाक्छोङ्गको घरमा स्याउली स्थापना गर्ने गरिन्छ यसले मुख्यततयाः मानव जीवनमा वनजंगलको महत्व दर्शाउने गर्दछ । मानव समुदाय पूर्ण रुपमा प्रकृतिमा निर्भर छ र प्रकृतिमा प्रद्धत्त विभिन्न बोट बिरुवाहरु मानव समुदायको लागि अति महत्वपूर्ण हुन्छ । त्यसैले यसको संरक्षण र समुपयोग सही रुपमा हुनुपर्छ भने यस शोध अध्ययन कार्यले पुष्टि गर्दछ । साकेवा

पूजा विधि र बली चलनमा हेर्दा साकेवा पूजा विधिमा विगतका क्रमहरु निरन्तर रहेको पाइन्छ । पूजा सामाग्रीहरु पनि विगतमा जे थिए तिनै सामग्रीहरुलाई निरन्तरता दिएको पाउन सकिन्छ । सदियौ देखि उहि 'मुन्दुम' को माध्यमबाट किरात राईहरुले साकेवा पूजा लगायत अन्य धार्मिक सामाजिक संस्कारहरु गर्दै आएको स्पष्ट हुन्छ । तर विगतमा र वर्तमानमा साकेवा पूजामा बली दिने चलनमा भने फरक रहेको पाइएको छ । विगवतमा साकेवा पूजा गर्दा कोराली गाई काटी भोग दिने किरात राई समुदायले हाल भने सुँगुर, भाले काटी भोग दिने गर्दछन् ।

साकेवा नाचमा परिवर्तन आएको वा नआएको सम्बन्धमा केही मात्रामा परिवर्तन आएको यस शोधकार्य अध्ययनको क्रममा पाइएको छ । यसरी साकेवा नाचमा सामान्य परिवर्तन आउनुमा राई समुदायको शैक्षिक र आर्थिक स्तरमा बृद्धि, विश्य भूमण्डलीकरण र राई जनसंख्यामा बृद्धि साथै वैज्ञानिक आविष्कारले संचार माध्यमको विकास आदि कारणहरु प्रमुख तत्वको रुपमा रहेको पुष्टि हुन्छ । यसका अलावा बसाई, सराई, शहरीकरण, नयाँ युवापिढिको नयाँ सोच विचार पनि परिवर्तनका कारक तत्व हुन् ।

## ८.३ सुझावहरु

नेपाल एक बहुजाति बहुभाषिक बहुसंस्कृति तथा धर्म निरपेक्ष राज्य हो । यस देशमा आदिम कालबाट बसोबास गर्दै आइरहेका विविध जातजातिहरुको आफ्नै किसिमको धर्म संस्कृति परम्परा, कला, साहित्य आदि रहेका छन् । यी सबै नेपाल र नेपालीको सम्पत्ति हुन् । आज यस देशमा बसोबास गर्ने कुनै पनि समुदायको धर्म, संस्कार, संस्कृति कला साहित्य, लोप हुनु भनेको नेपाल र नेपालीहरुको अस्तित्व गुम्नु हो । त्यसैले प्रत्येक जातजाति भाषा भाषीहरुको धर्म, संस्कार, संस्कृति, कला साहित्यको राज्यस्तरबाट संरक्षण गर्नु नितान्त आवश्यक छ । धर्म, संस्कार संस्कृति ठूलो, सानो, उच्च, निच हुँदैन सबैलाई आफ्नो धर्म संस्कार संस्कृति राम्रो लाग्न सक्छ तर अरुको धर्म संस्कारलाई पनि सम्मान गर्ने, सद्भाव राख्ने, फल्ने फुल्ने मौका प्रदान गर्नु आजको आवश्यकता हो ।

समय परिवर्तनशील छ हिजो जस्तो आज छैन, आज जस्तो भोली हुँदैन । त्यसैले समय सापेक्ष यस देशका प्रत्येक जातजाति भाषा भाषीहरुले आ-आफ्नो परम्परागत धर्म संस्कर संस्कृति कला, साहित्यहरुलाई डोऱ्याउँदै लैजान सक्नु आजका युवा पुस्ताहरुमा चुनौतिको विषय बन्दै आइरहेका छन ।

यस देशका आदिमबासी किरात राई समुदायको पनि आफ्नै किसिमको मौलिक पहिचान दिने विभिन्न धार्मिक, सांस्कृतिक परम्परागत चाड पर्व रहेका छन् । ती विभिन्न चाडपर्वहरु मध्येका एक प्रमुख चाड 'साकेवा' हो । यस शोधपत्र तयार पार्ने क्रममा साकेवा चाड/पूजाको विविध पक्षमा शुक्ष्म अध्ययन गरी यथार्थताको नजिक पुग्ने प्रयास गरिएको छ ।

किरात राईहरुको प्रमुख धर्म प्रकृति र पिता पूर्खाहरुको आत्मलाई पुज्नु हो तर आज यी समुदायले प्रत्यक्ष देखिन सकिने रुपमा ठूला ठूला मूर्तिहरु नबनाउने भएकाले यस समुदायमा धार्मिक आस्थामा विचलन आएको पाउन थालेकोले यसप्रति आम किरात राई समुदाय सचेत हुन जरुरी छ । किरात राई समुदायको 'मुन्दुम' प्रमुख धर्मग्रन्थ हो । यहि मुन्दुमको माध्यमबाट यस समुदायले आफ्नो विविध धार्मिक साँस्कृतिक कार्यहरु सम्पादन गर्ने भएकोले यसलाई संरक्षण गर्नु नितान्त आवश्यक छ । आज यस जातिका धर्मग्रन्थको रुपमा रहेको अलेख्य 'मुन्दुम' किरात राईको नाक्छोङ्ग, बृद्धाजानकार, विशिष्ट व्यक्तित्वहरुको देहासनसँगै माटोमुनि परिने क्रम जारी रहेकोले यसलाई लिपिवद्ध गरी आम किरात राईहरुको हातहातमा पुऱ्याउन नितान्त आवश्यक छ ।

हिजो आफ्नै मातृभाषामा बोल्ने किरात राईहरुका शाखा सन्ततीहरु आज मातृभाषा बुझ्न छाडेका छन्, आज मातृभाषा बोल्न बुझ्न छाडेको राईहरुका सन्तानहरु भोलिको अवस्थामा के होला ? त्यसैले किरात राई प्रभावित जिल्लाहरुमा मातृभाषामा पठन पाठनको राम्रो प्रबन्ध मिलाउनु जरुरी छ । त्यस्तै किरात राईहरुको साकेवा चाड, विवाह, छेवार आदि जस्ता कार्यमा अनिवार्य रुपमा आफ्नो पुर्ख्यौली पोषक तथा आफ्नो मातृभाषामा बोल्ने र बोल्न सिकाउने गर्नुपर्दछ । मुख्यतया शहरी

क्षेत्रमा आई बसोबास गरेका राई समुदायले आफ्नो बाल बच्चाहरुलाई बेला बेलामा आफ्नो जन्मथलोमा लगी राईहरुको विभिन्न परम्परागत रुपमा गरिने धार्मिक साँस्कृतिक कार्यहरुमा प्रत्यक्ष सहभागी गराई आफ्नो धर्म संस्कारप्रति अभिप्रेरित गर्नुपर्दछ ।

आज प्रत्येक जातजाति भाषा भाषीहरुको आ-आफ्नै भाषिक संघ संगठनहरु रहेको पाइन्छ । त्यस्तै किरात राईहरुको पनि भाषा संस्कृति कला साहित्यको संरक्षणको लागि केन्द्र स्तरमा यायोक्खा केन्द्रिय कार्यालय कोटेश्वर देखि राई बसोबास गरेका प्रत्येक जिल्लामा यसको शाखा उपशाखाहरु रहेका छन् र यी संगठनमा आबद्ध व्यक्तिहरुले यस समुदायको भाषा संस्कृति कला, साहित्यमा मद्दत पुऱ्याइरहेका छन् तर अझ पनि यस संघ संगठनको माध्यमबाट देश विदेशका विभिन्न भागसम्म राईहरुको धर्म संस्कार संस्कृतिहरुलाई प्रचार प्रसार गर्ने काम गर्न जरुरी छ । राईहरुको लोक आख्यानहरुलाई इन्टरनेटको माध्यमबाट विश्वभर प्रचार प्रसार गर्नु जरुरी छ । किरात राईहरुको विभिन्न चाड पर्वहरुलाई समयसापेक्ष रुपमा अर्थोपार्जनसँग नजिक गर्दै लग्नु पनि त्यतिकै आवश्यक देखिन्छ । कुनै पनि जातिको उत्थान र विकास उनीहरुले अँगालेको धर्ममा निर्भर पर्दछ । कार्ल माक्सले धर्मलाई अफिम् भनेका छन्, भने मार्क्स वइवरले धर्मलाई परिवर्तनका संवाहक भनेका छन् र धर्म समयसापेक्ष हुन नितान्त आवश्यक हुन्छ ।

किरात राई समुदायले जन्मदेखि मृत्युसम्म जाँड रक्सीको माध्यमबाट आफ्नो धार्मिक संस्कृति कार्यहरु सम्पन्न गर्ने गर्दछन् । आफ्नो घरमा आएको नाता/पाहुनालाई यही जाँड रक्सीले स्वागत गर्ने गर्दछन् । यी समुदायको अमृतको रुपमा रहेको यी वस्तुको सही सदुपयोग हुन नितान्त आवश्यक छ । २७ भाषी किरात राईहरु विभिन्न १७ थरमा विभाजित छन् भने त्यसमाथि पनि अनगिन्ति पाछाहरुमा विभाजित छन् । त्यसैले यस समूहमा भाषिक एकता पाइँदैन विविध पक्षमा जटिलता थपिँदै गएकोले राईहरु बीचमा भाषिक एकता नितान्त आवश्यक देखिन्छ ।

यी विविध पक्षमा सुधार ल्याउन प्रत्येक राई समुदायमा आबद्ध व्यक्तिहरुले आ-आफ्नो तर्फबाट विशेष योगदान पुऱ्याउन नितान्त आवश्यक छ । त्यस्तै शिक्षा क्षेत्रमा यस समुदायको न्यून पहुँच रहेकोले यस समुदायका भावी बालबालिकाहरुलाई उचित शिक्षाको व्यवस्था मिलाई आफ्नो भाषा धर्म संस्कृतिको प्रचार प्रसार गर्न उत्साहित गर्नु पर्ने आवश्यकता देखिन्छ ।

प्रकृति पूजक किरात राईहरुको युगौ युगदेखि अविछिन्न रुपमा रहेको धर्म संस्कृति, परम्परा कला साहित्य किरात राई, समुदायको मात्र, नभएर आज आम नेपाल र नेपालीको मौलिक पहिचानको आधार स्तम्भ भएकाले यसको थप गहन रुपमा अध्ययन अनुसन्धान गरी संरक्षण र सम्बर्द्धन गर्नु नितान्त आवश्यक रहेको छ ।

# सन्दर्भग्रन्थ सूची

**(क) पुस्तक**


चेम्जोङ, इमानसिंह (२०५९), *किरात इतिहास,* कञ्चन प्रिन्टिङ प्रेस, बागबजार, काठमाडौं ।

चेम्जोङ, इमानसिंह (२०२१), *किराती दन्त्य कथा,* कन्चन प्रिन्टिङ प्रेस, काठमाडौं ।

चेम्जोङ, इमानसिंह (२०६३), *किरात इतिहास र संस्कृति,* प्रम्प्ट प्रिन्ट प्रा.लि., अनामनगर, काठमाडौं ।

थुलुङ्ग, नारदमणि (२०४२), *किरातको नाली बेली,* बिराटनगरः श्रीमती अंगुर कन्दङ्वा ।

वर्तमान (२०५५), *किरात लोककथा,* अनुप अफसेट प्रेस जावलाखेल, ललितपुर ।

बराल, भवानी (२०६४), *लिम्बुवानको राजनीति, इतिहास, वर्तमान र दस्तावेज,* भिजन अफसेट प्रेस, काठमाडौं ।

बुढामगर, हर्ष बहादुर (२०४९), *किरात वंश र मगरहरु : एक ऐतिहासिक अध्ययन,* काठमाडौं श्रीमती : उन्नति बोहरा ।

मुकारुङ, शुभ (२०६५), *किरात राई जाति र मुन्दुमी सामग्री,* ऊँ शिवशक्ति प्रेस, नयाँबजार, काठमाडौं ।

मुकारुङ्ग, राजन (२०६२), *किरात संस्कार,* साथी प्रकाशन, बागबजार, काठमाडौं ।

राई, टंकबहादुर (२०६०), *किरातहरुको धर्म र संस्कृति,* काठमाडौं ।

राई, टंक बहादुर (२०६२), *किरातहरुको आत्मनिर्णयको अधिकार,* काठमाडौं ।

राई, संजय (२०६१), *एवई राई,* हसि प्रेस सेतो दरबार, काठमाडौं ।

राई, राजेश (२०६२), *किराती लोक कथा संग्रह,* काठमाडौं ।

राई, हिमाल (वि.सं. २०४९), *किरात बारे तीन कुरा,* काठमाडौं : याङकोङमा प्रकाशन ।

राई सन्तकुमार (इशासा) (२०५५), *दोवाङदुम समकालीन, किरात राई यायोक्खा केन्दीय का.स. कोटेश्वर*।

वालाखाम्छा, निर्दोष (२०४९), *भोजपुरः साकेला एक परिचय* , प्रतिबोध प्रिन्टिङ्ग प्रेस, काठमाडौं ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* साझा प्रकाशन, काठमाडौं ।

हतुवाली, चन्द्रकुमार (२०६५), *किरात राई जातिभित्रका केही विशेष संस्कृतिहरु,* शब्दघर अफसेट, काठमाडौं ।

हतुवाली, चन्द्रकुमार (२०५६), *साकेन्वालाकको उत्पत्ति,* पारु अफसेट प्रेस दिल्ली बजार, काठमाडौं ।

हतुवाली, चन्द्रकुमार (२०६४), *साकेन्वा,* शब्द घर अफसेट प्रेस, बागबजार, काठमाडौंः ।

स्वामी, प्रपन्नाचार्य (२०६४), *वेदमा के छ ?,* साझा प्रकाशन, पुल्चोक, ललितपुर ।

**(ख) पत्रिका**

काङमाङ, अजम्बर, *किरात राई र साख्खेवा,* काठमाडौंः नेपाल फोकस मासिक २०६२, फाल्गुन चैत्र ।

कान्तिपुर, *किरात चाडको गलत व्याख्या नहोस्,* पौष ८, २०६७, काठमाडौं ।

किरात, कृपा, *किराती चाड साख्खेवा : परिचयात्मक अध्ययन,* काठमाडौं :किरात राई यायोक्खा जि.का.स. धरान ।

राई, राजेश, *साकेला सिलीको रमाइलोमा मनाइयो उधौली,* गोरखापत्र, २०६७, पौष ७ ।

बूढाथोकी, कृष्णबहादुर (वि.सं. २०६२), *किरात र किरात चाड साकेला सम्बन्धी एक दृष्टि,* वर्ष २, अङ्क २-४, कार्तिक ।

मुकारुङ्ग, राजन, *साकेवा स्याउली,* अर्थ, महत्व, निप्सुङ, यायोक्खा, केन्द्रीय कार्यालय, २०६१, जेष्ठ ।

राई, खगेन्द्र (२०६६, मंसीर १७), *उधौलीका रौनक,* गोरखापत्र दैनिक, काठमाडौं ।

राई, सिद्धराज (२०६६ मंसीर १८), *साकेवा सिलीमा छमछम,* नागरिक दैनिक काठमाडौं ।

# अनुसूची १

# त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

## बान्तवाहरुको साकेवा चाड एक समाजशास्त्रीय अध्ययन

## समूह 'क'

### व्यक्तिगत विवरण

नाम .................................... उमेर ......................................

लिङ्ग .................................... जन्मस्थल ...................................

हाल बसोबास स्थान ............................ फोन नं.........................................

शिक्षा ....................................... पेशा .......................................

धर्म .................................. भाषा ...................वैवाहिक अवस्था....

### वस्तुगत प्रश्नावली

- सहि उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

१. तपाइको परिवारमा कतिजना सदस्य हुनुहुन्छ ?

क) तीन जना ख) चार जना ग) पाँच जना घ) पाँच जना भन्दा माथि

२. तपाइको पेशा वा आय आर्जनको स्रोत के छ ?

क) कृषि ख) व्यापार व्यवसाय

ग) वैदेशिक रोजगार घ) सरकारी नोकरी

ङ) अन्य

३. तपाईको परिवारमा आय आर्जन गर्ने व्यक्ति कति जना हुनु हुन्छ ?

क) एक जना ख) दुई जना ग) तीन जना घ) तीन जना भन्दा माथि

४. 'साकेवा चाड' मनाउनुको अर्थ के हो ?

क) धारा पूजा गर्नु ख) देवी पूजा गर्नु

ग) भूमि पूजा गर्नु घ) पितृ तथा प्रकृतिलाई पूजा गर्नु

५. साकेवा चाडमा बढी संलग्नता कस्को रहन्छ ?

क) वालवालिकाहरुको ख) युवा-युवतिहरुको ग) वृद्ध-वृद्धहरुको

घ) माथिको सवै ।

६. 'साकेवा चाड' आर्थिक दृष्टिकोणले कस्तो छ ?

क) कम खर्चिलो ख) बढी खर्चिलो ग) समयनुसार ठिकै छ

७. साकेवा नाचमा स्याउली के को प्रयोग गरिन्छ ?

क) सिनकोउली ख) सिमली ग) पातले (कटुस) घ) टाङकाई

८. स्याउली गाढ्नुको उद्देश्य के हो ?

क) वातावरण र मानव बिचको सम्बन्ध देखाउनु

ख) किराँत राईहरको परम्परा झल्काउनु

ग) वन जंगलको महत्व झल्काउनु

घ) माथिको सबै

९. साकेवा चाडले किराँत राई समूदायहरुमा कस्तो सम्बन्ध स्थापना गर्दछ ?

क) नराम्रो ख) राम्रो ग) अति राम्रो घ) केहि फरक पार्दैन

१०. साकेवा चाडमा नाचिने नाचमा अगुवा गर्ने व्यक्तिलाई के भनिन्छ ?

क) नाक्छोङ ख) विजुवा ग) धर्मगुरु घ) शिलीमाहाङ्पा

११. 'साकेवा चाड' मा प्रयोग गरिने मुख्य वाजाहरु के-के हुन् ?

क) विनायो, वासुरी र मादल ख) डम्फू, विनायो र गितार

ग) सनाई, वासुरी र हर्मोनियम घ) ढोल, झ्याम्टा र चमार

१२. साकेवा शिलीको अर्थ के हो ?

क) किराँत राईहरुको आफ्नै किसिमको नाच

ख) चराचुरुङ्गीहरुको नक्कल गर्नु

ग) प्रकृति वातावरण र राई जातिहरुको जिविको पार्जनको झलक

घ) किरात राईहरुको परम्पराको नक्कल गर्नु ।

१३. किरात राईहरुको मुख्य धर्म के हो ?

(क) लामा पढ्नु (ख) मन्दिरमा गएर पूजा गर्नु

(ग) गरिबहरुको सवा गर्नु (घ) पिता पुर्खा र प्रकृतिलाई पुज्नु

१४. वर्तमान समयमा साकेवा पुज्दा के के सामाग्रीहरु आवश्यक पर्दछ ?

(क) ढोल (ख) झ्याम्टा (ग) स्याउली (घ) चमार (ङ) माथिका सबै

१५. साकेवा नाचमा विगत र वर्तमान अवस्थामा परिवर्तन देख्नुभएको छ ?

(क) परम्परागत नै छ । (ख) सामान्य परिवर्तन आएको छ ।

(ग) अत्यधिक मात्रामा परिवर्तन आएको छ ।(घ) थाहा छैन ।

१६. साकेवा नाचमा परिवर्तन आउनुको मुख्य कारण के हो ?

(क) राई समुदायहरुको शैक्षिक र आर्थिक स्तरमा बृद्धि

(ख) विश्व भूमण्डलीकरण र राई जनसंख्यामा बृद्धि हुनु

(ग) वैज्ञानिक अविष्कारकारको विकास हुनु

(घ) माथिका सबै ।

## खुल्ला प्रश्नावली

### समूह 'ख'

१. साकेवा चाड भनेको के हो ?

.........................................................................................

२. साकेवा चाडको उत्पत्ति कहिले र कसरी भएको हो ?

.........................................................................................

३. साकेवा पूजा किन गरिन्छ ?

.........................................................................................

४. तपाईको घर परिवारमा साकेवा चाडको बारेमा के धारणा रहेको छ ?

.........................................................................................

५. तपाईले साकेवा चाडलाई कसरी मनाउनु हुन्छ ?

.........................................................................................

६. साकेवा चाडले राई समुदायहरुमा कस्तो किसिमको सम्बन्ध स्थापना गरेको छ ?

.........................................................................................

७. राई समुदायहरुको जिविकोपार्जन सँग 'साकेवा चाड'को के-कस्तो सम्बन्ध रहेको छ ?

.........................................................................................

८. साकेवा चाडको आर्थिक महत्व के छ ?

.........................................................................................

९. उभौली सेवाको आर्थिक महत्व के छ ?

.........................................................................................

१०. उधौली सेवा, प्रकृति र राई समुदायबीचको सम्बन्ध के छ ?

.....................................................................................................

११. साकेवा चाडको धार्मिक महत्व के छ ?

.....................................................................................................

१२. पितृ तथा प्रकृतिलाई पुज्नुको उद्देश्य के हो ?

.....................................................................................................

१३. किरात राईहरुको मुख्य धर्म के हो ?

.....................................................................................................

१४. किरात राईहरुमा साकेवा पुज्ने विधि एकै किसिमको छ ? छैन भने किन छैन ?

.....................................................................................................

१५. सिली भनेको के हो ?

.....................................................................................................

१६. सिलीको उत्पत्ति कहिले र कसरी भएको हो ? आधारहरु के-के छन् ?

.....................................................................................................

१७. सिली कति किसिमको हुन्छ ?

.....................................................................................................

१८. विगतमा साकेवा पूजा कसरी पुजिन्थ्यो ?

.....................................................................................................

१९. विगत र वर्तमान अवस्थामा साकेवा पुज्ने पद्धतिमा के-के फरक पाउनुभएको छ ?

.....................................................................................................

२०. हाल साकेवा पुज्दा के कस्ता सामग्रीहरु आवश्यक पर्दछन् ?

............................................................................................................

२१. हाल साकेवा पूजा कसरी गरिन्छ ?

............................................................................................................

२२. साकेवा चाडमा विगत र वर्तमानमा परिवर्तन देख्नुभएको छ ?

............................................................................................................

२३. साकेवा चाडमा परिवर्तन आउँनुको मुख्य कारण के हो ?

............................................................................................................

२४. किरात राई समुदाय, वर-पिपल र साकेवा बिचमा के सम्बन्ध छ ?

............................................................................................................

२५. साकेवा चाडको संरक्षण कसरी गर्न सकिन्छ ?

............................................................................................................

समाप्त

# अनुसूची २
# शब्दावलीहरु

| | | |
|---|---|---|
| नाक्छोङ्ग | – | धामी/पूजारी |
| दोलो | – | श्रीपेच |
| केन | – | ढोल |
| मानाकेन | – | झ्याम्टा |
| हिवुङ | – | घुङरिङ |
| सायाताली | – | धनुकाँड |
| मुखिताली | – | गुलेली |
| वान्छोन | – | तरवार |
| वासाङ | – | पंक्षीको प्वाँख |
| फोरुखुङ | – | काठको आरी |
| वाबुक | – | चिन्डो |
| सोलोइवा | – | चोखो जाँड भरेको चिन्डो |
| तुप्ला | – | केराको पात |
| आरावा | – | अछेता |
| वेछुप | – | अदुवा |
| पित्मास | – | गाई गोरुको मासु |
| खिरिसा | – | मृगको मासु |
| चालिम | – | अन्नबालीको बोटबिरुवा |
| चोङ्गे | – | बाँसको ढुङ्ग्रो |
| वांहिवाक | – | स्याउली, पातलेको हागा, पात |
| लोलोवावुङ | – | पानी अमला फूल |
| आम्लावुङ | – | सुनखरी फूल |
| पावा | – | भाले कुखुरा |
| वामा लोङछा | – | कोरलीपोथी |

| | | |
|---|---|---|
| छेम्वी | – | काँसे थाल |
| वान्ठँङ | – | बन्चरो |
| वुचुकुलुक | – | माटोको हन्डा |
| मी | – | आगो |
| चावा | – | पानी |
| वाक् | – | सुँगुर |
| टुकआ | – | कालिज |
| झेक्वाआ | – | झालेचरा |
| माक्वाआ | – | कलचुडा |
| वारङ्गकेवा | – | लाहाचेचरा |
| धिवार, किवा | – | बाघ |
| नारावा | – | भालु |
| दोङदावा | – | उधौली |
| दोङवाङा | – | उभौली |
| निम्नामा | – | आकाश, सूर्य भगवान् |
| हेन्खामा | – | धर्ती |
| पारुहाङ्ग | – | चेब्जु |
| कुरुहाङ्ग | – | दिवा बाजे |
| पुछाप्मो | – | सर्प |
| हुत्लुङ्ग/सुप्तुलुङ्ग | – | अगेना/अगेनाको चुल्हो |
| छेकालुङ्ग | – | चुल्होको वार ढुंगा |
| चासुमलुङ्ग/दिवालुङ्ग | – | मुलुचुल्हो |
| दुक्छालुङ्ग/बुवालुङ्ग | – | दाजुभाइ चुल्हो |
| दिमालुङ्ग/छेत्कुलुङ | – | पाहुना वा छोरी चेली चुल्हो |
| खोपीलुङ/खोप्तालुङ | – | अगेनाको सबभन्दा तल राखिएको ढुङ्गा |

## अनुसूची ३
### अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामावली

| क्र.सं. | नाम | पेशा/शिक्षा | ठेगाना |
|---|---|---|---|
| १ | डिक बान्तवा | समाजसेवा, साक्षर | घोरालुङ्ग, नागी ४ |
| २ | अजम्बर काङ्गमाङ (राई) | राजनीति, एम.ए. समाजशास्त्र | चारघरे, नागी २ |
| ३ | कृष्ण ब. राई | शिक्षण, एस.एल.सी. | चोक्ला, नागी ४ |
| ४ | दिपेन्द्र राई | समाजसेवा, एस.एल.सी. | चारघरे, नागी २ |
| ५ | रिखी ब. राई | पूर्व ब्रिटिस सुविदार | नागी, १ |
| ६ | हेमन्त राई | शिक्षण, एम.ए. | हुगे, नागी ७ |
| ७ | चन्द्रदेवी राई | शिक्षण, एम.ए. | हुगे, नागी ७ |
| ८ | प्रकाश राई | कृषक, एस.एल.सी. | खोङट्टाङ्ग, नागी ६ |
| ९ | नवराज राई | शिक्षण, एम.ए. | नागी १ |
| १० | प्रेम राई | कृषक, आइ.ए. | खोङट्टाङ्ग, नागी ६ |
| ११ | रामचन्द्र राई | शिक्षण, आइ.ए. | काभ्रे, नागी ८ |
| १२ | प्रश्नजङ्ग राई | समाजसेवा, बि.ए. | नागी, १ |
| १३ | रेखा मुकारुङ्ग (राई) | कृषक, एस.एल.सी. | पाङतेखा, नागी ३ |
| १४ | विवेश्वर राई | कृषक, साक्षर | कात्तिके, नागी ४ |
| १५ | मिलन बान्तवा | कृषक, एस.एल.सी. | नागी १ |
| १६ | बालकुमार राई | कृषक साक्षर | कात्तिके, नागी ४ |
| १७ | श्रीभगत राई | कृषक, साक्षर | चोक्ला, नागी ४ |
| १८ | आशादेवी राई | शिक्षण, एस.एल.सी. | हुँगे, नागी ७ |
| १९ | देउकुमार राई | कृषक, साक्षर | खोङट्टाङ्ग, नागी ६ |
| २० | ज. इन्द्र ब. राई | भू.पू. इन्डियन आर्मी | खोङट्टाङ्ग, नागी ५ |
| २१ | अग्नि कुमार राई | कृषक, साक्षर | खोङट्टाङ्ग, नागी ५ |
| २२ | पदम ब. राई | कृषक, साक्षर | हुगे, नागी, ७ |
| २३ | सरस्वती राई | शिक्षण, एस.एल.सी. | चोक्ला, नागी ४ |

| | | | |
|---|---|---|---|
| २४ | देबिका राई | शिक्षण, एस.एल.सी. | कात्तिके, नागी ४ |
| २५ | धन कुमारी राई (नाक्छोङ्ग) | कृषक, साक्षर | हुँगे, नागी ७ |
| २६ | दुर्गादेवी राई | शिक्षण, एस.एल.सी. | चोक्ला, नागी ४ |
| २७ | सुभाष चन्द्र राई | शिक्षण, आइ.ए. | खोङट्टाङ्ग, नागी ६ |
| २८ | नारान प. राई | कृषक, साक्षर | नागी २ |
| २९ | सूर्यधन राई | भू.पू. ब्रिटिस आर्मी | खोङट्टाङ्ग, नागी ५ |
| ३० | युद्धराज राई | कृषक, एस.एल.सी. | काभ्रे, नागी ८ |
| ३१ | कमलजङ्ग राई | शिक्षण, एम.ए. | नागी १ |
| ३२ | बुद्ध राई | कृषक, साक्षर | नागी २ |

# अनुसूची ४
## फोटोहरु



सहायक नाक्छोङ्गहरु साकेवा पूजाको सुचकको रुपमा रहेको धारापूजाको सुरुवात गर्दै



सहायक नाक्छोङ्गहरु धारा पूजा गर्दै



सहायक नाक्छोङ्गहरु धारापूजाको अन्तिम मूल पूजा गर्दै ।



हेन्खामा थान पुज्नु भन्दा अगाडि



साकेवा नाक्छोङ्ग हेन्खामा पूजा गर्न हेन्खामा थानतिर अगाडि बढ्दै



साकेवा नाक्छुङ्ग सहयोगीहरुका साथ हेन्खामा थानतिर जाने क्रममा बाटोमा कचुर हानी जोखाना हेर्दै



साकेवा नाक्छोङ्ङ सहयोगीहरुका साथ हेन्खामा थानको तीन फन्को मार्दै



साकेवा नाक्छोङ्ङ हेन्खामा थानभित्र प्रवेश गरी हेन्खामा पूजा सुरुवात गर्दै



साकेवा नाक्छोङ्गले गाउँघरको पेवा पूजा गर्दै



हेन्खामा थानमा भालेकाटी बली चढाउँदै



साकेवा नाक्छोङ्ग सहयोगीहरुका साथ हेन्खामा थान पूजा सकि हेन्खामा थानको तीन फन्को मार्दै



बान्तवा राईहरु साकेवा नाच नाच्दै



बान्तवा राईहरु नाक्छोङ्गका साथ साकेवा थान परिक्रमा गर्दै



साकेवा नाक्छोङ्गका साथ शोधकर्ता साकेवा थानको अवलोकन गर्दै